# महिला शिक्षा कार्यक्रमको प्रभावकारिता

शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षको

आंशिक आवश्यकता परिपूर्तिको लागि प्रस्तुत

शोधपत्र


हरिचन्द्र यादव

क्याम्पस रोल नं.:- ७६

परीक्षा सि.नं. १३०२९४

त्रि.वि.दर्ता.नं. ९-२-२२८-००३४-९६

त्रिभुवन विश्वविद्यालय

शिक्षा शास्त्र सङ्काय

सूर्यनारायण सत्यनारयण मौरवैता यादव

बहुमुखी क्याम्पस, सिराहा

शैक्षिक योजना तथा व्यवस्थापन विभाग


२०७१

**त्रिभुवन विश्वविद्यलय**

**शिक्षाशास्त्र सङ्काय**

**सुर्यनारायण सत्यनारायण मौरवैता यादव**

**वहुमुखी क्याम्पस, सिरहा**

**शैक्षिक योजना तथा व्यवस्थापन विभाग**

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, सुर्यनारायण सत्यनारयण मौरवैता क्याम्पस शैक्षिक योजना तथा व्यवस्थापन विभाग सिरहा स्नातकोत्तर तह (एम.एड.)द्वितीय वर्षको शैक्षिक योजना तथा व्यवस्थापन विषयको आवश्यकता पुरा गर्ने प्रयोजनको लागि हरिचन्द्र यादवले **महिला शिक्षा कार्यक्रममको प्रभावकारिता** शीर्षकको शोधपत्र परिश्रमपूर्वक तयार पार्नु भएको हो । यस शोध प्रतिवेदनको प्रस्तुतीकरण र निष्कर्षबाट म सन्तुष्ट छु । यस शोधपत्रलाई अन्तिम मुल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः २०७१/०६/०२

.......................

धर्मराज सिंह

शोधनिर्देशक

आ.प्राध्यापक

**त्रिभुवन विश्वविद्यलय**

**शिक्षाशास्त्र सङ्काय**

**सुर्यनारायण सत्यनारायण मौरवैता यादव**

**वहुमुखी क्याम्पस, सिरहा**

**शैक्षिक योजना तथा व्यवस्थापन विभाग**

## स्वीकृति-पत्र

**महिला शिक्षा कार्यक्रमको प्रभावकारिता** विषयको शीर्षक राखी त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, सुर्यनारायण सत्यनारायण मौरवैता यादव क्याम्पस, शैक्षिक योजना तथा व्यवस्थापनविभाग सिरहा अन्तर्गत स्नातकोत्तर तह (एम.एड) द्वितीय वर्षका छात्र हरिचन्द्र यादवले तयार पार्नुभएको शोधपत्रलाई अन्तिम मुल्याङ्कन गरी स्वीकृति प्रदान गरिएको छ ।

**शोध मूल्याङ्कन समिति**

१. प्राध्यापक चन्देश्वर यादव

विभागीय प्रमूख

२. आ.प्राध्यापक धर्मराज सिंह

सोध निर्देशक

३. प्राध्यापक डा.प्रदिप चन्द्र गौतम

वाह्य परीक्षक

मिति: २०७१/०८ /०२

# कृतज्ञता

त्रिभुवन विश्वविद्यालय, सुर्यनारायण सत्यनारायण मौरवैता यादव क्याम्पस सिरहाको शिक्षाशास्त्र संकाय अन्तरगत शैक्षिक योजना तथा व्यवस्थापन विषय स्नातकोत्तर तह( एम.एड.)द्वितीय वर्षको आवश्यकता पूरा गर्नको लागि तयार पारिएको प्रस्तुत शोधपत्र **महिला शिक्षा कार्यक्रमको प्रभावकारिता** शीर्षकमा शोधकार्य सम्पन्न गरी तयार पारिएको हो । शोध पत्र स्वीकृत गरी यो विषयमा शोधकार्य गर्ने अवसर प्रदान गरेकोमा शैक्षिक योजना तथा व्यवस्थापन विभाग प्रति आभार व्यक्त गर्दछु ।

प्रस्तुत अनुसन्धानको प्रस्तावना लेखनदेखि शोधपत्रको अन्तिम लेखाई सम्म सहयोग, सल्लाह एवं कुशल निर्देशन प्रदान गर्नुहुने आदरणीय गुरु तथा शोध पत्र लेख्न विभागिय प्रमूख चन्देश्वर यादव प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । त्यस्तै शोधपत्र तयारकै क्रममा शोधपत्रलाई थप खँदिलो र गर्विलो बनाउन मद्दत पुर्‍याउनु हुनेशैक्षिक योजना तथा व्यवस्थापन विभागका आदरणीय गुरु धर्मराज सिहं प्रति आभार व्यक्त गर्दछु साथै शोधपत्र तयार कै क्रममा बाह्य सुपरिवेक्षकको रुपमा रही आवश्यक सरसल्लाह, सुझाव, हौसला र यथोचित मार्ग निर्देशन दिनुहुने प्रा. डा.प्रदिप चन्द्र गौतम प्रति पनिकृतज्ञता ज्ञापन गर्दछ ु । त्यस्तै सन्दर्भ सामाग्रीका विद्धान्हरु प्रति पनि धन्यवाद ज्ञापन गर्दछु ।

शोध कार्य लेखनका क्रममा आवश्यक सही सूचना तथा तथ्याङ्क उपलब्ध गराई सहयोग गर्नुहुने छनौटमा परेका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु,प्रधानाध्यापकहरु, स्रोत व्यक्तिहरु, अनौपचारिक प्रौढ विद्यालय शिक्षकहरु,अनौपचारिक प्रौढ विद्यालयका महिलाहरु, अभिभावक, समाजसेवीहरु एवं अन्य विद्यालयका कर्मचारीप्रति धन्यवाद दिन चाहन्छु । जिल्ला शिक्षा कार्यालय दोलखा प्रति पनि आदरभाव व्यक्त गर्दछु ।

मितिः २०७१/०८/०२

शोधपत्र प्रस्तोता

हरिचन्द्र यादव

# शोधसार

प्रस्तुत शोधकार्य अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम अन्तर्गत **महिला शिक्षा कार्यक्रमको प्रभावकारिता** शीर्षकमा गरिएको हो । यस अध्ययनकोउद्देश्य भन्नु नै अनौपचारिक प्रौढ विद्यालय अन्तर्गत महिला शिक्षा कार्यक्रमको प्रभावकारिता पत्ता लगाउदै त्यसमा देखिएका समस्याहरु पहिचान गरी समाधानार्थ सुझाव सुझाउनु रहेको छ ।

दोलखा जिल्लाका हनुमन्तेश्वर उच्च माध्यमिक विद्यालय काभ्रे, वैतेश्वर उच्च माध्यमिक विद्यालय नाम्दू र कालिञ्चोक उच्च माध्यमिक विद्यालय चरिकोट मा सीमित गरिएको यस शोध गुणात्मक एवं संख्यात्मत दुवै ढाँचालाई मिलाई मिश्रित ढाँचामा तयार गरिएको छ । तथ्याङ्क सङ्कलनको लागि विद्यालयमा शोधकर्ता आफैं गई स्थलगत अध्ययन, अन्तरवार्ता, प्रश्नावली, छलफल, दस्तावेज, अवलोकन अध्ययन जस्ता विधि प्रयोग गरिएको छ । यस अध्ययनको मुख्य उत्तरदाताको रुपमा अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमका विद्यालयहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, स्रोत व्यक्तिहरु, प्रधानाध्यापकहरु, शिक्षकहरु, समाजसेवीहरु,अभिभावकहरु एवं सहभागी महिला विद्यार्थीहरुलाई नमुनाको रुपमा छनौट गरिएको छ ।

यस अध्ययनका मुख्य प्राप्तीहरुमा सिक्ने कुराहरुलाई उमेरले छेक्दैन भन्ने कुरा २०-५० वर्ष समुहका महिलाहरु अनौपचारिक प्रौढ विद्यालय शिक्षा पढ्न जागरुक रहेको देखिएको छ तापनिसबै अनौपचारिक प्रौढ विद्यालयहरुले पहिलो तहमाबढी चासो देखाई दोस्रो र तेस्रो तहमा क्रमशः कम चासो दिई अनौपचारिक प्रौढ विद्यालय महिलाहरु क्रमशः घट्दै गएका, जसमा एउटै शिक्षकको ब्यबस्था हुनु, घरायसी कामले गर्दा नियमित रुपले आउन नसक्नु, अनौपचारिक प्रौढ विद्यालयहरुको बसाई व्यवस्थापनमा असजिलो हुनु, सबै तहका अनौपचारिक प्रौढ विद्यालयहरुलाई एउटै तहमा राखी पढाउनु, परीक्षा प्रणालीमा एकरुपता नहुनु जस्ता कारणले अनौपचारिक प्रौढ विद्यालयहरुले निर्धारित लक्ष्य अनुरुप सफलता प्राप्त गर्न नसकेको पाइयो ।

अनौपचारिक प्रौढ विद्यालय महिलाहरुले विद्यालयमा गएर आफुले सिक्नका लागि अथक प्रयास गरेको, अनौपचारिक प्रौढ विद्यालयको लागि चाहिने पाठ्यक्रमहरुको ब्यबस्था नभएको, पाठ्यपुस्तकका आधारमा मात्र अध्यापन गराएको,अनौपचारिक प्रौढ विद्यालय शिक्षकलाई तलबको ब्यबस्था कम भएको, समयमानै प्रर्याप्त मात्रामा पाठ्यपुस्तकहरुको व्यवस्थापन गर्न नसकिएको, सरकारी निकायले भनेको जस्तो निगरानी नगरेको, ५ वटै विषयलाई एउटै शिक्षकले पढाएको, सबै

*विषय अध्यापनका लागि समयको अभाव रहेको, अनौपचारिक प्रौढ विद्यालय महिलाहरुमा तहगत अध्ययनका लागि स्मरण शक्ति ह्रास हुदै गएको, महिलाहरुले पढाइलाई भन्दा घरायसी कामलाई बढी प्राथामिकता दिएको,अनौपचारिक प्रौढ विद्यालय महिलाहरुले निरन्तर रुपमा कक्षामा उपस्थित नभएको, सबै अनौपचारिक प्रौढ विद्यालय महिलाहरु कक्षा उत्तीर्ण हुन नसकेको, अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम निरन्तर रुपमा सञ्चालन हुननसकेको जस्ता कारणले गर्दा अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम प्रभाकारी हुन नसकेको र अनौपचारिक प्रौढ विद्यालय महिलाहरुको संख्या घटेको देखिन्छ भने अनौपचारिक प्रोढ शिक्षा कार्यक्रम संचालन भए पछि हरेक सहभागि महिलाहरुले लेख पढ गर्न सकेको, चिठी पत्र, लेख्न र पढ्न सकेको, आफ्नो घरमा आइपर्ने साधारण हरहिसावहरु राख्न सकेको त्यसै गरी आफ्नो वरीपरि रहेको वातावरण सफा राख्न सकेको, आफ्नो परिवारमा स्वः निर्णय लिन सकेको र हरेक महिलाहरुमा प्रजनन् स्वास्थ्यको ज्ञान भएको जस्ता परिर्वतनहरु आएका छन् ।*

*अनौपचारिक प्रौढ विद्यालयमा महिला शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि हरेक अनौपचारिक प्रौढ विद्यालयहरुले आफ्नो घरायसी कामलाई भन्दा पढ्ने कामलाई बढी जोड दिनु पर्ने देखिन्छ । अनौपचारिक प्रौढ विद्यालय महिलाहरुले नियमित आउनको लागि जागरुक हनु पर्ने देखिन्छ । अनौपचारिक प्रौढ विद्यालय महिलाहरुले बीचैमा कक्षा छाड्ने प्रवृति त्यागनु पर्ने, हरेक अनौपचारिक प्रौढ विद्यालय महिलाहरुलाई शिक्षा प्रति जागरुक गराउनु पर्ने देखिन्छ । अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम निरन्तर रुपमा सञ्चालन गर्नु पर्ने, प्रत्येक विषयको विषय शिक्षकको व्यवस्थापन गरिनु पर्ने, विद्यालय सरहको पठन-पाठन गरी समयको व्यवस्थापन गरी समयानुकुल बनाउदैं लानु पर्ने देखिन्छ ।*

*अनौपचारिक प्रौढ विद्यालयहरुको सिकाइ प्रतिको चासोलाई सकारात्मक बनाइ अझ प्रभावकारी बनाउदैं महिला साक्षरता कार्यक्रम भन्दा अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम आवश्यकता भएको कुरा अनौपचारिक प्रौढ विद्यालय महिलाहरुको चासोले देखाउछ । जुन कार्यक्रमका लागि जिल्ला शिक्षा कार्यालय, स्रोत केन्द्र, विद्यालय ब्यस्थापन समिति, विद्यालयका प्रधानाध्यापक, अनौपचारिक प्रौढ विद्यालय शिक्षक एवं अनौपचारिक प्रौढ विद्यालय महिलाहरुले आ-आफ्नो क्षेत्रबाट प्रभावकारी कार्य सञ्चालन गरी यस कार्यक्रमलाई निरन्तरता दिनु पर्ने यस अध्ययनले औंल्याएको छ ।*

# विषय सूची


| विषय | पेज नं. |
|---|---|
| आवरण पृष्ठ | |
| सिफारिस पत्र | ii |
| स्वीकृति पत्र | iii |
| कृतज्ञता | iv |
| शोधसार | v |
| विषयसूची | vii |
| सङ्क्षिप्त शब्दावलीको सूची | x |
| **परिच्छेद एक : परिचय** | **१-१६** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ७ |
| १.३. अध्ययनको औचित्य | १२ |
| १.४. अध्ययनको उद्देश्य | १४ |
| १.५. अनुसन्धानात्मक प्रश्नहरु | १४ |
| १.६. अध्ययनको परिसीमा | १५ |
| **परिच्छेद : दुई सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** | **१६-२६** |
| २.१. सम्बन्धित साहित्यको पुनरावलोकन | १७ |
| २.२. सैद्धान्तिक खाका | २१ |
| २.३. शैक्षिक उपादेयता | २५ |

**परिच्छेद तीन : अध्ययन विधि** **२७-३४**

३.१ अनुसन्धानात्मक खाका २७

३.२ अध्ययन क्षेत्रको छनौट २८

३.३ नमुना छनौटका आधारहरु २९

३.३.१ विद्यालयको छनौट २९

३.३.२ स्रोत व्यक्तिहरुको छनौट २९

३.३.३ प्रधानाध्यापक र शिक्षकहरुको छनौट ३१

३.३.४ विद्यालय व्यवस्थापन समितिका अध्यक्षको छनौट ३०

३.३.५ महिला शिक्षा कार्यक्रममा विद्यार्थीहरुको छनौट ३०

३.३.६ महिला शिक्षा कार्यक्रममा अभिभावक तथा समाज सेवीहरुको छनौट ३०

३.४ तथ्याङ्कको स्रोत ३१

३.४.१ प्राथमिक स्रोत ३१

३.४.२ द्वितीय स्रोत ३१

३.५.तथ्याङ्क सङ्कलनका विधि र साधन ३१

३.५.१ अर्न्तवार्ता ३२

३.५.२ प्रश्नावली ३२

३.५.३ अन्तरक्रिया र छलफल ३२

३.६ तथ्याङ्को वैधता र विश्वसनीयता ३३

३.७ तथ्याङ्को सङ्कलन तथा विश्लेषण प्रक्रिया ३३

**परिच्छेद : चार तथ्याङ्को व्याख्या तथा विश्लेषण** **३४-५५**

४.१ अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमको स्थिति र महिला सहभागिता ३४

४.१.१ अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा सहभागी महिलाहरुको बर्तमान अवस्था ३४

४.१.२ स्रोत केन्द्रमा अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम संचालित विवरण ३६
४.१.३ अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा सहभागीमहिलाहरुको पेशागत विवरण ३७
४.१.४ अनौपचारिक प्रौढ विद्यालयमा सहभागी महिलहरुको पारिवारीक विवरण ३८
४.१.५ अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा सहभागी महिला विद्यार्थीको विवरण ३८
४.१.६ अनौपचारिक प्रौढ विद्यालय कक्षा सञ्चालन हुँदाविद्यालयमा आउन नसक्ने कारणहरु ३९
४.१.७ अनौपचारिक प्रौढ विद्यालय शिक्षा संचालनमा ल्याएका विद्यालयहरुको भौतिक व्यवस्थापनको विवरण ४०
४.१.८ अनौपचारिक प्रौढ विद्यालयशिक्षा कार्यक्रम संचालनमा ल्याएका विद्यालयहरुको समय तालिकाको विवरण ४२
४.१.९ अनौपचारिक प्रौढ विद्यालय सञ्चालनमाल्याएका विद्यालयहरुको मसलन्द सामग्रीहरुको विवरण ४३
४.१.१० अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम संचालनमा ल्याएका विद्यालयहरुको पढाई हुने कक्षाको वातावरण ४४
४.१.११ अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम आर्थिक व्यवस्थापनको विवरण ४५
४.१.१२ अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमको मूल्यांकन प्रक्रिया ४६
४.१.१३ अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम संचालनमा ल्याएका विद्यालयहरुको अध्ययन हुने विषयहरुको विवरण ४७

४.२ अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा समाज सेवीहरुको दृष्टिकोण ४७
४.२.१ पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी दृष्टिकोण ४७
४.२.२ शिक्षक तथा प्रधानाध्यपक सम्बन्धी दृष्टिकोण ४८
४.२.३ विद्यार्थीहरु सम्बन्धी दृष्टिकोण
४.२.४ समाज सेवीहरुका आधारमा अनौपचारिक शिक्षा कार्यक्रमलाई सुधार गर्नु पर्ने राय ४९

४.३ अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता ५०

४.३.१ अनौपचारिक प्रौढ विद्यालय शिक्षा संचालनमा सिकाइ उपलब्धीको तुलनात्मक विवरण ५०

४.३.२ अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमबाट सहभागि महिलाहरुमा आएका परिर्वतनहरु ५०

४.४ अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा देखिएका समस्याहरु ५२

४.५अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारी बनाउने उपायहरु ५४

**परिच्छेद : पाँच प्राप्ति, निष्कर्ष तथा सुझाव ५६-६२**

५.१ प्राप्ति ५५

५.२ निष्कर्ष ५८

५.३ सुझाव ५९

५.३.१ कार्यान्वयन तह ५९

५.३.२ नीतिगत तह ६०

५.३.३ अभ्यास तह ६१

५.३.४ अनुसन्धान तह ६२

**सन्दर्भसामग्री**

**अनुसूचीहरु**

**व्यक्तिगत विवरण**

# सङ्क्षिप्त शब्दावलीको सूची

| | |
|---|---|
| उ.मा.वि. | : उच्च माध्यमिक विद्यालय |
| कि.मी. | : किलोमिटर |
| गा.वि.स. | : गाउँ विकास समिति |
| जि.वि.स. | : जिल्ला विकास समिति |
| जि.शि.अ | :जिल्ला शिक्षा अधिकारी |
| जि.शि.का. | : जिल्ला शिक्षा कार्यालय |
| नि.मा.वि. | : निम्न माध्यमिक विद्यालय |
| प्र.अ. | : प्रधानाध्यापक |
| प्रा.वि. | : प्राथमिक विद्यालय |
| भि.न.पा. | : भिमेश्वर नगरपालिका |
| मा.वि. | : माध्यमिक विद्यालय |
| मि. | : मिटर |
| रा.शि.आ. | : राष्ट्रिय शिक्षा आयोग |
| वि.व्य.स. | : विद्यालय व्यवस्थापन समिति |
| वि.सं. | : विक्रम सम्बत् |
| वि.नी. | : विद्यालय निरिक्षक |
| क्षे.शि.नि. | : क्षेत्रीय शिक्षा निर्देशनालय |
| S.L.C. | :School Living Certificate |

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा राष्ट्र निमार्णको आधार हो । कुनै पनि देश विकसित हुनको लागि त्यहाँका जनता शिक्षित हुनु आवश्यक हुन्छ । शिक्षा नै समाजको ऐना हो शिक्षाले मात्रै नागरिकलाई सभ्य र सु-संस्कृत बनाउँछ । ज्ञान आर्जन, विस्तार र व्यापकताको क्षेत्रमा पछि पर्ने व्यक्ति, समाज वा राष्ट्रको अस्तित्वमानै प्रश्न चिन्ह लगाउँन सक्दछन् । शिक्षाले व्यक्तिलाई एउटा हिराजस्तै बनाउछ । जस्तो की हिरालाई विभिन्न दृष्टिकोणबाट हेर्दा भिन्ना-भिन्नै रंग देखिन्छ । त्यस्तै शिक्षाले पनि व्यक्तिको बहु-आयामिक व्यक्तित्व विकास गर्नमा मद्दत गर्दछ । शिक्षाको महत्व बारे ऋग्वेदमा यसरी उल्लेख गरिएको छ - "शिक्षा एउटा यस्तो वस्तु हो जसले मानिसलाई आत्म जागरुक र निस्वार्थी बनाउछ", महात्मा गान्धीले शिक्षाको परिभाषा दिदै भन्नु भएको छ "सच्चा शिक्षा त्यही हो जसले बच्चाहरुमा आध्यात्मिक वौद्धिक र भौतिक सुविधाहरुको विकास गर्नमा मद्दत गर्दछ ।" अतः शिक्षालाई राष्ट्र विकासको मेरुदण्ड तथा मानव विकासको मूलभूत तत्वको रुपमा लिइन्छ । साथै समाजमा रहेको भिन्नतामा कमी ल्याई वर्गविहीन समाजको स्थापना गर्नमा शिक्षाको दरिलो माध्यम्को रुपमा महत्वपूर्ण भूमिका खेलेको छ । औपचारिक शिक्षाको एकल प्रवेश प्रणालीको पुरक वा विकल्पको रुपमा खासगरी विकासशील देशहरुले अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरेको पाइन्छ । पहिले शिक्षालाई दानको रुपमा लिइन्थ्यो, संस्कृत भाषामा उखान छ - "शिक्षा दानं सर्व दानं प्रधानं" जसको अर्थ हुन्छ की शिक्षा दान अरु दान भन्दा प्रमूख दान हो । आजको युगमा शिक्षा दानको विषय नभई मानव अधिकारको विषयको रुपमा बनेको छ ।

मानव विकासको सुरुबाट नै शिक्षाको विकास भएको हो । बालकको पहिलो शिक्षा उसको परिवारबाट शुरु हन्छ । आमा नै बालकको पहिलो गुरु हो । शिक्षाको शुरुवात सँग-सँगै अनौपचारिक शिक्षाको थालनी भएको मानिन्छ किनकी औपचारिक शिक्षा प्रणाली भन्दा बाहिरका कुनै पनि शैक्षिक गतिविधि अनौपचारिक शिक्षा भित्र पर्दछन् । आदीम कालमा शिक्षा दिदा हिन्दूहरुको आश्रम, बौद्धहरुको गुम्बा, मुस्लिमहरुको मदरसा र किराँतहरुको चुमलङ्गमा दिने अनौपचारिक शिक्षामा विभिन्न विधिहरुको प्रयोग भएको देखिन्छ । जस्तै शुरुमा छिटो नेपाली पढ्न र लेख्न सक्ने बनाउन प्रौढहरुको लागि अनौपचारिक साक्षरता कार्यक्रम सञ्चालन  गरियो, पौडेल (२०६३) । औपचारिक शिक्षा भन्नाले विद्यालयलाई बुझाउछ भने अनौपचारिक शिक्षा भन्नाले जनसङ्ख्याको कुनै खास उपवर्ग प्रौढको साथ-साथै बाल-बालिकाहरुलाई छनौट गरिएको र शिक्षा दिन अनौपचारिक पद्दति भन्दा वाहिरको परिधिमा संगठनालय ढंगले क्रमबद्ध रुपमा व्यबस्था गरिएको शैक्षिक क्रियाकलाप

हो, हाडा (२०६०) । औपचारिक शिक्षाका कमी कमजोरीहरु हटाइ शिक्षालाई सबैको पहुँच, आवश्यकता र सान्दर्भिक एवं जीवनयोपगी बनाउन शिक्षाविद्हरुले शिक्षाको वैकल्पिक धारको रुपमा खोजी गरेर अनौपचारिक शिक्षा मानियो ।

नेपालमा अनौपचारिक शिक्षाको थालनी प्राचीनकालमा भएता पनि व्यबस्थित रुपमा बि.सं. २००८/०९ साल देखिनै प्रौढ शिक्षाका नीतिहरु बनाउन प्रारम्भ गरियो । संयुक्त राष्ट्र कार्यमण्डलबाट यो कार्यको सुरुवात (नेपालमा शिक्षा, पृ. १६६) भएको देखिन्छ । तर, यसको कार्यान्वयन भने २०१३ साल पौष (सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको रिपोर्ट, २०१८) देखि "प्रौढ साक्षरता" नामक कार्यक्रमबाट भयो । यस अर्थमा नेपालमा अनौपचारिक शिक्षाको विधिवत् २०१३ साल देखि मात्रै भएको हो । कार्यक्रम संचालनको जिम्मेवारी प्रौढ शिक्षा विभागले लिएको थियो । साक्षरता शिक्षाको विस्तारसँगै कार्य क्षेत्र फराकिलो हुदैं जाँदा शिक्षा मन्त्रालयमा "प्रौढ शिक्षा शाखा" को स्थापना गरियो । सो शाखाले वर्गीय संगठन तथा स्थानीय पञ्चायत मार्फत संयुक्त जवाफदेहीमा दुई प्रकारका (साक्षरता फैलाउने र कार्यमुलक) प्रौढ शिक्षा संचालन गरिएको थियो । तदनुसार सरकारी निकायका रुपमा अनौपचारिक शिक्षालाई विशेष जिम्मेवारीको रुपमा संचालन गर्न शिक्षा मन्त्रालय अर्न्तगत अनौपचारिक शिक्षा परिषदको व्यवस्था गरियो । त्यतिबेला नीजि क्षेत्रका ५० वटा गैर सरकारी क्रियाशील थिए,(रा.शि.आ. २०४९) । अनौपचारिक शिक्षा कार्यक्रममा आएका विविधता तथा क्षेत्र विस्तारले गर्दा अलग केन्द्रीय निकायले हालसम्म अनौपचारिक शिक्षाको नीति, योजना निर्माण र अनुगमन सम्मका कार्यहरु केन्द्रीय स्तरमा अनौपचारिक शिक्षा केन्द्र र जिल्लामा जिल्ला शिक्षा कार्यालयले गर्दै आएको छ । जिल्ला तथा क्षेत्रमा यसको आफ्नै अलग संरचना छैन । जिल्ला शिक्षा कार्यालयमा अनौपचारिक फाँटको भने व्यवस्था गरिएको छ । यसका साथै केन्द्र तथा जिल्ला स्तरमा विभिन्न गैर सरकारी संस्थाहरु र सरोकारहरुसँग समन्वय तथा सहकार्य गर्न विभिन्न जिल्लामा जिल्ला अनौपचारिक शिक्षा समितिहरुको व्यवस्था गरिएको छ । सूचना तथा प्रविधिका क्षेत्रमा आएको तीब्र वृद्धि, सञ्चार जगतले अहम भूमिका गैरसरकारी क्षेत्रले पुऱ्याएको योगदान, औधोगिकीकरणको प्रभाव, बजार क्षेत्रको विस्तार अनि चेतना स्तरमा आएको सुधारले नेपालमा अनौपचारिक शिक्षालाई साक्षरताको एकल घेरा नघाएर सरकारी तथा गैरसरकारी क्षेत्र बीचको साझेदारीता बढाउन मद्दत गरेको छ । यस अवधिमा संस्थागत विविधता पनि थपिएका छन् । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद तथा गरिबी निवारण कोष जस्ता निकायहरु स्थापना भएका छन् । परिणामतः अनौपचारिक शिक्षा कार्यक्रमहरु गाउँ-गाउँमा सञ्चालन गर्न अनौपचारिक प्रौढ विद्यालय कार्यक्रमहरुलाई उपयुक्त थलोको रुपमा विकास गरिदै आएको छ ।

एक्काइसौं शताब्दीमा आई पुग्दा पनि हाम्रो गाउँमा वहु-सङ्ख्यक दिदी-बहिनीहरुमा मानवौचित जीवन यापन गर्न पाएका छैनन् । साक्षरता पाठ्यक्रम २०६१ निरक्षरताका कारणले एवं विभिन्न कारणले गर्दा विकास तथा मनवीय मूल्य र मान्यता सम्बन्धी सूचनाहरु ग्रहण गर्नमा वञ्चित भई अत्याधिक ज्यादै पछौटेपनको जीवन विताउन वाध्य छन् । जब सम्म पिछडिएका महिलाहरुको क्षमता अभिवृद्धि गर्न सकिदैन, तव सम्म देशको सर्वाङ्गीण विकास सम्भव हुन सक्दैन । यस कारण अनौपचारिक रुपमा जीवनपयोगी ज्ञान, सीप र सूचना प्रदान गर्ने लक्ष्य लिएको छ ।

औपचारिक शिक्षा प्रणालीमा सबैभन्दा समान अवसरहरु प्राप्त गर्न नसकेको कारणले सन् १९९० को दशकलाई सबैका लागि शिक्षा को दशक भनेर चिनिन्छ । सन् १९९० मा थाइलेण्डको जोम्टेनमा बसेको अन्तराष्ट्रिय शैक्षिक सम्मेलनले विकासोन्मुख र अविकसित मुलुकहरुलाई लक्षित गरी सन् २००० सम्ममा विद्यालय जाने उमेर पुगेका सबैलाई विद्यालय पठाउने भनी सबैका लागि शिक्षा भन्ने नारा तय भयो । सन् २००० डाकार सम्मेलनले सबैका लागि शिक्षालाई गुणात्मक विकास गर्न भनी "गुणस्तरीय शिक्षा" को नारा तय गरी सन् २०१५ सम्ममा सबैका लागि गुणात्मक शिक्षाको प्रतिबद्धता जाहेर गरेको छ (शर्मा एण्ड शर्मा २०६६) । तसर्थ यस्ता कार्यक्रमहरुलाई पूरा गराउनका लागि नेपालमा सबैका लागि शिक्षा आधारभूत तथा प्राथमिक दोस्रो, अनौपचारिक प्रौढ शिक्षा कार्यक्रम २०५६-२०६० ले वैकल्पिक कार्यक्रम सञ्चालन गरेको छ । तापनि वैकल्पिक कार्यक्रम सञ्चालन लागु भएता पनि त्यो कार्यक्रमले पनि सोचेको लक्ष्य पूरा हुन सकेको छैन । फलतः विद्यालयबाट बाहिर रहेका हरेक व्यक्तिहरुलाई समेट्नका लागि वैकल्पिक विद्यालय कार्यक्रमको रुपमा पनि लागु गरिदैछ । यस्तो शिक्षा प्राप्त गर्न लक्षित गरिएका समूहहरुका बालबालिकाहरुका समस्याहरु पत्ता लगाई उनीहरुको सुविधालाई मध्यनजर राखी केन्द्र निर्माण गरिन्छ । यस्ता कार्यक्रकहरुलाई सफल बनाउका लागि नेपालमा कार्यान्वयनमा ल्याईएको अनौपचारिक प्राथामिक शिक्षा कार्यक्रम सञ्चालनमा रहेका छन् ।

नेपालमा निकै लामो समय सम्म अनौपचारिक शिक्षा कार्यक्रमकका रुपमा प्रौढ शिक्षाले स्थान लिएको छ । नवसाक्षरहरुका लागि निरन्तर शिक्षाको अभावमा उनीहरुको साक्षरता सीपको उपयोग हुन नसक्दा थोरै समयमा नै जानेको साक्षरता सीप बिर्सेर पुनः निरक्षरकै पङ्क्तिमा पुग्ने गरेको पनि प्रतिवेदनहरुले देखाएका छन् । (अनौपचारिक शिक्षा वार्षिक प्रतिवेदन, २०६७) । यस बाहेक प्रारम्भिक अवस्थामा प्रौढ शिक्षा निःशुल्क थिएन । सामग्रीहरु पनि केन्द्रबाटै तयार गर्ने र नक्साहरु शिक्षक(सहयोगी कार्यकर्ता) ले तथा पाठ्यपुस्तकहरु सहभागीले किन्नु पर्ने व्यवस्था गरिएको थियो । यसो गर्नाले सहयोगी कार्यकर्ताहरु तथा सहभागीहरुमा स्वामित्व वोध हुने विश्वास

गरिएको थियो । सन् २०१५ सम्मका लागि शिक्षा योजना तयार पार्दा सोही सोचले निरन्तरता पायो । यस योजना अनुसार प्रतिवर्ष ६०० वटा साक्षरता कक्षाहरु संचालन गरी सन् १९६० सम्ममा १ लाखका दरले नयाँ साक्षर बनाउने, सन् १९६० देखि १९७५ सम्म प्रतिवर्ष १ लाखका दरले साक्षर बनाई सन् २०१५ सम्ममा प्रौढ शिक्षालाई देशव्यापी बनाउने कुराको तय भयो । तदनुसार आफुखुसीको साक्षरता कक्षा सञ्चालन गर्ने भनी रु ५ लाख खर्च गर्ने लक्ष्य राखिएको थियो । लक्ष्य पूरा गर्ने क्रममा दूर शिक्षा (रेडियोबाट) पनि प्रौढ शिक्षा सञ्चालन गरियो । "पढ्न जान्नुको सँगसँगै लेख्न र साधारण हिसाव गर्न सक्ने" नेपालमा शिक्षा २०११ व्यक्तिलाई साक्षर मान्ने व्यवस्था गरियो । शिशु शिक्षाको जस्तो गरी साक्षरता कक्षा सञ्चालन गरिएको थियो । अर्थात् स्वयं पढाउ र पढको सुत्रमा संग्रहित प्रौढ शिक्षाको आधारभूत सिद्धान्त उपयोग गरिएको थियो । प्रौढ शिक्षालय मार्फत कक्षा सञ्चालन हुने गरेको भएता पनि अनुभवी शिक्षक (सहयोगी कार्यकर्ता), सुविधा र पाठ्य सामग्रीको अभाव त छँदै थियो । सोही अभाव हटाउन योजना विकास (कृषि) मन्त्रालयले पनि प्रौढ शिक्षामा राम्रो सहयोग गरेको थियो । साक्षरता शिक्षाका शिक्षकहरु (सहयोगी कार्यकर्ता) तयार पार्न विदेशमा तालिम दिइन्थ्यो । २०१८ साल देखि समाज शिक्षा मार्फत निरन्तर शिक्षाको थालनी भयो । निरन्तर शिक्षाको लागि ग्राम पुस्तकालय, रेडियो र सिनेमालाई माध्यम बनाइयो । प्रौढ कक्षा सञ्चालन गर्ने उपल्लो निकायका रुपमा "प्रौढ शिक्षा विभाग" थियो भने प्रौढ कक्षा सञ्चालन गर्न ग्राम विकास केन्द्रका प्रवन्धक वा शिक्षालय निरीक्षकको लिखित स्वीकृति अनिर्वाय गरिएको थियो । २०१८ साल सम्म अनौपचारिक शिक्षा मार्फत १८०८ प्रौढ पाठशाला, १२२ ग्राम पुस्तकालय र करिब १०० गाउँमा रेडियो मार्फत अनौपचारिक शिक्षा सञ्चालन गरिएको थियो । यसबाट ४६,९५० जना प्रौढहरु साक्षर भएका थिए । यसरी हेर्दा यहीं अवधि देखि संस्थागत रुपमा साक्षरता शिक्षाको संगठीत सुरुवात भएको देखिन्छ । यति हुँदाहुँदै पनि साक्षरता शिक्षा नै एक मात्र कार्य भएको अवस्थमा अनौपचारिक शिक्षाको कार्यक्षेत्र साँघुरो नै थियो । त्यसैले गर्दा विद्यालय शिक्षाले जस्तो यसले महत्व पाउन सकेन ।

दोलखा जिल्लामा अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम २०६६ साल देखिनै शुरुवात भएको पाइन्छ । जस अर्न्तगत अनौपचारिक प्रौढ विद्यालय कार्यक्रम दोलखा जिल्लामा २६ वटा विद्यालयहरुमा संचालनमा रहेका छन् । जस मध्ये तीन उच्च माध्यमिक विद्यालयलाई नमूनाको रुपमा लिइएको छ ।

नेपालको राजधानी काठमाण्डौंबाट पूर्वोत्तर १३३ कि.मी. दिशामा रहेको दोलखा जिल्ला जनकपुर अञ्चलका छ जिल्लाहरु मध्ये दोलखा एक हिमाली जिल्ला हो । नेपालको मान चित्रमा यो

जिल्ला ८५°५०" देखि ८६°३२"पूर्वी देशान्तर र २७°२८"देखि २८° उत्तरी आक्षांशको दोलखा जिल्लाको सदरमुकाम चरिकोट पर्दछ । यो जिल्ला महाभारत श्रृंखलाको उत्तरी भागमा अवस्थित हिमाली जिल्ला हो । यस जिल्लाको क्षेत्रफल २१९१ वर्ग कि.मि.छ । यस जिल्लाको पूर्वमा रामेछाप र सोलुखुम्बु, पश्चिममा सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक, उत्तरमा चीनको स्वसासित क्षेत्र तिब्बत र दक्षिणमा सिन्धुपाल्चोक र रामेछाप जस्ता सीमामा अवस्थित छ । यस जिल्लाको उचाई ७६२ मि.( सितली) देखि ७१३४ मि. (गौरीशंकर) सम्म रहेको छ । तामाकोशी, खिम्ती, रोल्वालिङ्ग, सिगटीखोला, गुमुखोला, दोल्तीखोला, चरणावतीखोला, गोपीखोला, मिल्तीखोला, ध्याङ्गखोला यस जिल्लका जलस्रोत हुन तापनि तामाकोशी यस जिल्लाको र मुख्य नदी हो । नेपालकै प्रमाणिक समय निर्धारणको आधार मानिएको गौरीशंकर हिमाल नेपालकै प्रसिद्ध शिखर मानिन्छ ।

मुसलमानहरुको आक्रमणबाट बच्न आएका एक योगीले गौरीशंकर हिमालमा तपस्या गर्दा शिवजी प्रसन्न भई वरदान दिनुभएको योगी फर्केर जान लाग्दा जतिपटक गए पनि त्यही ठाउँमा आईपुगे र त्यो क्रम दूई लाख सम्म चलेकोले दोलाख हुदै दोलखा नाम रहन गएको बताइन्छ । त्यस्तै तिब्वती भाषामा 'दो' को अर्थ ढुङ्गा 'ल' को अर्थ मन्दिर र 'खा' को अर्थ घर हुन्छ । त्यसैले तिब्वती भाषामा यहाँ प्रशस्त मात्रामा ढुङ्गाका घरै घर एवं मन्दिरै मन्दिर थिइ रे भन्ने कुरा अर्को किम्वदन्तीको रुपमा पाईन्छ । यो जिल्लालाई ऐतिहासिक, सास्कृतिक, धार्मिक र पुरातात्विक दृष्टिकोणले प्रसिद्ध मानिन्छ । दोलखा भिमसेन, त्रिपूरासुन्दरी, कालिञ्चोक भगवती, गाइखुरा महादेव, शैलुङ्गेश्वर महादेव जस्ता प्रसिद्ध तीर्थस्थलहरु रहेका छन् । गौरीशंखर हिमाल, सय थुम्काहरुको क्षेत्र शैलुङ्गेश्वर, रोल्वालिङ्ग हिमश्रृखला, च्छोरोल्पा हिमताल एवं नेपालको सर्वोच्च शिखर सगरमाथाको मुख्य प्रवेशद्वारको रुपमा रहेका जिरी बजार जस्ता पर्यटकीय स्थलहरु रहेका छन् । यस जिल्लामा ब्रह्मण, क्षेत्री, तामाङ, नेवार, थामी, शेर्पा, कामी, जिरेल सुरेल, दमाई, सार्की, सुनुवार, माझी गुरुङ, योगी, कुसुले आदि जातिहरुको बसोवास रहको छ जि.शि.का, दोलखा, (२०७०) ।

दोलखा जिल्लामा शैक्षिक विकासका लागि "सबैलाई गुण स्तरीय शिक्षा" प्रदान गर्न विद्यालय भौतिक सुधारको अतिरिक्त वाल विकास केन्द्र, समुदाय परिचालन कार्यक्रम, अनौपचारिक शिक्षा कार्यक्रम, छात्रावृत्ति, वैकल्पिक विद्यालय, स्रोत केन्द्र विकास, क्षमता अभिवृद्धि, अनौपचारिक प्रौढ विद्यालय कार्यक्रम लगायतका शैक्षिक कार्यकमलाई अभियानको रुपमा संचालन गरिँदै आएको छ । यस जिल्लामा वि.सं. २०७० सालमा साक्षरता दर ६२.७८ प्रतिशत मध्ये ७३.३४ प्रतिशत पुरुष र ५३.६७ प्रतिशत महिलाहरु साक्षर रहेका छन् (जि. शि.का, दोलखा, २०७०) । दोलखा जिल्लामा हाल सञ्चालित अनौपचारिक शिक्षा कार्यक्रमलाई तलको तालिकामा देखाइएको छ ।

तालिका १

दोलखा जिल्लामा सञ्चालित अनौपचारिक शिक्षा कार्यक्रमहरुको विवरण


| क. स. | अनौपचारिक शिक्षा | संख्या | कैफियत |
|---|---|---|---|
| १ | अनौपचारिक प्रौढ विद्यालय (प्रा. वि.) तह | २६ | |
| २ | अनौपचारिक प्रौढ विद्यालय (नि.मा.वि.) | १६ | |
| ३ | आधारभुत प्रौढ साक्षरता | १०६ | |
| ४ | वैकल्पिक विद्यालय शिक्षा कार्यक्रम | ५४ | |
| ५ | साक्षरोत्तर शिक्षा कार्यक्रम | ४७ | |
| ६ | अनौपचारिक प्रौढ विद्यालय | २७ | |
| ७ | सामुदायिक विकास केन्द्र | १३० | |
| | जम्मा | ४०६ | |

स्रोत :(जि.शि.का., दोलखा ,२०७० ) ।

दोलखा जिल्लामा संचालनमा रहेका अनौपचारिक शिक्षा कार्यक्रम अर्न्तगत अनौपचारिक प्रौढ विद्यालय प्राथामिक तहमा ४० वटा त्यसैगरी अनौपचारिक प्रौढ विद्यालय निम्न माध्यमिक तहमा १६ वटा, आधारभूत प्रौढ साक्षरता १०६ वटा, वैकल्पिक विद्यालय शिक्षा कार्यक्रम ५४ वटा, साक्षरोत्तर शिक्षा कार्यक्रम ४७ वटा एवं अनौपचारिक प्रौढ विद्यालय २७ वटा र सामुदायिक विकास केन्द्र १३० वटा गरी जम्मा ४०६ वटा क्षेत्रमा संचालनमा रहेका छन् । जसलाई तलको पाइचार्टमा देखाइएको छ ।

**चित्र १**

दोलखा जिल्लामा सञ्चालित अनौपचारिक शिक्षा कार्यक्रमहरुको विवरण



## १.२ समस्याको कथन

कुनै पनि देशको चौतर्फी विकासको लागि शिक्षा अतिनै आवश्यक हुन आउछ । कुनै पनि देशको मुहार फेर्नुछ भने त्यस देशका जनताहरु शिक्षित हुनु आवश्यक हुन्छ । शिक्षाले नै नागरिकलाई सभ्य र सु-सस्कृत बनाउँदछ। शिक्षा क्षेत्रको एउटा समस्या भनेको दिगो गुणस्तरीय शिक्षा र सुयोग्य तथा प्रतिस्पर्धात्मक क्षमता भएको जनशक्तिको प्रवन्ध गर्नु हो । अज्ञानता र निरक्षरता उन्मूलन गर्नमा शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । त्यसैले संस्कृत भाषाका भनिएको छ “तमसोमा ज्योतीर्गमय” जसको कारण शिक्षाको महत्वलाई दर्शाउछ। शिक्षा स्वर्ग तिर जाने बाटो हो र सोही स्वर्गको बाटो नै मानिस सामाजिक, राजनितिक, धार्मिक र नैतिक उपहार प्राप्त गरेर सुखी रहन सक्दछ । त्यसरी नै राष्ट्रलाई विकासको मार्गमा उन्मुख गराउनका लागि महिला र पुरुष दुवैको समान भुमिका रहनका लागि शैक्षिक विकास हुनु जरुरी हुन्छ। यी दुवै वर्ग शिक्षित भएमा मात्रै उनीहरुको आफ्नो कर्तव्य वोध गर्न सक्ने हुन्छन्। महिलाको महत्वलाई दर्शाउदै फ्रान्सका महान सम्रट नेपोलियन बोर्नापाटले भनेका छन् - “यदि तिमी एक सुरक्षित आमा दिन्छौ भने म तिमीलाई राष्ट्र दिन्छु ।” यस कारणले पनि राष्ट्र निर्माणमा महिलाको पनि पुरुष सरह महत्वपूर्ण भूमिका रहेको पाइन्छ (कर्माचार्य, २०६१ ) ।

मनुस्मृतिमा भनिएको छ - “यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र” समाजमा नारी देवता समान छिन् भने त्यहाँ सुख शान्ति एवं समृद्धि छाउँछ अवस्थी (२०६३) । त्यसकारण परिवारमा एउटा महिला शिक्षित हुनु भनेको उसको सम्पूर्ण परिवार नै सभ्य र शिक्षित हुनु हो । एउटा परिवार, समाज, समुदाय र राष्ट्रका सम्पूर्ण पक्षहरुको विकास र उन्नति गर्न महिला पनि समान रुपले शिक्षित हुनु पर्दछ । परिवारमा आमा शिक्षित र सुयोग्य छिन् भने उसले आफ्नो परिवारलाई व्यबस्थित, अनुशासित एवं शैक्षिक कदम तर्फ अग्रसर गराउँछिन् ,रेग्मी (२०६१)। समाज र देशको विकास गर्ने क्रममा महिलालाई पनि प्रेरणाको स्रोतको रुपमा लिइन्छ। महिला शिक्षा सभ्यताको एक प्रमूख पक्ष हो। शिक्षित महिलाले गाउँ, समाज र राष्ट्रको विकासका लागि प्रेरणाको स्रोतको रुपमा, परिर्वतन संवाहको रुपमा, सचेतकको रुपमा, असल अनौपचारिक प्रौढ विद्यालय कार्यक्रमको रुपमा भूमिका खेल्न सक्दछिन्।

यसरी नै कुनै परिवारमा यदि आमा शिक्षित र सचेत छिन् भने त्यो घरका बालबालिकाहरुले पनि राम्रो स्याहार-सुसार र शिक्षाको राम्रो अवसर पाउन सक्दछन्। त्यस वाहेक शिक्षित र सीपयुक्त महिलाहरुले विभिन्न प्रकारका आयमूलक कामहरु गरेर सम्पूर्ण परिवारको आर्थिक अवस्था सुधार्न पनि सक्दछन्। विकासको क्षेत्रमा महिला सहभागीता जुटाउन निकै प्रयास

भएता पनि त्यति प्रयाप्त देखिदैनन् । सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक तथा साँस्कृतिक मूल्य र मान्यता एवं परम्परामा परिर्वतन ल्याउन अभियानको रुपमा लिइएको छ । जसले एकै साथ गरिबी निवारण, जनसङ्ख्या नियन्त्रण, कुपोषण नियन्त्रण, शिक्षा, स्वास्थ्य र रोजगार जस्ता क्षेत्रहरुमा सकारात्मक प्रभाव पार्दछ । यसकारण महिलाहरुलाई बढी जागरुक गराई आत्मनिर्भर, उत्पादनशील र सीप मूलक वनाएर देश विकासमा सहभागी गराउने कार्य आजको जटिल आवश्यकता  हो । नेपालमा शिक्षाको सुरुवात प्राचीन समयदेखि वैदिक शिक्षा र बौद्ध शिक्षा प्रणालीको विकास हुदै आएको पाईन्छ । तापनि नेपाली समाजमा शिक्षा आर्जन गर्न आफ्ना आमा-बुबाले छोराछोरीलाई आ-आफ्ना ज्ञान र सीप अनुसारको शिक्षा दिदै आएको कुरा सर्वविदितै छ । नेपालमा अनौपचारिक रुपमा शिक्षा थालनी भएको प्राचीनकालबाट शुरु भएको मानिन्छ । शिक्षा, मल्लकालीन शिक्षा, वाइसे चौविसे कालीन शिक्षा, एकीकरण देखि राणाकालीन सम्मको शिक्षा र आघुनिक समयको शिक्षा प्रणालीको थालनी भएको थियो, (शर्मा एण्ड शर्मा २०६६) ।

फलस्वरुप नेपालमा औपचारिक रुपमा वि.सं.२००८ सालमा भएको कुरा इतिहासले बताउँछ । हाम्रो देशमा विभिन्न समय-समयमा शैक्षिक योजना, आयोग, कमिटि तथा कार्यदल बनाएता पनि तिनीहरुको सुझावलाई कार्यान्वयन गरी देशको शैक्षिक कार्यक्रममा सुधार ल्याएको पाइन्छ । नेपालमा औपचारिक शिक्षा कार्यक्रम वि.सं. २००९ सालमा 'राष्ट्रिय शिक्षा वोर्ड' यसैगरी वि.सं. २०१४ सालमा 'कलेज अफ एजुकेसन', वि.सं. २०१६ सालमा 'नेसनल एजुकेसन काउन्सिल', वि.सं. २०१८ सालमा 'सर्वाङ्गीण राष्ट्रिय शिक्षा आयोजना', वि.सं. २०२८ सालमा 'राष्ट्रिय शिक्षा पद्धतिको योजना', वि.सं.२०३८ सालमा 'पाठ्यक्रम कार्यान्वयन योजना', वि.सं. २०३९ सालमा 'शाही शिक्षा पद्धतिको आयोग', वि.सं. २०४७ सालमा 'राष्ट्रिय शिक्षा आयोग', वि.सं. २०५४ सालमा 'उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग', यसैगरी वि. सं. २०५८ सालमा 'उच्चस्तरीय कार्यसमिति' तथा वि.सं.२०६३ सालको अन्तरिम संविधानले प्रत्येक नागरिकलाई माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क रुपमा पाउने हकको सुनिश्चितता प्रदान गरेको छ, (ज.व.रा र पौडेल) । नेपाल सरकारबाट स्वीकृत अनौपारिक शिक्षा नीति २०६३ मा शिक्षामा पहुँच बढाउन विषेश व्यवस्था गरिएको र खुल्ला विद्यालय एवम् अन्य विश्वविद्यालय मार्फत समकक्षी कार्यक्रम सञ्चालन गरिएको छ । विभिन्न योजना आयोग, संविधान एवं कार्यदलहरुले नेपालको शिक्षा प्रणालीलाई राष्ट्रिय आवश्यकता अनुरुप शिक्षा प्रणाली बनाउन प्रयासरत रहेको भएता पनि अन्तराष्ट्रिय स्तरसँग मेलखाने र जनचाहनासँग मेलखाने भने अझै सकेको देखिदैन, ।

माथि उल्लेखित विभिन्न आयोग एवम् योजनाहरु बनाएता पनि नेपालमा शैक्षिक क्षेत्रमा उल्लेखीय उपलब्धी भएको पाईदैंन । विशेषतः गुणस्तरीय शिक्षा भन्दा योजना मुखी शिक्षा केन्द्रित भएको पाईन्छ । त्यसमा पनि औपचारिक शिक्षा कार्यक्रम पनि साक्षरता बनाउने उद्धेश्यले विभिन्न समय-समयमा सञ्चालन भएको कारणले नेपालमा साक्षरता प्रतिशत बढेको देखिएता पनि महिला साक्षरता दरलाई मात्र प्राथमिकता दिएको छ । नेपालमा साक्षरता उल्मुलनका लागि कार्यक्रमहरु मध्ये महिला साक्षरतालाई जोड दिइएको छ । त्यसैले महिलाहरुको शैक्षिक अवस्थालाई वृद्धि गर्नका लागि देशमा सञ्चालित विभिन्न कार्यक्रमहरु मध्ये महिला शिक्षा योजना ( वि.सं. २०३६) सेती प्रोजेक्ट, चेलिवेटी कार्यक्रम तथा आधारभूत शिक्षा परियोजना कार्यक्रम मूख्य रुपमा ल्याईएका छन् । हाल अनौपचारिक शिक्षा केन्द्रले प्रौढ शिक्षा कार्यक्रम अर्न्तगत महिला शिक्षालाई विशेष जोड दिई अगाडि राखेर विशेष कार्यक्रम सञ्चालन गर्ने गरेको छ । यी सबै कार्यक्रमहरु सञ्चालन भएता पनि साक्षरता दरलाई मात्र बढाउन जोड दिएको छ तसर्थ नेपालमा सबैका लागि शिक्षा २००२ देखि २०१५ सम्म अनौपचारिक रुपमा कार्यन्वयन गर्न विभिन्न कठिन्नाईहरु साथै, राजनैतिक, सामाजिक, आर्थिक तथा भौगोलिक एवम् सांस्कृतिक बाधा व्यबधानहरु रहेकाछन् । अझै पनि देशमा नयाँ शैक्षिक कार्यक्रमहरुको श्रीगणेश हुदै त केही समय सञ्चालन हुदै इतिश्री भएका कुराहरु हाम्रो नेपाली समाजमा रहेको छर्लङ्ग हुन आउँछ । कोरा हिसावले हेर्ने हो भने हाम्रो देशमा ५१.५ प्रतिशत जनसङ्ख्या महिलाहरुले ओगटेका छन् । जनसङ्ख्याका हिसावले महिलाहरुले आधा आकाश भन्दा बढी ढाकेता पनि विकासका गतिविधिका हिसावले उनीहरुको अवस्था शैक्षिक, आर्थिक, सामाजिक, धार्मिक रुपमा दयनीय अवस्था हुनु भनेको शिक्षा, स्वास्थ्य, जस्ता विविध विकासको क्रममा नै बाधा उत्पन्न हुनु हो । तापनि समाजका पुरुषहरुलाई हेर्ने दृष्टिकोण एवं महिलाको संख्या विकास गतिविधिका हरेक क्षेत्रमा सहभागीता न्यून रहेको छ । नेपालमा पुरुष प्रधान समाज परम्परागत सोच एवं व्यवहार भएको हाम्रो समाजमा महिलाहरु हरेक क्षेत्रमा शोषित र पीडित छन् । सामाजिक कुरुती, कानुनी भेदभाव र चेतनाको अभावले गर्दा महिलाहरुले समाजमा उचित स्थान प्रदान गर्न सकेका छैनन् ।

नेपालमा औपचारिक शिक्षा कार्यक्रम लागु भएता पनि ६ वर्ष भन्दा माथि जनसङ्ख्या मध्ये वि.सं. २०२८ सालमा औपचारिक शिक्षा प्राप्त नगरी साक्षर बन्नेहरुको प्रतिशत ४.४२ प्रतिशत, वि.सं. २०३८ सालमा ५.५० प्रतिशत, वि.सं. २०४८ सालमा ८.९८ प्रतिशत, वि. सं. २०५८ सालमा ४.७३ प्रतिशत रहेको थियो तर सोही अवधिमा प्राथमिक शिक्षा प्राप्त गर्नेहरु वि.सं. २०२८ सालमा ५.७९, २०३८ सालमा ११.३३ , वि.सं. २०४८ सालमा १६.१५ र वि.सं. २०५८ सालमा

२२.६५ रहेको छ, (केन्द्रीय तथ्याङ्क विभाग, २०५८) । नेपालमा माथिको तथ्यांकबाट विद्यालयबाट बाहिरिएका महिलाहरुलाई शिक्षामा सहभागी गराउनका लागि सबैका लागि शिक्षा ले शैक्षिक गतिविधिमा सहभागी गराउनका लागि अनौपचारिक प्रौढ विद्यालयमा सहभागी र प्रभावकारी बनाउदै वृद्धि गराउनु पर्ने वर्तमान परिपेक्ष्यमा यो शोध-पत्र तयार गर्ने शिलशिलामा निम्न लिखित प्रश्नहरु उत्तर प्राप्तिको उठान गरिएको छ ।

अनौपचारिक प्रौढ विद्यालय अन्तर्गत महिला शिक्षा कार्यक्रमलाई कसरी व्यवस्थापन गरिएको रहेछ ? अनौपचारिक प्रौढ विद्यालय अन्तर्गत महिला शिक्षा कार्यक्रमलाई वृद्धि गर्न के-के गर्न उपयुक्त होला ? अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमले महिलाहरु कक्षामा नियमित रुपमा सहभागी हुनुमा के-कस्ता समस्याहरु रहेका छन् ? तिनको निराकरण कसरी गर्न सकिन्छ ? अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा प्रभाव पार्ने कारक तत्वहरुको पहिचान गरी समाधानका उपायहरु के-के हुन सक्दछन् ? अनौपचारिक प्रौढ विद्यालयमा कार्यक्रमले महिलाहरुको विषयवस्तुको ज्ञान कस्तो रहेछ ? अनौपचारिक प्रौढ विद्यालयमा कार्यक्रमले सिकारुहरुको सिकाईमा कस्तो प्रभाव रहेको छ ? महिलाहरुसँग सम्वन्धित मुद्दाहरुलाई कसरी समाधान गर्न सकिन्छ ? अध्यापनका लागि योजना तयार गर्दछन् वा गर्दैनन् ? शिक्षक, कक्षा व्यवस्थापन र कक्षा व्यवस्थापन, अनौपचारिक प्रौढ विद्यालय कार्यक्रमका पक्षका सुधारात्मक पक्षहरु के-के रहेछन् ? अनौपचारिक प्रौढ विद्यालय कार्यक्रमलाई बढी प्रभावकारी बनाउन के-के गर्नु पर्ला ?

यस प्रकार उल्लेखित प्रश्नहरुको उत्तर खोजीकार्य गर्न समस्या समाधानका उपाय पत्ता लगाउन अध्ययन कार्यलाई सफल पार्न अध्ययनको शीर्षक अनौपचारिक प्रौढ विद्यालय कार्यक्रम अन्तर्गत महिला शिक्षाको स्थिति र प्रभावकारितालाई समस्याको कथनको रुपमा लिइएको छ ।

## १.३. अध्ययनको औचित्य

अन्य जिल्लामा जस्तै दोलखा जिल्लामा पनि अनौपचारिक शिक्षा परिषद् मार्फत जि.शि.का. दोलखाले अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गत विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याएको छ । जस अर्न्तगत अनौपचारिक प्रौढ विद्यालय अन्तर्गत महिला शिक्षा कार्यक्रमको स्थिति र प्रभावकारिता कस्तो रहेको छ भन्ने बारेमा जानकारी लिई उक्त कार्यक्रमलाई अझ प्रभावकारी रुपमा अगाडि बढाउँन यस सोधले प्रदान गर्ने छ । यस शीर्षकको अध्ययनले विद्यालय, गाँउ,

समुदाय, स्रोत केन्द्र, जिल्ला शिक्षा कार्यालय, नीति-निर्माता, स्थानीय तह सम्म अनौपचारिक प्रौढ विद्यालयका शिक्षा कार्यक्रमहरु राख्नु पर्ने हुन्छ त्यसका लागि सहयोग पुऱ्याउछ ।

यस अध्ययनले अनौपचारिक प्रौढ विद्यालय कार्यक्रमलाई कसरी प्रभावकारी बनाउने भने हरेक निकायहरुले सकारात्मक तथा नकारात्मक प्रभावका बारेमा सचेत गराउनुका साथै हरेक समुदायमा हुने प्रभावको बारेमा अनौपचारिक प्रौढ विद्यालय महिलाहरुको सिकाइ एवं जीवन स्थितिको बारेमा परेको असरको बारेमा एक विद्यालयबाट अर्को विद्यालयको कार्यक्रमहरुलाई स्रोत केन्द्रको मार्फत बुझ्न सजिलो हुन्छ । यसको अध्ययनको कारण जिल्ला तहका अनौपचारिक प्रौढ विद्यालय शिक्षाका महिलाहरुलाई प्रोत्साहन गर्नेछ । हरेक महिलाहरुमा सहभागीता जुटाउन र उनीहरुको मनोभावना बुझ्न नीति- निर्माण गर्नु र चेतना मुलक कार्यक्रम गर्न उत्साहित गर्नेछ । केन्द्रीय तह देखि लिएर स्थानीय तह सम्म कार्यक्रम सञ्चालन गर्न सहयोग गर्नेछ । देशका विभिन्न शैक्षिक ऐन तथा नियमहरु निर्माण गर्न अनौपचारिक प्रौढ विद्यालयका महिलाहरुको शैक्षिक उन्नतिको लागि निर्माण तहमा बस्ने योजनाकारहरुलाई महिलाहरुको सहभागीता बढाउने खालका नीति बनाउन सहज हुनेछ साथै पछिल्ला समयमा अरु अनुसन्धान कर्तालाई यस अध्ययनले सहयोग गरी अनौपचारिक प्रौढ विद्यालय कार्यक्रमहरुमा सहभागी सिकारुहरुको र त्यसको प्रभावकारितालाई पहिचान गरी सुधारका लागि नीति निर्माण गर्न मार्ग निर्देशन गर्न सघाउ पुऱ्याउने अपेक्षा लिईएको छ ।

अनौपचारिक प्रौढ विद्यालयका, शिक्षक, व्यवस्थापकीय पक्षहरुको एक अर्कामा सहयोगी एवं इमान्दार भएमा मात्रै यसले अपेक्षित लक्ष्य प्राप्त गर्न सक्दछ । मानव जीवनका लागि शिक्षा एक आधारभूत आवश्यकता हो । शिक्षाले हरेक क्षेत्रमा आवश्यकता पर्ने ज्ञान, सीप तथा क्षमता दिने गर्दछ । शिक्षालाई सिकाइको रुप मानिन्छ । हरेक आमाहरुको भूमिका वालवालिकाहरुलाई हुर्काउने, बढाउने असल तथा इमान्दार परिवारको निमार्ण गर्ने व्यक्तिको रुपमा आमालाई मानिन्छ । परिवारमा एउटा महिला शिक्षित हुनु भनेको उसको सम्पूर्ण परिवार नै सभ्य र शिक्षित हुनु हो । एउटा परिवार, समाज, समुदाय र राष्ट्रका सम्पूर्ण पक्षहरुको विकास र उन्नति गर्न महिला पनि समान रुपले शिक्षित हुनु पर्दछ । परिवारमा आमा शिक्षित र सुयोग्य छिन् भने उसले आफ्नो परिवारलाई व्यवस्थित, अनुशासित एवं शैक्षिक कदम तर्फ अग्रसर गराउँछिन् । समाज र देशको विकास गर्ने क्रममा महिलालाई पनि प्रेरणाको स्रोतको रुपमा लिइन्छ । महिला शिक्षा सभ्यताको एक प्रमूख पक्ष हो । शिक्षित महिलाले गाउँ, समाज र राष्ट्रको विकासका लागि प्रेरणाको स्रोतको रुपमा, परिर्वतन संवाहकको रुपमा, सचेतकको रुपमा, असल अनौपचारिक प्रौढ विद्यालय कार्यक्रमको रुपमा भूमिका खेल्न सक्दछिन्, रेग्मी (२०६१) ।

दोलखा जिल्लामा सञ्चालित अनौपचारिक प्रौढ विद्यालयमा महिला सिकारुको मात्र सहभागीता देखिन्छ । यस जिल्लामा सञ्चालित अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमले यहाँका महिलाहरुले आफ्नो जीवन चलाउनको लागि शिक्षा कार्यक्रमले अहम् भूमिका खेलेको हुन्छ । त्यसैले पनि हरेक महिलाहरुलाई शिक्षित बनाउँदै जाने हो भने उनीहरुको शैक्षिक सिकाइका लागि विविध समस्याहरु देखिएकाले अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमको स्थिति र प्रभावकारिता अर्न्तगत रहेर अध्ययन गर्न आवश्यक रहेको छ । यस अध्ययन पश्चात अनौपचारिक शिक्षा कार्यक्रमसँग सम्बन्धित सरोकारवाला, शिक्षक, प्रधानाध्यापक तथा अनौपचारिक प्रौढ विद्यालयका महिलाहरुलाई नै आवश्यक पर्ने सूचनाहरु समेत प्रदान गर्ने भएकोले यो अध्ययनको महत्व रहेको छ ।

यस शोध अध्ययनको औचित्यलाई समग्रमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

शिक्षा क्षेत्रमा आएका नवितम् सोच र कार्यक्रम बारे स्पष्ट हुन । अनौपचारिक प्रौढ विद्यालय अन्तर्गत महिला शिक्षा कार्यक्रमको प्रभावकारिता पहिचान गर्न । सहभागी सबैको लागि शिक्षा कार्यक्रमको उद्देश्य पुरा गर्न मद्दत पुर्‍याउन । वर्तमान समयमा राज्यले अवलम्वन गरेका नीति नियमहरु पुरा गर्न गरेका प्रयासहरुलाई प्रष्ट पार्न । अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमको समाजको दृष्टिकोण पत्ता लगाउन । अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमका सहभागी महिलाहरुको शैक्षिक गुणस्तर वृद्धि गर्न सघाउ पुग्छ भन्नेवारे अवगत गराउन । अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम सञ्चालनमा आईपरेका समस्याहरु समाधान गर्ने उपायको पहिचान गराउन ।

## १.४. अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्यहरु निम्नानुसार छन् :

क. अनौपचारिक प्रौढ विद्यालय अन्तर्गत महिला शिक्षा कार्यक्रमको स्थिति र महिलाहरुको सहभागीता पत्ता लगाउनु ।

ख. अनौपचारिक प्रौढ विद्यालय अन्तर्गत महिला शिक्षा कार्यक्रमको वारेमा समाजको दृष्टिकोण पत्ता लगाउनु ।

ग. अनौपचारिक प्रौढ विद्यालय अन्तर्गत महिला शिक्षा कार्यक्रमको प्रभावकारिता पत्ता लगाउनु ।

घ. अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमका समस्याहरु पहिल्याउनु ।

ङ. अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरु पहिल्याउनु ।

## १.५. अनुसन्धानात्मक प्रश्नहरु

निम्नलिखित अनुसन्धानात्मक प्रश्नहरुको उत्तर प्राप्ति हेतु यस सोध कार्यलाई अगाडि बढाइएको छ :-

१. अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा सिकारु सहभागीहरुको सहभागीताको स्थिति कस्तो छ ?

२. यस कार्यक्रमलाई कसरी नियमितता ल्याउन सकिन्छ ?

३. महिलाहरुको सहभागीतामा कुन-कुन तत्वले प्रभाव पारेको देखिन्छ ?

४. कुन उमेर समुह देखि कुन उमेर समुहका सिकारु महिलाहरु सहभागी देखिन्छन् ?

५. यस कार्यक्रममा सहभागीतालाई बढी प्रभावकारी बनाउन के-के उपायहरु अपनाउनु पर्ला?

## १.६. अध्ययनको परिसीमा

प्रस्तुत अध्ययन दोलखा जिल्लामा सञ्चालित महिलाहरुले अध्ययन गर्ने अनौपचारिक प्रौढ विद्यालयका शिक्षा कार्यक्रमको स्थिति र प्रभावकारिता विषयमा आधारित रहेको छ । आफुसँग उपलब्ध सीमित स्रोत, साधन, समय र आर्थिक स्थितिलाई समेत ध्यानमा राखी यस अध्ययनको परिसीमा निर्धारण गरिएको छ । अनौपचारिक प्रौढ विद्यालयको स्थिति र प्रभावकारिताको बारेमा यो सोधकार्य अध्ययनमा केन्द्रित रहेको छ । यस सोधको परिणामले देश भरका सञ्चालनमा रहेका अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमको प्रतिनिधित्व नगर्न पनि सक्छ । यस अध्ययनबाट प्राप्त तथ्याङ्कलाई सामान्यीकरण गर्न नसकिएता पनि सम्बन्धित क्षेत्रमा अनुसन्धान गरिएको एउटा मार्गदशर्नको रुपमा गराउन सकिन्छ ।

यस शोध अध्ययनलाई निम्न लिखित परिसीमा भित्र रहेर शोधकार्यलाई अगाडि बढाइएको छ । दोलखा जिल्लाका सामुदायिक विद्यालय मध्ये ३ वटा अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम सञ्चालन भएका सामुदायिक विद्यालयलाई उद्देश्य मुलक नमुना छनौट विधिद्वारा अध्ययनको नमुना क्षेत्रको रुपमा छनौट गरिएको छ । यो कार्यक्रम दोलखा जिल्लामा सञ्चालित अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा सहभागी महिलाहरुमा केन्द्रित गरिएको साथै यस सोध कार्यमा विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तीन जना, विद्यालयका प्रधानाध्यापक तीन जना, स्रोत विद्यालयका स्रोत व्यक्तिहरु तीन जना, त्यसैगरी अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा अध्यापन गराउने शिक्षक सहयोगीहरुबाट तीन-तीन जना गरी नौँ

जना, अनौपचारिक प्रौढ विद्यालय कार्यक्रममा सहभागी महिला विद्यार्थीहरु मध्येबाट प्रथामिक तहका चार-चार जना गरी वाह्र जना, समाजसेवीहरुबाट पाँच-पाँच जना पन्ध्र जना तथा अभिभावकहरु दुई-दुई जनालाई प्रमूख उत्तरदाताको रुपमा लिइएको छ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

## २.१.सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि विषय वस्तुको अनुसन्धान वा खोज गर्नु भन्दा अगाडि त्यससँग सम्बन्धित के कस्ता अध्ययनहरु भएका छन् वा छैनन् भनी खोज गर्नु पर्ने हुन्छ त्यसलाई नै सम्बन्धित साहित्यको पुनरावलोकन भनिन्छ । यस अध्ययनको शीर्षकसँग केही रुपमा सम्बन्धित पूर्वकार्यलाई अध्ययन स्रोतको अध्ययन गर्दा निम्न व्यक्तिहरुले अनौपचारिक प्रौढ विद्यालयको स्थिति र प्रभावकारिताको बारेमा निम्न धारणाहरु राखेका छन् । यस अध्ययनसँग सम्बन्धित पूर्व साहित्यको पुनरावलोकनलाई निम्न अनुसार गरिएको छ :

पौड्याल (२०६२) ले साक्षरता विशेषङ्कमा उल्लेख गरे अनुसार नेपालमा अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन भएको ३०/४० वर्ष नाघिसको छ । सुरुका दिनहरुमा अनौपचारिक शिक्षा केवल साक्षरताको लागि मात्रै भन्ने थियो । तर अहिले आएर अनौपचारिक शिक्षालाई केवल साक्षरतासँग मात्र सीमित नभई जीवन स्तरमा समेत सुधार ल्याउन, नयाँ सीप सिकाउन आय स्तरमा समेत वृद्धि गराई मानिस र समाजलाई अगाडि लम्काउनका लागि आएको मानिन्छ । अनौपचारिक शिक्षा कार्यक्रमले महिला समानता र स-शक्तिकरणमा खेलेको भूमिकाको बारेमा चर्चा गर्नु भन्दा अगाडि अनौपचारिक शिक्षाको रुपमा के-कस्ता, कार्यक्रमहरु क-कसले, कसरी सञ्चालन गरिरहेका छन् । उक्त कुराहरुलाई बुझ्नु आवश्यक हुन्छ । हालका वर्षहरु सरकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ-संस्थाहरु र स्थानीय निकायहरुले जे-जति अनौपचारिक कार्यक्रमहरु सञ्चालन गरी त्यसको लागि बजेट छुट्याएका छन् । यसलाई हेर्दा  यो क्षेत्रमा निकै उपलब्धी हुनु पर्ने जस्तो लाग्दछ । कार्यक्रम कार्यान्वयनमा रहेको कमी कमजोरीहरु र लक्षित वर्गका निम्ति पुग्न नसकेको कुरा एवं स्रोत र साधन तथा विगतको द्वन्द्वको कारण एवं वर्तमानको राजनितिक खिचातानीको कारणले अपेक्षित उपलब्धी हासिल हुन नसकेको देखिन्छ ।

अचार्य र  अन्य (२०६८), का अनुसार हाल सम्म नेपालमा संचालित भएका मध्ये निम्नानुसार रहेको छ ।

**क) साक्षरता शिक्षा**

अ) आधारभूत साक्षरता (प्रौढ शिक्षा ६ महिना, साक्षरता अभियान ३ महिना,महिला शिक्षा प्रथम ६ महिना)

आ) साक्षरोत्तर शिक्षा (प्रौढ साक्षरता ३ महिना, महिला शिक्षा द्वितीय ६ महिना)

**ख) वैकल्पिक विद्यालय शिक्षा**

अ) वैकल्पिक विद्यालय शिक्षा ३ वर्ष , आ) निशुल्क विद्यालय शिक्षा (३ वर्ष), इ) खुला विद्यालय शिक्षा नि.मा.वि. तथा मा.वि तह (२ वर्ष ), ई) अनौपचारिक प्रौढ विद्यालय शिक्षा (३ वर्ष) , उ) प्रारम्भिक बाल विकास शिक्षा (१ देखि २ वर्ष अवधि)

नेपालमा अनौपचारिक शिक्षा केन्द्रबाट सञ्चालित भएका कार्यक्रमहरु मध्ये महिला शिक्षा प्रथम तथा दोस्रो, पौढ साक्षरता र साक्षरोउत्तर, आय-आर्जन कार्यक्रम, सामुदायिक अध्ययन केन्द्र, प्रजनन स्वास्थ्य कार्यक्रम, सबैका लागि शिक्षा कार्यक्रम यी कार्यक्रम अर्न्तगत निम्न उपलब्धी हासिल भएका छन् ।

लामिछाने (२०४७) महिला साक्षरता प्रतिशत बढेको छ, विद्यालयमा महिलाहरुको भर्नादरमा वृद्धि भएको छ ,वालवालिकाहरुको सर्वाङ्गीण विकासमा सहयोग पुगेको छ, गरिबी निवारणमा सहयोग पुगेको छ, सामाजिक समस्या समाधान र विकासका लागि पुरुष सरह लागि परेका छन्, आमा तथा बच्चाको स्वास्थ्य (खाना, पानी) मा प्रतिकुल प्रभाव पारेको छ, नियमित वचत गर्ने, आय-आर्जनका लागि कुनै सीप सिक्ने र पारिवारिक आर्थिक अवस्था सुधारको निम्ति लागी परेका छन्, हालको विषय परिस्थितिमा सुधार गर्न सहायक सिद्ध हुन सक्ने अनौपचारिक शिक्षा कार्यक्रम यस प्रकार हुनु पर्ने देखिन्छ ।

प्रत्युत्पादक भूमिका र व्यवहारबाट सीर्जित प्रतिकूल र शोषण युक्त परिस्थितिबाट उन्मुक्तिका लागि उन्मुक्तिकर अनौपचारिक शिक्षाको प्रासङ्गिकता ज्यादै महत्वपूर्ण छ । प्रतिकूल र मानवता विरोधी परिस्थितिको सिर्जक र यस्तो परिस्थितिका सिकार दुवै पक्षका लागि यस किसिमको अनौपचारिक शिक्षा कार्यक्रम व्यापक रुपमा सञ्चालन गरिनु पर्दछ । यस किसिमको शैक्षिक कार्यक्रमले उद्देश्य दुवै पक्ष अर्थात कारक पक्ष र प्रभावकारी पक्षलाई विषमताबाट उन्मुक्ति दिनु रहेको हुन्छ । विश्लेषणात्मक विधिको उपयोगद्वारा चेतना जागरण र तत्पश्चात विसङ्गतिका कारक तत्वहरु विरुद्ध परिवर्तनकारी कार्यक्रकहरु यस शिक्षाका बौद्धिक विशेषताहरु हुन् । साथै सम्बन्धित व्यक्ति आफैंले आफ्ना आचरण, व्यवहार, शैली र पारस्परिक सम्बन्धको आत्मनिरिक्षण गरी

आफैंमा परिवर्तनको लहर ल्याउने अनि यसका अतिरिक्त सामुदायिक रुपमा वृहत स्वरुपको परिवर्तनकारी अभियान सञ्चालन गर्ने तर्फ वढी जोड दिएको हुन्छ । वर्तमान नेपालको मर्माहात स्थितिबाट वाञ्छनीय निकासका लागि उन्मुक्तिकर अनौपचारिक शिक्षा कार्यक्रम राष्ट्रव्यापी रुपमा सञ्चालन हुनु जरुरी देखिन्छ ।

भौतिक अवस्थामा गुणात्मक परिर्वतनबाट मानवचित जीवनयापनका लागि लाभको स्थिति सुनिश्चित गर्न सामाजिक, आर्थिक, साँस्कृतिक, वातावरणीय एवं स्वास्थ्यका हैसियतले समेत व्यक्ति-व्यक्तिको उत्पादकत्व अग्रगामी हुनुपर्ने तथा विवाद रहित छ । यसले वैयक्तिक उत्पाकदत्व वढोत्तरीका लागि व्यक्ति-व्यक्तिमा क्षमता युक्त सीप आर्जन गर्नु र कार्यगत तहमा त्यसको रुपान्तरण गर्नु वाञ्छनीय हुन्छ । यस दिशा तर्फ उत्पादन मुलक अनौपचारिक शिक्षा कार्यक्रम उन्मुख रहेको हुन्छ । विद्यमान स्थितिको वैज्ञानिक प्रक्रियाद्वारा सल्यक्रिया गरी उपर्युक्त निकासका लागि आवश्यक मार्गहरु तय गरी ती मार्गहरुलाई सक्रिय रुपले गतिशील बनाउनका निम्ति यस किसिमको अनौपचारिक शिक्षा कार्यक्रमको वृहत्तर महत्व हुन्छ । स्थान विशेषका फरक-फरक आवश्यकता, उपलब्ध स्रोत, सेवा प्राप्त गर्ने अवसरहरु अनि सम्भाव्य लाभदायी शक्तिहरुको अध्ययन र विश्लेषण गरी अन्ततोगत्वा सार्थक हुने किसिमका उत्पादन मुखी कार्यक्रमहरुको सञ्चालनका निम्ति अनौपचारिक शिक्षा कार्यक्रम सान्दर्भिक हुन्छ ।

अनौपचारिक शिक्षा कुनै पनि उमेर समूह, पेशा-व्यवसायका शिक्षित अशिक्षित सबै मानिसहरुका लागि जीवनपर्यन्त प्रयोगमा ल्याउन, विद्यालय छाडेर बसेका विद्यार्थीहरुलाई शिक्षा लिन प्रेरित गर्न, पेसा-व्यवसायका व्यक्तिहरुलाई सीपकार्यमा दक्षता प्रदान गर्न, सामाजिक समायोजनका लागि उठाई-वसाई र बानीको विकासमा सहयोग पुर्‍याउन, आर्थिक-सामाजिक रुपबाट सक्षम बनाउन विभिन्न कामहरु गर्न जागरुक बनाउन, फुर्सदको समयको सदुपयोग गराउन र जीवन प्रर्यन्त सिकाइ प्रति उत्प्रेरित गर्न मानिन्छ ।

शिक्षाको अवधारणामा परिवर्तन, मानवीय उच्च आकांक्षा, औपचारिक शिक्षाको असक्षमता, निरक्षरता उन्मूख, जनचेतनाको साधन, सबैका लागि शिक्षा जस्ता कारणबाट अनौपचारिक शिक्षा फस्टाएको मान्न सकिन्छ ।

नेपाल सुदृढ वहुजातीय, वहुभाषीय र वहु-साँस्कृतिक सामाजिक प्रणाली भएको राष्ट्रको रुपमा पहिचान राखेको छ । यस देशमा ९२ भाषा-भाषिकाहरु बोलिन्छन् भने १०० भन्दा बढी

साँस्कृतिक समूहहरु रहेका छन् । यी सामाजिक सांस्कृतिक तथा भाषिक विविधता पनि महिला शिक्षाको तगारोको रुपमा रहेको छ ।

सिन्हा (२०६३) का अनुसार नेपालका करिव १३ प्रतिशत तह उमेर समूहका वालवालिकाहरु विद्यालय परिसर भन्दा वाहिर छन् भने त्यस मध्ये वालवालिकाहरुको संख्या १७ प्रतिशत रहेको छ । त्यस्तै ६ वर्ष भन्दा माथिको जनसङ्ख्या मध्ये ४६ प्रतिशत जनसङ्ख्या निरक्षर रहेको छ । जसमध्ये ५७ प्रतिशत महिलाहरु छन् । अझ पनि महिला पुरुष बीचको साक्षरता अनुपातको दुरी २२ प्रतिशत कायम नै रहेको छ । हाल नेपालमा करिव एक करोड बीस लाख व्यक्तिहरु निरक्षर छन् । यस मध्ये ८० लाख ९८ हजार व्यक्तिहरु युवा-युवतीहरु रहेका छन्, ( केन्द्रीय तथ्याङ्क विभाग, २०५८) ।

कटुवाल (२०६१) विश्वव्यापी रुपमा नै महिलाहरु आग्रह, पक्षपात तथा अन्य समानता, स्वतन्त्रता र न्याय निषोक्षित संरचनाहरुबाट पीडित छन् । यो पीडा महिलाहरुले गर्भमा रहेको अवस्था देखि मृत्यु प्रयन्त वेहोर्दै आएका छन् । समाजको गरीबी, अशिक्षा, रोग, कुपोषण र स्वास्थ्य शिक्षाहरुको कारणले सबै भन्दा बढी शिकार संसारका १ अरब ३० करोड निरपेक्ष गरीबीको रेखामुनिका मानिसहरु मध्ये ७० प्रतिशत महिलाहरु छन् । संसारका ८८ करोड अशिक्षितहरु मध्ये दुई तिहाई महिलाहरु नै रहेका छन् ।

लैङ्गिक समविकासका पनि केही आयामहरु हुन्छन् र तिनीहरुले समविकासका स्थिति र चुनौती छर्लङ्ग पार्दछन् ती हुन् :

एकै देश र समाजका भएर पनि पुरुषको दाँजोमा महिलाहरुका अधिकारहरु ज्यादै सीमित रहेका छन् । संविधान र कानुनले दिएका अधिकारहरुको प्रयोगमा पनि महिलाहरुलाई हेरिने र स्वयंले हेर्ने दृष्टिकोणका साथै सामाजिक, सास्कृतिक मूल्य र मान्यता जस्ता कुराहरु अवरोध बनेर तेर्सिन्छन् अनि पुरुषहरुको तुलनामा महिलाले नै रोग, भोक र पीडाको अनगिन्ती सास्ती खेप्नुपर्ने देखिन्छ ।

आर्थिक गतिविधिमा पुरुष सरह महिलाहरु नागरिक भए पनि आर्थिक गतिविधिमा उनीहरुका कुनै लेखा-जोखा भएको पाइदैंन । उनीहरुलाई घरेलु काम काज, परिवारको हेरचाह र सन्तान जन्माउनु पर्ने दायित्वलाई प्रमूख मनिन्छ । त्यसैगरी (पहिले देखि चलिआएको सोच अनुसार) निर्धारित काम मात्र महिलाका लागि छुट्याउने हुदा श्रमबजारमा उनीहरुको पहुँच सीमित हुन्छ । स्रोत माथिको पहुँच र नियन्त्रणको यस्तो असमान स्थितिले गर्दा महिला र पुरुषले गरीबीबाट

उम्कने फरक-फरक सम्भवाना रहन्छ । गरीबी निराकरण र आर्थिक समुन्नत समाजको स्थापना गर्ने प्रयासमा स्रोतको असमान भागवण्डा एउटा चुनौती हो ।

दीक्षित (२०६३) असमान अधिकार, स्रोतमा सीमित पहुँच र कामको बढी बोझले गर्दा घरायसी-पारिवारिक, सामुदायिक वा राष्ट्रिय सबै तहमा महिलाहरुको आर्थिक रुपमा प्रभाव पार्ने निर्णय क्षमता सीमित हुन जान्छ । त्यसैले समाजका नेतृत्व पङ्तिमा ज्यादै कम स्थान ओगटेका हुन्छन् ।

नेपालमा विभिन्न औपचारिक एवं अनौपचारिक जे-जस्ता शैक्षिक कार्यक्रमहरु ल्याइएता पनि नेपाली महिलाहरुमा निम्न साक्षरता दर रहेको छ :

वि.सं.२०२८ सालमा ३.९ प्रतिशत महिलाहरु साक्षर थिए भने वि.सं. २०३८ सालमा १२ प्रतिशत साक्षर त्यस्तै वि.सं. २०४८ सालमा २५ प्रतिशत साक्षर रहेका थिए भने वि. सं. २०५८ सालको जनगणना ४२.८ प्रतिशत महिलाहरु साक्षर रहेका छन्, (केन्द्रीय तथ्यांक विभाग, १९९५-२००२) ।

योगी (२०५९ : ६९) ले महिलाहरुको सशक्तीकरण अनौपचारिक शिक्षाको प्रभाव मापन गर्ने उद्देश्यले मुख्यतः घटना, अवस्था अध्ययनका माध्यम्बाट गरेको अध्ययन हेर्दा समग्रमा अनौपचारिक शिक्षाले महिला सशक्तीकरणलाई टेवा पुऱ्याउँछ भन्ने निर्ष्कष निकालेको पाइयो । अनौपचारिक शिक्षाले महिलाहरुमा संज्ञानात्मक र समालोचनात्मक क्षमताको विकासमा मद्दत पुऱ्याएको छ, जसले गर्दा महिलाहरुले पुरुष सरह समान अधिकार एवं व्यवहार खोजेका छन् भने अर्को तर्फ परम्परागत रुपमा सञ्चालित व्यवहार दैनिक कार्य तथा जीवन यापनको माध्यम् सुधारिएको अवस्थामा आइपुगेका छन् भन्ने योगीको अध्ययनले देखाएको छ साथै अध्ययनले सहभागी आफ्नो पसिनाको मोल आफैं लिन र निर्धारण गर्न सफल भएका छन् भन्ने देखाएका छन् । उक्त अध्ययनमा अनौपचारिक शिक्षाले समाजमा प्रचलित मूल्य र मान्यता अर्थात् पितृसतात्मक संस्कृतिको विपरित लैङ्गिक समानता स्थापित गर्न मद्दत पऱ्याउँछ र समुदायलाई यथास्थितिका विरुद्ध आलोचना बनाउँदै अपेक्षित परिर्वतनका लागि सक्षम बनाउँन सकिन्छ भन्ने निर्ष्कषहरु निकालिएको छ ।

अनौपचारिक शिक्षा केन्द्र (२०६७/२०६८) ले आर्थिक वर्ष २०६७/२०६८ सालमा पाँच वटा जिल्लालाई समेटेर कार्यमुलक अनुसन्धान गरेको थियो । उक्त प्रगति विवरण प्रौढ विद्यालय शिक्षा विस्तार कार्यक्रममा केन्द्रित थियो । धेरै महिलाहरुले पहिलानै विद्यालय गएर विद्यालयको पढाइ पूरा नै नगरी विद्यालय छाड्ने के कारण के होला भनी विद्यालय छाडी प्रौढ शिक्षा विस्तार कार्यक्रममा

आएका सहभागीहरु र ती कक्षा सञ्चाल सहयोगी कार्यकर्ता, मातृ विद्यालयका प्रधानाध्यापक तथा अन्य शिक्षकसँग जिज्ञासा राखी प्राथामिक तथ्याङ्क सङ्कलन गरिएको छ । जस अनुसार घर देखि विद्यालय सम्मको दूरी सामान्य भन्दा टाढा हुनु, आर्थिक  विपन्नका खातिर महिलाहरु विभिन्न घरायसी कारणले सो समयमा उनीहरुले विद्यालय छाडेको निर्ष्कष निकालिएको छ । यसका साथै सामान्यतः विद्यालय नभएको ठाउँमा कक्षा सञ्चालनार्थ अनुमति दिनु पर्ने व्यवस्था गरिएको भएता पनि त्यसको पालना नभएको देखाइएको छ । प्रौढ विद्यालय कार्यक्रमका शिक्षकहरुको छोटो अवधिको मात्र तालिम अप्राप्त हुनु साथै शिक्षकको न्यून पारिश्रमिक भएकोले काम प्रति उत्साही नभएको तथ्य निकालिएको छ । यसरी नै शिक्षकको वैकल्पिक अन्य शिक्षकहरुको व्यवस्था गर्नु पर्ने तथ्य औल्याइएको छ ।

## २.२. सैद्धान्तिक खाका

अनौपचारिक प्रौढ विद्यालयमा महिला उपस्थिति र त्यसलाई प्रभाव पार्ने तत्वहरुको अध्ययनका लागि जोन हेरोनको सहभागी मुलक सिद्वान्त एवं रविन्सको विकेन्द्रीकरण सिद्वान्त लाई यस अध्ययनमा समावेश गरी  शोधसँग एकाकार गरिएको छ ।

### क. सहभागीतामुलक सिद्वान्त (जोन हेरोन)

सहभागीमुलक सिद्धान्तलाई जोन हेरोनले सहकारिता अन्वेषण भनि सामाजिक विज्ञानको सहभागीता मुलक अनुसन्धान विधिलाई भनेका हुन् । जुन सामाजिक सिद्धान्त उनले सन् १९६८ देखि १९६९ मा रचना गरिएको कृतिमा आधारित थियो र जुन अभ्यास कर्ताहरुले पेशागत र व्यक्तिगत विकासको क्षेत्रमा सबैले लागु गरेका थिए । उनी सहकारिता अन्वेषण विधिको सर्मथन देखाउदै प्रतिवद्ध भएका थिए । जुन वर्णनात्मक र सहभागी मुलक आत्मिक अभ्यासको आधारित रुपमा जुनसुकै क्षेत्रमा पनि लागु भएको थियो । हेरोन मानवीय संम्भाब्य अनुसन्धान परियोजना सन् १९७० देखि १९७७ सम्मको सर्वेक्षणको विश्वविद्यालयमा जुन चाहिँ मानविकी र परवैक्तिक मनोविज्ञान र शिक्षाका लागि युरोपियन विश्वविद्यालय आधारित केन्द्रका संस्थापक थिए । उनले सन् १९७७ देखि १९८५ सम्म लण्डनको विश्वविद्यालय ब्रिटिस स्नातकोत्तर औषधालय संघका सहायक निर्देशक थिए । उनी स्वास्थ्य औषधी भित्रको सहकारिता अन्वेषण अस्पतालका चिकित्साहरु र जिपिएसका लागि व्यक्तिगत र पेशागत विकासको नयाँ कार्यक्रमको प्रमुख पनि थिए । जुन कार्यक्रमबाट ब्रिटिस चेतनशील औषधालय संघको विकास भयो । उनी सन् १९९० देखि २००० सम्ममा Volterra, Tunscany र Italyd मा सहकारिता अन्वेषणका लागि अन्तराष्ट्रिय केन्द्रको

निर्देशक थिए । जहाँ उग्ररुपमा आध्यात्मिक वा अभौतिक अन्वेषणको विकास भएको थियो । उनी चमत्कारिक र अध्यात्मिक अन्वेषणमा जोड दिदै सन् २००० देखि हाल सम्म अक्ल्यान्ड प्यासिफिक सेन्टर फर हुम्यान इन्क्वाईरी का सह-निर्देशक छन् । सहयोगी अन्वेषण र नयाँ नमुना अनुसन्धान, शैक्षिक र कर्मचारी विकास समूह सहजीकरण अन्तर क्रियात्मक सीप व्यवस्थापन विकास व्यक्तिगत र पर-व्यक्तिगत विकास, औषधी व्यवसायी विकास, साइकोथेरापी र सहयोगी व्यवसायी हुन् । उनी यु.के. को विभिन्न टेलिभिजन कार्यक्रमहरु मेडिकल स्ट्रेस त्यसैगरी सहभागीता मूलक कार्य एक प्रजातन्त्र प्रक्रिया हो । जसले राजनैतिक प्रणालीको निर्देशन निर्माण र काममा वृहत सहभागीतामा जोड दिन्छ । प्रजातन्त्रको शाब्दिक अर्थ ग्रीक भाषाको डेमोस र क्रेटोस बाट बनेको हुन्छ । जसको अर्थ जनता शक्तिमा हुन्छन भन्ने हुन्छ । सबै प्रजातन्त्र सहभागी मुलक हुनुपर्छ । त्यसैले सहभागी मुलक प्रजातन्त्रले परम्परागत प्रजातन्त्र भन्दा सबै समावेसी नागरिकको सहभागीता को पक्षमा जोड दिन्छ । सहभागी मुलक प्रजातन्त्रले त्यस्तो अवसर सृजना गर्छ । जहा सबै जनसङ्ख्याको सदस्यहरुले. निर्णय गर्न महत्वपूर्ण योगदान गर्दछ । धैरै थरिका सूचना संकलन गरी सर्वपक्षीय निर्णय बनाउने प्रक्रिया हुनुपर्दछ ।

सहभागी नमुनाका लागि आवश्यक प्रविधि महत्वपूर्ण बलको रुपमा सशक्तीकरण र नेतृत्वका लागि दिनुपर्ने हुन्छ । खासगरी ती प्रविधिका औजारहरु सामाजिक कथनहरु मिलाउनलाई सही मिल्दोजुल्दो ज्ञानको प्राप्तिका लागि प्रदान गर्नु पर्दछ ।

सहभागिताको प्रभावकारी वृद्धि गर्न सानो तर प्रभावकारी सहभागीता समाज निर्माण गर्नलाई सानो प्रभावकारी सहभागी समाजलाई सानो विश्व वा सन्जाल वनाउने क्षेत्रहरु तत्काल अनुसन्धान गरिनु पर्दछ र विभिन्न पक्षहरुलाई जोड दिएर आमुन्ने सामुन्ने भेटघाटको महत्वमा जोड दिइनु पर्छ । धेरै प्रविधिको महत्व हानिकारक हुन सक्छ । केही विद्वान्हरु नागरिक समुदायको क्षेत्र सँग समुदायमा आधारित क्रियाकलाप लाई जोड दिइनेमा तर्क गर्छन् ।

वलियो स्वतन्त्र प्रजातन्त्रको उत्पत्ति का लागि पहिलो सर्त भनेको वलियो गैर सरकारी सार्वजनिक सरोकार हो भन्ने विश्वास गर्छन् । ती विद्वान्हरु नागरिक समाजको क्षेत्र औपचारिक राजनितिको क्षेत्र छुट्टिने मूल्यमा जोड दिन्छन् । सन् २०११ मा अकुपाई मुभमेन्ट सहभागी मूलक प्रजातन्त्रमा साधारण मानिसहरुको इच्छाद्वारा निर्माण हुने हुन्छ ।

## ख. विकेन्द्रीकरणको सिद्वान्त

अनौपचारिक प्रौढ शिक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विकेन्द्रीकरणका तीनवटा अवस्था अनुसार अधिकार प्रत्यायोजन गरी सञ्चालनमा ल्याइएको छ । यस अध्ययनमा प्राप्त गरिएका तथ्यांकहरुलाई यिनै तीन वटा अवस्थाका आधारमा विश्लेषण गरिएको छ ।

**१.विकेन्द्रीकरण :** विकेन्द्रीकरणको यो अवस्था अनुसार अनौपचारिक शिक्षा केन्द्रले आफ्ना संगठन भित्रका विभिन्न शाखा/उप-शाखालाई कार्यको जिम्वेवारी दिने व्यवस्था गरेको छ । आफ्ना मातहातका निकायले प्रभावकारी ढङ्गले कार्यक्रम सञ्चालन नगरेमा केन्द्रले कुनै पनि समयमा सो जिम्वेवारी फिर्ता लिने व्यवस्था गरिएको छ ।

**२.प्रत्यायोजन :** विकेन्द्रीकरणको यो अवस्था अनुसार अनौपचारिक शिक्षा केन्द्रले आफुमा नीहित अधिकार तल्लो जस्तो निकाय जिल्ला शिक्षा कार्यालय र जि.शि.का.ले वि.नि. र स्रोत व्यक्ति तथा प्रौढ विद्यालय मार्फत केन्द्रमा अधिकार प्रत्यायोजन गर्ने व्यवस्था गरिएको छ ।

**३.प्रत्यारोपण :** विकेन्द्रीकरणको यो अवस्था अनुसार स्थानीय गैर-सरकारी संस्था तथा कक्षा व्यवस्थापन समितिलाई निर्णयको अधिकार अनौपचारिक शिक्षानीतिद्वारा नै व्यवस्थित गरिएको छ, ( अनौपचारिक शिक्षा नीति, २०६३) । यस अवस्थामा स्थानीय गैर-सरकारी संस्थातथा कक्षा व्यवस्थापन समितिको वैठक सञ्चालन गर्ने, वैठकका निर्णय कार्यान्वयन गर्ने, भौतिक सुविधाहरुको तर्जुमा तथा व्यवस्थापन गर्ने आदि जस्ता कार्यहरुमा माथिल्लो निकायको मुख ताकी राख्नु नपर्ने व्यवस्थापन गरिएको छ । यसरी नै समुदायको परिचालन गरी अनौपचारिक प्रौढ विद्यालय कार्यक्रमलाई व्यवस्थित ढङ्ले सञ्चालन गर्ने स्पष्ट नीतिगत व्यवस्था गरिएको छ, (अनौपचारिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०६४ : २३) ।

चार्ल्स डार्विन रसर फ्रान्सिस गेल्टन (१८२२-१९११) को योगदान प्रमुख मान्न सकिन्छ । धेरै लामो समय सम्मको खोज, अध्ययन एवं अनुसन्धान पछि व्यक्तिहरुको व्यक्तिगत क्षमतामा वांशाणुक्रमको कारण हुने प्रभावलाई व्याख्या गर्ने काम गेल्टनले गरेका थिए । उनले व्यक्तिगत क्षमता र उपलब्धिमा वंशानुक्रमको प्रभाव पर्दछ भन्ने थियो । (Nunnally, 5c. 1978)उनले आफ्नो पुस्तकमा वंशाणुगत गुणद्धारा व्यक्तिमा पाइने अन्तरको कारणको रुपमा समयदृष्टि शुद्धता र शारीरिक शक्ति रहेको तर्क प्रस्तुत गरेका थिए । उनले व्यक्तिको विविधता सम्बन्धी अध्ययन गरेका थिए । उनका अनुसार एक व्यक्ति देखि अर्को व्यक्तिमा उचाई, तौल, हेराई, रङ्ग दृष्टि, अन्य

गुण र  क्षमता फरक-फरक हुन्छ । मानिसमा सबै प्रकारका मानवीय विशेषता जस्तै सानो, ठूलो, बलियो, कमजोर, चलाख, सुस्त आदिमा भिन्नता पाइन्छ ।

सर फ्रान्सिस रोल्टन पछाडी मनोवैज्ञानिक अनुसन्धानका अल्फ्रेड विनेट, थर्स्टन तथा पियर्सनको योगदान प्रमुख रहेको थियो । अल्फ्रेड विनेको मानव क्षमतामा वैयक्तिक भिन्नता सम्बन्धी अध्ययनको क्रममा सन् १९०५ मा प्रथम पटक बौद्धिक परीक्षण को सुरुवात गरेका थिए । अल्फ्रेड विनेट र उनका सहयोगी सिमोनले मानिसमा पाइने व्यक्तिगत अन्तरहरुको अध्ययन गरे । उनले बौद्धिकतालाई वातावरणमा समायोजन गर्न सक्ने क्षमताको रुपमा परिभाषित गरी बौद्धिकता परीक्षणको व्यवस्थित अध्ययन गरेका थिए । अल्फ्रेड विने पछाडी मनोवैज्ञानिक थर्स्टनले वैज्ञानिक अनुसन्धानमा महत्वपूर्ण योगदान दिएका थिए । थर्स्टनले सन् १९४१ मा विद्यार्थीहरुको सिकाई, प्रत्यक्षिकरण र व्यक्तित्व सम्बन्धमा व्यापक अनुसन्धान गरेका थिए । अनुसन्धानको क्रममा उनले ११०० विद्यालयका विद्यार्थीहरुमा ६० भन्दा बढी परीक्षणहरुको उपयोग गरेका थिए । उनले आफ्नो अनुसन्धानबाट विद्यार्थीहरुको सिकाई, प्रत्यक्षिकरण र व्यक्तिगत सम्बन्धमा ११ वटा तत्वहरु पत्ता लगाएका थिए । उनले पत्ता लगाएका तत्वहरु त्यस पछिका तत्व विशलेषण गर्ने विद्धान्हरुकोलागि आधारको रुपमा रहेका  थिए ।

मनोवैज्ञानिक क्षेत्रमा चार्ल्स डार्विनले विकासवादी सिद्धान्त प्रतिपादन गरेका छन् । उनले मानिसमा पाइने व्यक्तिगत अन्तरबारे निश्चित सिद्धान्त दिएका छन् । मानव विकास क्रमको बारेमा वैज्ञानिक धारणा प्रस्तुत गरेका छन् । डार्विन विकासवादको सिद्धान्तले वातावरणसँगको समायोजनशिलताको कारणबाट व्यक्तिगत विभिन्नता हुन्छ भन्ने पुष्टि गरेको छ । उनको भनाई अनुसार मानिस जुन वातावरणमा हुन्छ त्यही किसिमको उसको सोचाई चिन्तन र कार्य क्षमताको विकास गरेको हुन्छ । डार्विनले प्रस्तुत गर्नु भएको उक्त अवधारणाले त्यसपछिका वैज्ञानिक, शिक्षाविद् तथा मनोवैज्ञानिकहरुलाई वौद्धिक खुराक तथा अध्ययनको मार्ग प्राप्त भयो र वर्तमान समयमा पनि चार्ल्स डार्विनको विकासवादी सिद्धान्तको अवधारणा अनुसार विभिन्न अध्ययन एवं अनुसन्धानहरु गरिएको पाइन्छ ।

शिक्षा क्षेत्रमा व्यवस्थित अध्ययन एवं अनुसन्धानको पृष्ठभूमिलाई अध्ययन गर्दा सन् ११३० पछि R.W. Tylor ले गरेको आठ वर्षे अध्ययनलाई यहाँ उल्लेख गर्नु उपयुक्त हुन्छ । उनको अनुसार शिक्षण सिकाइलाई प्रभावकारी बनाउँदै उच्चतम् विद्यार्थीहरु र समकालीन समाजका विभिन्न पक्षहरु वा तत्वहरुबारे अध्ययन गर्नुपर्ने कुरामा विशेष जोड दिएका छन् । टाइलरले सन् १३४९ मा प्रस्तुत गर्नुभएको पुस्तक Basic Principle of curriculum and instruction

मार्फत् विद्यार्थीहरु, समकालीन समाज र त्यस अन्तर्गगतका विभिन्न तत्वहरुबारे अध्ययन गर्नुपर्ने कुरामा जोड दिएका छन् । (Tyler, R.W. 1949) उक्त समकालीन समाजका विविध पक्षहरुबारे अध्ययन गर्नुपर्ने दुईवटा कारणहरु प्रस्तुत गरेका छन् ।

## २.३. शैक्षिक उपादेयता

सम्बन्धित साहित्यको पुनारावलोकनले अनौपचारिक प्रौढ विद्यालय महिलाहरुको शैक्षिक गतिविधि र त्यसको प्रभावकारिताका बारेमा अध्ययनको सैद्दान्तिक खाकाले भनेका कुराहरु कुन-कुन रुपमा मिल्न गए कुन-कुन रुपमा मिलेन भन्ने कुराको समेत मुल्याङ्कन गर्ने कार्य गरी यस अध्ययनलाई सही बाटो लिन सहयोग गरेको छ । पूर्व साहित्यको अध्ययनबाट अनौपचारिक शिक्षा कार्यक्रम अर्न्तगत अनौपचारिक प्रौढ विद्यालय कार्यक्रममा महिला शिक्षाको स्थिति र प्रभावकारिताको बारेमा अनौपचारिक प्रौढ विद्यालय कार्यक्रमहरुलाई कसरी चेतनायुक्त कार्यक्रमलाई सफल बनाउन सकिन्छ भने कुराको पहिला गरेको अध्ययनबाट थाहा पाएको हुँदा सोही अनुसार यस शोध कार्यलाई अगाडि बढाउन यसले सहयोग गर्नेछ ।

अनौपचारिक प्रौढ विद्यालय कार्यक्रम अन्तर्गत महिला शिक्षाको स्थिति र प्रभावकारिता एवं सहभागीता बढी दिगो हुने कुरा बताएको छ । सोही अनुसार अनौपचारिक प्रौढ विद्यालयमा महिलाहरुको शैक्षिक विकास हुने रहेछ । कुनै पनि कार्यक्रमलाई प्रभावकारिता विश्वसनीयता बढी हुने हुदा यस अनुसन्धानलाई एक पक्षले मात्र सफल बनाउन नसक्ने भएकोले सबैमा आफ्नो दायित्वलाई निर्वाह गर्न सकिन्छ । यसको तुलनात्मक अध्ययन गर्न सैद्दान्तिक खाकाको प्रयोग यस अध्ययनमा रहेको छ । सैद्दान्तिक खाकाहरुले निकालिएको सिद्दान्त जहिले पनि शोध कार्यका लागि सम्बन्धित साहित्यको पुनरावलोकल तथा अध्ययनको सैद्दान्तिक खाका उपयोगी र सान्दर्भिक रहेको छ । समग्रमा शैक्षिक उपादेयतालाई निम्न अनुसार बुदाङ्गन गरिएको छ :

क. सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्दान्तिक खाकाले सोधलाई तथ्य परक बनाउन मद्दत पुऱ्याएको छ ।

ख. विषयान्तर हुन खोजेको छ ।

ग. सैद्दान्तिक विचलन हुन दिएको छैन ।

घ. तार्किक र वस्तुनिष्ठ हुन मद्दत पुऱ्याएको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

यस परिच्छेदमा अध्ययनलाई प्रभावकारी र निष्कर्षमा पुऱ्याउनको लागि अनुसन्धानात्मक ढाँचा निर्दिष्ट अध्ययन विधि र साधन तथा नमुना छनौटका निश्चित आधारहरुलाई क्रमशः उल्लेख गरिएको छ । यसका  साथ-साथै तथ्याङ्कलाई वस्तुनिष्ठ बनाई तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरणमा यो परिच्छेद केन्द्रीत रहेको छ ।

## ३.१. अनुसन्धानात्मक खाका

कुनै पनि काम गर्दा शुरुमा योजनाको आवश्यकता पर्दछ निश्चित उद्देश्यको अधारमा अगाडि बढी गरिने कार्यमा सफलता मिल्दछ । त्यसैले यस अनुसन्धान कार्यलाई संख्यात्मक र गुणात्मक दुवैलाई मिलाई मिश्रित ढाँचामा अध्ययनलाई अगाडि बढाइएको उद्देश्यले अनुसन्धान कार्यलाई सहि वाटोमा डोऱ्याएको देखिएको छ । ती उद्देश्यहरु पुरा गर्नको लागि सम्बन्धित कार्यमा मिल्ने योजनाका आधारमा अनुसन्धानकर्ता अगाडि बढेको हुन्छ ।

कुनै पनि कार्यक्रमको स्थिति र प्रभावकारितालाई कसरी हेरिन्छ कसरी सञ्चालनमा आएका छन् सो को बारेमा प्रत्येकको बारेमा जानकारी लिनु, बुझ्नु नै सहभागितामूलक सिद्धान्तको रुप हो । यस सहभागिमूलक सिद्धान्तले नै हरेक अध्ययन अनुसन्धान सहभागितामूलक सिद्दान्त लाई जोन हेरन ले सहभागितामूलक सिद्धान्तले संख्यात्कम र गुणात्मक दुवै मिश्रित ढाँचाको रहेको छ । तथ्याङ्क सङ्कलनको लागि विद्यालयमा सोध कर्ता आफैं गई स्थलगत अध्ययन, सर्वेक्षण, प्रश्नावलीहरु तथा सहभागीतामूलक अवलोकन मार्फत प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ, भने सम्बन्धित साहित्यको पुनरावलोकन गरिएका लेख, रचना, दस्तावेज कृतिबाट द्वितीय तथ्यांक प्राप्त गरिएको छ ।

यस अध्ययनमा हरेक अनौपचारिक प्रौढ विद्यालयमा महिलाहरुको स्थिति र प्रभावकारिताको बारेमा सहभागी बढाउने, सहभागीताको कमी कारणहरु पत्ता लगाउने, सहभागीता भए नभएको कुरा पत्ता लगाई, त्यसको प्रभावकारिताको तुलनात्मक अध्ययन सहभागितामूलक ढाँचाको रुपमा रहेको छ ।

## ३.२. अध्ययन क्षेत्रको छनौट

यस अध्ययनका लागि दोलखा जिल्ला महाभारत श्रृंखलाको उत्तरी भागमा अवस्थित हिमाली जिल्ला हो । यस जिल्लाको क्षेत्रफल २१९१ वर्ग कि.मि छ । यस जिल्लामा ५१ वटा गाउँ विकास समिति र एउटा भिमेश्वर नगरपालिका रहेको छ । यस जिल्लाको पूर्वमा रामेछाप र सोलुखुम्बु र पश्चिममा सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक र उत्तरमा चीनको स्वसासित क्षेत्र तिब्बत र दक्षिणमा सिन्धुपाल्चोक र रामेछाप जस्ता सीमामा अबस्थित रहेको छ । वि.स. २०५८ सालको जनगणना अनुसार यस दोलखा जिल्लाको कूल जनसङ्ख्या यस जिल्लाको वि.सं. २०५८ सालको जनगणनामा कुल जनसङ्ख्या २,०६,६२९ मध्ये महिलाको १,०२,९७७ पुरुषको १,०३,६५२ रहेका थिए । त्यसै गरी २०६८ सालको जनगणना अनुसार दोलखा जिल्लाको कुल जनसंख्या १८६५५७ रहेको छ जस मध्ये महिलाको संख्या ९९५५४ र पुरुषको संख्या ८७००३ रहेको देखिन्छ । यस जनगणनाको नतिजा अनुसार वार्षिक जनसंख्या वृद्धिदर ऋणात्मक (-०.९१ प्रतिशत) रहेको छ । यस जनगणना अनुसार यस जिल्लाको साक्षरता स्थिति हेर्दा ५ वर्ष वा सो भन्दा माथिल्लो उमेरका साक्षर जनसंख्या औसत ६२.७८ प्रतिशत रहेकोमा महिला साक्षर दर ५३.६७ र पुरुष साक्षर दर ७३.३४ प्रतिशत रहेको देखिन्छ । । यसरी यस जिल्लाको साक्षर दर हेर्दा पुरुषको भन्दा महिलाको साक्षर दर निकै कम देखिन्छ जुन दुखद कुरा हो । (जि.शि.का., दोलखा, २०७०) ।

दोलखा जिल्लामा २६ वटा विद्यालयमा अनौपचारिक प्रौढ विद्यालय कार्यक्रम सञ्चालनमा रहेका छन् । अनौपचारिक प्रौढ विद्यालयमा भर्नाको वर्तमान अवस्था हेर्दा १० देखि १९ उमेर समूहमा ३२ जना, २० देखि २९ उमेर समूहमा २०२ जना, ३० देखि ३९ उमेर समूहमा २२३ जना, ४० देखि ४९ उमेर समूहमा ९६ जना र ५० भन्दा माथिको उमेर समूहमा ११ जनाअनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमहरु गरी जम्मा ५६४ रहेका छन् । (जि.शि.का., दोलखा , २०७०)

यस अध्ययनमा तीन स्रोत केन्द्र मध्येमा हनुमन्तेश्वर उच्च माध्यमिक स्रोत केन्द्रमा ४ वटा विद्यालय, वैतेश्वर उच्च माध्यमिक स्रोत र कालिञ्चोक उच्च माध्यमिक स्रोतमा ३-३ वटा विद्यालयमा अनौपचारिक प्रौढ विद्यालय कक्षा सञ्चालनमा रहेका छन् । यी तीन वटै विद्यालयमा अध्ययनरत अनौपचारिक प्रौढ विद्यालय कार्यक्रमको सम्पूर्ण विद्यार्थीहरु मध्ये हरेक विद्यालयका सम्भावना युक्त नमुना छनोट ४–४ जना गरी जम्मा १२ जना महिलाहरुलाई, उनीहरुका अभिभावक मध्ये २-२ जना गरी ६ जनाहरुलाई एवं समूदायका समाजसेवीहरुवाट ५-५ जना गरी

जम्मा १५ जनालाई उद्देश्य मूलक नमूना छनौटको विधिद्धारा अध्ययनको क्षेत्रको छनौट गरिएको छ ।

## ३.३. नमुना छनौटका आधारहरु

दोलखा जिल्लाको अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम अन्तर्गत महिला शिक्षाको स्थिति र प्रभावकारिताको बारेमा अध्ययन गर्न अनौपचारिक प्रौढ विद्यालय सञ्चालन भएका विद्यालय मध्येबाट ३ वटा स्रोतकेन्द्र अन्तर्गत ३ वटा उ.मा.वि.का प्र.अ.हरु, शिक्षकहरु, वि.व्य.स.काअध्यक्षहरु, अनौपचारिक प्रौढ विद्यालय शिक्षकहरु एवं अनौपचारिक प्रौढ विद्यालय महिलाहरुलाई एवं समूदायका समाजसेवी, तथा अभिभावकहरुलाई छनौट गरिएको छ ।

### ३.३.१. विद्यालयको छनौट

यस अध्ययनका लागि दोलखा जिल्लाका तीन वटा उच्च माध्यमिक विद्यालयलाई छनौट गरिएको छ । छनौटमा परेका विद्यालयहरुको नामावली अनुसूची १ मा उल्लेख गरिएको छ ।

### ३.३.२. स्रोत व्यक्तिहरुको छनौट

अध्ययनका लागि छनौटमा परेका विद्यालयबाट अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमकलाई अनुगमन गरी त्यसको प्रभावकारीताको बारेमा जानकारी प्राप्त गर्न सकिने भएकोले तीन जना स्रोत व्यक्तिलाई छनौट गरिएकोछ । छनौटमा परेका स्रोत व्यक्तिलाई प्रश्नावली, अन्तर्वार्ता, अन्तरक्रियाको आधारमा सूचना सङ्कलन गरी व्याख्या र विश्लेषण गरिएको छ । स्रोत व्यक्तिको नामावली अनुसूची २ मा उल्लेख गरिएको छ ।

### ३.३.३. प्रधानाध्यापकहरु र शिक्षकहरुको छनौट

छनौटमा परेका विद्यालयहरुका प्रधानाध्यापकहरु तथा अनौपचारिक प्रौढ विद्यालय कक्षामा पढाउने सबै शिक्षकलाई उत्तरदाताको रुपमा लिएको छ । जसले गर्दा अनुसन्धान गर्न खोजेका कुराहरु शिक्षक र प्रधानाध्यापकबाट धेरै रुपमा पाउन सकिन्छ । किनभने अनौपचारिक प्रौढ विद्यालय महिलाहरुको सिकाइमा उनीहरुको प्रत्यक्ष भूमिका रहेको र अनौपचारिक प्रौढ विद्यालय कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि उनीहरुलाई नै थाहा हुने गर्दछ । उनीहरुलाई प्रश्नावली तथा अन्तरक्रियाका मद्दतले सूचना सङ्कलन गरिएको छ । प्रधानाध्यापकहरु र शिक्षकहरुको नामावली अनुसूची २ मा उल्लेख गरिएको छ ।

### ३.३.४.विद्यालय व्यवस्थापन समितिका अध्यक्षको छनौट

अध्ययनका लागि छनौटमा परेका विद्यालयबाट सबै विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई अनौपचारिक प्रौढ विद्यालय कार्यक्रमको व्यवस्थापनका लागि गरिएका व्यवस्थापनका

पक्षहरुका बारेमा जानकारी प्राप्त गर्न सकिने भएकोले तीन जना अध्यक्षलाई छनौट गरिएकोछ । छनौटमा परेका अध्यक्षलाई प्रश्नावली, अन्तर्वार्ता, अन्तरक्रियाको आधारमा सूचना सङ्कलन गरी व्याख्या र विश्लेषण गरिएको छ । छनौटमा अध्यक्षहरुको नामावली अनुसूची २ मा उल्लेख गरिएको छ ।

### ३.३.५. महिला शिक्षा कार्यक्रममा विद्यार्थीहरुको छनौट

अध्ययनका लागि छनौटमा परेका विद्यालयबाट अनौपचारिक प्रौढ विद्यालय कार्यक्रमको सञ्चालन भएका महिला मध्ये सबै विद्यार्थीहरुबाट सम्भावना युक्त नमुना छनौटको आधारमा गोला प्रथा विधिको प्रयोग गरी ४–४ जनाको दरले तीन वटा विद्यालयका १२ जना विद्यार्थीको छनौट गरिएको छ । छनौटमा परेका विद्यार्थीहरुलाई अन्तरवार्ता, प्रश्नावली र अन्तरक्रियाको आधारमा सुचना व्याख्या तथा विश्लेषण गरिएको छ । छनौटमा विद्यार्थीहरुको नामावली अनुसूची २ मा उल्लेख गरिएको छ ।

### ३.३.६. महिला शिक्षा कार्यक्रममा अभिभावक तथा समाजसेवीहरुको छनौट

अध्ययनका लागि छनौटमा परेका विद्यालयबाट अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम सञ्चालन भएका अभिभावक तथा समाजसेवीहरु सबैबाट सम्भावना युक्त नमुना छनौटको आधारमा गोला प्रथा विधिको प्रयोग गरी २-२ जनाको दरले तीन वटा विद्यालयका ६ जना अभिभावक तथा र सोही विद्यालय क्षेत्रका समाजसेवीबाट ५-५ जनाको दरले १५ जना समाजसेवीहरुको छनौट गरिएको छ । छनौटमा परेका अभिभावक तथा समाजसेवीहरुलाई गरिएको अन्तरवार्ता, प्रश्नावली र अन्तरक्रियाको आधारमा प्राप्त सूचना एवम् तथ्यांकलाई व्याख्या तथा विश्लेषण गरिएको छ । छनौटमा परेका अभिभावक तथा समाजसेवीहरुको नामावली अनुसूची २ मा उल्लेख गरिएको छ ।

## ३.४.तथ्याङ्कका स्रोत

यस शोधपत्र अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्कहरु प्राथामिक तथा द्धितीय दुवै स्रोतबाट लिइएको छ जुन स्रोतहरुलाई निम्नानुसारका उल्लेख गरिएको छ ।

### ३.४.१. प्राथमिक स्रोत

यस अध्ययलाई बढी तथ्यपरक रुपमा पुग्न आवश्यक पर्ने सूचनाहरु जानकारी एवं तथ्याङ्क संकलन गर्नका लागि प्राथमिक तथ्याङ्क विभिन्न किसिमका अवलोकन, अन्तरर्वाता प्रश्नावलीहरुलाई सम्बन्धित विद्यालयका शिक्षकहरु, प्रधानाध्यापक, व्यवस्थापन समितिका अध्यक्ष, स्रोत व्यक्तिहरु, अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमका सहभागी महिलाहरु तथा उनीहरुका अभिभावक एवं

स्थानीय समाजसेवीहरुबाट संकलन गरिएको छ । यस क्रममा प्रयोग गरिएको प्रश्नहरुको नमूना अनुसूची क, ख, ग, घ, ङ, च र छ मा मा देखाइएको छ ।

### ३.४.२.द्धितीय स्रोत

नमूना छनौटमा परेका विद्यालयका शैक्षिक सत्र तीन वर्षका २०६८, २०६९, २०७० को विद्यालयका सुधार योजना, तथ्याङ्क विवरण, भर्ना अभिलेख, परीक्षा अभिलेख, रिजल्ट अभिलेख जस्ता दस्तावेजको अध्ययन गरी द्धितीय तथ्याङ्क सङ्कल गरिएको छ । साथै यस अध्ययनमा अनौपचारिक प्रौढ विद्यालय शिक्षाको क्षेत्रसँग सम्बन्धित अनुभव संगाल्ने व्यक्तिहरु, सम्बन्धित संघ-संस्थाहरु, जिल्ला विकास, तथ्याङ्क कार्यालय, समाजमा अनुभवी व्यक्तिहरु, जिल्ला शिक्षा कार्यालयबाट लेखिएका तथा यस शीर्षकसँग मेल खाने विभिन्न कृति लेख रचना तथा शोध-पत्रहरुलाई अध्ययन गरी यसबाट द्धितीय तथ्याङ्क प्राप्त गरिएको छ ।

## ३.५. तथ्याङ्क सङ्कलनका विधि र साधन

प्रस्तुत शोधपत्र तयार गर्नका लागि निम्न लिखित विधि र साधनहरुलाई समावेश गरिएको छ ।

### ३.५.१.अर्न्तवार्ता

व्यक्तिको प्रत्यक्ष सम्पर्कद्वारा जानकारी तथा तथ्याङ्कहरु प्राप्त गरिने भएकोले प्राप्त तथ्याङ्क तथा जानकारीहरु भरपर्दो, वैधता तथा विश्वसनीय हुन्छ । अर्न्तवार्ताबाट तथ्याङ्क सङ्कलन गर्दा गहिराई सम्म पुग्न सकिने हुन्छ । यस कारणले पनि शोधको लागि अर्न्तवार्ताबाट पनि सत्य तथ्य कुराहरु पाउन सान्दर्भिक ठानिएको छ । अर्न्तवार्ताका लागि निर्देशित प्रश्नहरु तयार गरिएका थिए, जसमा खुल्ला तथा बन्द दुवै किसिमका प्रश्नहरु रहेका थिए । अर्न्तवार्ताका लागि बनाइएका प्रश्नावलीहरु लिएर आफै सम्बन्धित विद्यालयका व्यक्ति समक्ष प्रश्नहरु सोधिएको र बीच-बीचमा पुरक प्रश्नहरु गरी सूचनाको विश्वसनीयता तय गरिएको छ । जसलाई अनुसूची क, ख, ग, घ, ङ, च र छ मा उल्लेख गरिएको छ ।

### ३.५.२.प्रश्नावली

प्रश्नावलीको आवश्यकता महसुस गरी छनौटमा परेका अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम सञ्चालन भएका विद्यालय मध्येबाट ३ वटा स्रोत अन्तर्गत ३ वटा उ.मा.वि.का प्र.अ.हरु, शिक्षकहरु, वि.व्य.स.अध्यक्षहरु, अनौपचारिक प्रौढ विद्यालय कार्यक्रमका शिक्षकहरु एवं अनौपचारिक प्रौढ विद्यालय महिलाहरु, समूदायका समाजसेवीहरु तथा उनीहरुका अभिभावकहरुलाई छनौटको

लागि प्रयोग गरिएको छ । यसमा प्रयोग गरिएका प्रश्नावलीहरुलाई अनुसूची नं क, ख, ग, घ, ङ, च र छ मा दिइएको छ ।

### ३.५.३. अन्तरक्रिया र छलफल

छलफलका आधारमा अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमकोको प्रभावकारिताको बारेमा हरेक अनौपचारिक प्रौढ विद्यालयमा पठन-पाठन गर्न आएका महिलाहरुलाई आफैं भेटी उनीहरुसँग विभिन्न शीर्षकमा छलफल गरी प्रप्त राय सुझावहरुलाई टिपोट गरिएको छ । सम्बन्धित विद्यालयमा गएर स्रोत व्यक्तिहरु, वि.ब्य स.का अध्यक्षहरु, विद्यालयका प्र.अ. हरु तथा अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमका शिक्षकहरु एवं समूदायका समाजसेवीहरु र उनीहरुका अभिभावकहरुले पनि अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारितालाई समाजले हेर्ने दृष्टिकोणका बारेमा सोधपुछ गरी आएका कुराहरुलाई समेटिएको छ । यस कार्यक्रमलाई प्रभावकारिताको बारेमा छलफल गरी उनीहरुले देखाएको चाँसो र गर्न नसकिएका समस्याहरुलाई छलफल गरी उक्त बुँदाहरुको टिपोट गरी तथ्याङ्क सङ्कलन छलफलका कारणहरु तोकिएको उद्देश्यमा पुग्न सजिलो भएको छ । त्यसैले अन्तरक्रिया र छलफललाई यस शोधकार्यका लागि छनौट गरिएको हो । अन्तरक्रिया र छलफलका लागि छलफल निर्देशिका अनुसूची ख मा प्रस्तुत गरिएको छ ।

## ३.६. तथ्याङ्कको वैधता र विश्वसनीयता

कुनै पनि तथ्याङ्क विश्वसनीय र वैध हुनु आवश्यक छ । प्रस्तुत यस शोधपत्र अध्ययनमा अवलोकन, अन्तरक्रिया, अन्तरवार्ता, छलफल, दस्तावेज  अवलोकनबाट तथ्याङ्क लिएको छ । एउटा अध्ययन विधिबाट प्राप्त सूचनाले सत्यता पहिचान गर्ने अर्को अध्ययन विधिलाई पनि प्रयोग गरिएको छ । यस क्रममा निमार्ण गरिएका प्रश्नावली र प्राप्त प्रतिक्रियाहरुलाई बारम्बार शोध निर्देशकसँग जाँच गराई प्राप्त निर्देशन अनुसार गरिएकोले प्राप्त तथ्याङ्कहरु वैध र विश्वसनीयता छन् भन्ने कुरा ठम्याँइएको छ ।

विभिन्न समय फरक-फरक ठाउँमा अन्तरक्रिया, अन्तरवार्ताबाट आएका तथ्याङ्कलाई अर्को फरक-फरक ठाउँ वा व्यक्तिबाट आएका उत्तरहरुका आधारमा तथ्याङ्क सङ्कलन गरी वैध एवं विश्वसनीयता बनाएको छ । एउटै प्रश्न धेरै सहभागि महिलाहरु, प्र.अ.हरु, वि.ब्य.स. अध्यक्षहरु, स्रोत व्यक्तिहरु तथा धेरै शिक्षकहरुलाई सोधी आएका तथ्याङ्कलाई टेबुलेसन गरी एवं त्यसलाई समूदायका समाजसेवीहरु सबैबाट आएका उत्तरहरुलाई अध्ययनमा समावेस गरिएको छ । त्यसैले प्राप्त गरिएका सबै सूचनाहरु वैध एवम् विश्वसनीयता भएको कुरालाई पुष्टि गरिएको   छ ।

## ३.७. तथ्याङ्कको सङ्कलन तथा विश्लेषण प्रक्रिया

प्रस्तुत अध्ययनमा महिला शिक्षा कार्यक्रमको प्रभावकारिता भन्ने शीर्षकका निम्ति आवश्यक पर्ने सम्पूर्ण तथ्याङ्कलाई अध्ययन कर्ता आफैं स्वम् आफु उपस्थित भई नमूना छनौटमा परेकाहरुबाट सङ्कलन गरिएको छ । सङ्कलित तथ्याङ्कलाई विभिन्न समूहमा राखी ती तथ्याङ्क संख्यात्मक भएको खण्डमा तालिकाबाट विश्लेषण गरिएको छ र गुणात्मक भएको खण्डमा व्याख्यात्मक प्रक्रियाबाट सुचनाको प्रस्तुतीकरण गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको व्याख्या तथा विश्लेषण

दोलखा जिल्लाका सञ्चालित अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम अन्तर्गत महिला कार्यक्रमको स्थिति र प्रभावकारिता बारेमा अध्ययन गर्न अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमका सञ्चालनमा रहेका विद्यालयका शिक्षकहरु, प्रधानाध्यापक, ब्यवस्थापन समितिका अध्यक्ष, स्रोत व्यक्तिहरु, अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमका सहभागी महिलाहरु, अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमका सहयोगी शिक्षकहरु तथा समूदायका समाजसेवीहरु र उनीहरुका अभिभावकहरुसगँ सूचना जानकारी एवं तथ्याङ्क संकलन गरी ती तथ्याङ्कहरुलाई आवश्यकता अनुसार संख्यात्मक तथा गुणात्मक दुवै मिलाई मिश्रित ढाँचामा नतिजालाई विश्लेषण गरिएको छ । अवलोकन, अन्तरर्वाता प्रश्नावलीहरुलाई सम्बन्धितसँग अन्तरक्रिया गरिएको छ । यस परिच्छेदमा उद्देश्य अनुसार क्रमैसँग अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमहरुको शैक्षिक विकासको बारेमा महिलाहरुको सहभागीता पत्ता लगाउन, अनौपचारिक प्रौढ विद्यालय शिक्षाको वर्तमान स्थितिको पहिचान गर्न, अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमलाई समाजले हेर्ने दृष्टिकोण र यसको प्रभावकारिता पत्ता लगाउनका लागि उत्तरदाताहरुबाट आएका राय सुझावहरु एवं प्राप्त उत्तरको आधारमा नतिजाको विश्लेषण गरिएको छ । अध्ययनको क्रममा प्रयोग गरिएको विधिसँग क्रममिलाउँदै साधन तथा स्रोतहरुबाट प्राप्त भएका जनाकारी एवं सूचनाहरुलाई अध्ययनको मूल उद्देश्यसँग क्रममिलाउदै निम्नानुसार तालिकीकरण व्याख्या एवं विश्लेषण गरिएको छ ।

## ४.१ अनौपचारिक प्रौढ विद्यालय अन्तर्गत महिला शिक्षा कार्यक्रमको स्थिति र महिला सहभागीता

यस कार्यक्रमको स्थिति एवं महिलाहरुको सहभागीताको बारेमा निम्नानुसार विश्लेषण गरिएको छ ।

### ४.१.१ अनौपचारिक प्रौढ विद्यालय अन्तर्गत महिला शिक्षा कार्यक्रममा सहभागी महिला विद्यार्थीहरुको वर्तमान अवस्था

दोलखा जिल्लामा सञ्चालित अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा सहभागी महिला विद्यार्थीको वर्तमान अवस्था र स्थितिलाई उमेर अनुसार तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका २

उमेर अनुसार सहभागी महिलाहरुको संख्या विवरण


| क.सं. | उमेर समूह | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १. | १०-१९ | ३२ | ५.७ |
| २. | २०-२९ | २०२ | ३५.८२ |
| ३. | ३०-३९ | २२३ | ३९.५४ |
| ४. | ४०-४९ | ९६ | १७.०२ |
| ५. | ५० + | ११ | १.९१ |
| | जम्मा | ५६४ | १०० |

स्रोतः जि.शि.का, दोलखा २०७० ।

माथिको तालिका अनुसार अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा भर्नाको वर्तमान अवस्था हेर्दा १० देखि १९ उमेर समूहमा ३२ जना, २० देखि २९ उमेर समूहमा २०२ जना, ३० देखि ३९ उमेर समूहमा २२३ जना, ४० देखि ४९ उमेर समूहमा ९६ जना र ५० भन्दा माथिको उमेर समूहमा ११ जना अनौपचारिक प्रौढ विद्यालय कार्यक्रमहरु गरी जम्मा ५६४ देखिन्छन् । जसमा सबै भन्दा बढी ३० देखि ३९ उमेर समूहका महिलाहरु अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा अध्ययन गर्नका लागि आएको देखिन्छ । जसलाई तलको स्तम्भ चित्रमा पनि देखाइएको छ ।

चित्र .२

उमेर अनुसार सहभागी महिलाहरुको संख्या विवरण



## ४.१.२ स्रोत केन्द्रहरुमा अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम सञ्चालित विवरण

नमूना छनौटमा परेका स्रोत केन्द्र भित्र सञ्चालितअनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमहरुको संख्या १५ वटा रहेका छन् जसलाई निम्न तालिकामा देखाइएको छ ।


तालिका ३
स्रोत केन्द्रहरुमा अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम सञ्चालित विवरण

| क.सं. | स्रोत केन्द्रको नाम | विद्यालयको संख्या |
|---|---|---|
| १. | हनुमन्तेश्वर उ.मा. वि | ६ |
| २. | वैतेश्वर उ.मा. वि | ५ |
| ३. | कालिञ्चोक उ.मा. वि | ४ |
| जम्मा | | १५ |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

माथिको तालिकाबाट के स्पस्ट हुन्छ की दोलखा जिल्लामा सञ्चालित २६ वटा अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम सञ्चालनमा रहेका छन् । जस मध्ये तीनवटा स्रोत केन्द्रमा जम्मा १५ वटा कक्षा सञ्चालनमा रहेका मध्ये हनुमन्तेश्वर उच्च माध्यमिक स्रोत केन्द्रमा ६ वटा, वैतेश्वर उच्च माध्यमिक स्रोतमा र कालिञ्चोक उच्च माध्यमिक स्रोतमा ५-४ वटा विद्यालयमा अनौपचारिक प्रौढ विद्यालय कक्षा सञ्चालनमा रहेका छन् । जसलाई निम्न स्तम्भ चित्रमा देखाइएको छ ।

चित्र.३
अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम सञ्चालित स्रोत केन्द्रहरुको विवरण



### ४.१.३ अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा सहभागी महिलाहरुको पेशागत विवरण

नमूना छनौटमा परेकाअनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा सहभागी महिला विद्यार्थीहरुले अँगालेको पेशागत विवरण निम्न अनुसार रहेको छ ।

तालिका ४

अनौपचारिक प्रौढ विद्यालय शिक्षामा सहभागीमहिला विद्यार्थीहरुको पेशागत विवरण


| क. सं. | पेशा | संख्या | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | कृषि | ५ | ४१.६६ | |
| २ | व्यापार | ३ | २५.०० | |
| ३ | नोकरी | २ | १६.६७ | विभिन्न कार्यालयमा कार्यालय सहायकको रुपमा |
| ४ | सिलाई बूनाइ | २ | १६.६७ | |
| | जम्मा | १२ | १०० | |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

माथिको तालिकालाई विश्लेषण गर्दा नमूना छनौटमा परेका अनौपचारिक प्रौढ विद्यालय अध्ययन गर्न आउने महिला विद्यार्थीहरुको पेशागत विवरण हेर्दा कृषिमा ४१ प्रतिशत, व्यापारमा २५ प्रतिशत, विभिन्न कार्यालयमा कार्यालय सहायकको रुपमा नोकरी पेशा गर्नेहरु २ जना र सिलाई बुनाई पेशालाई अगाल्नेहरु २ जना गरी जम्मा १२ जना अनौपचारिक प्रौढ विद्यालय शिक्षामा सवैभन्दा बढी कृषि र सबैभन्दा कम व्यापार र सिलाई बुनाईमा रहेका छन् । जसको प्रतिशतलाई स्तम्भ चित्रमा देखाइएको छ ।

चित्र ४

अनौपचारिक प्रौढ विद्यालयमा महिलाहरुको पेशा अनुसार विवरण



### ४.१.४ अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम सहभागी महिलाहरुको पारिवारिक विवरण

नमूना छनौटमा परेका अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा अध्ययन गर्न आउने महिलाहरुको पारिवारिक संख्या विवरण निम्न अनुसार रहेको छ ।

तालिका ५
अनौपचारिक प्रौढ विद्यालयमा सहभागी महिलाहरुको पारिवारिक विवरण

| क्र.सं. | जम्मा सहभागी विद्यार्थी | परिवार | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | | श्रीमान् | १० | |
| २ | | सासु | ९ | |
| ३ | | ससुरा | ६ | |
| ४ | | छोरा | ३० | |
| ५ | | छोरी | ३६ | |
| | १२ | जम्मा | ९१ | |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा महिलाहरु आफ्नो परिवारको सदस्यहरुबाट पनि स्वीकृत गराई आफु घर धन्दालाई मिलाएर आफु पढनका लागि तयार भएको यस तालिकाबाट स्पष्ट हुन्छ ।

### ४.१.५ अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा सहभागी महिला विद्यार्थीहरु

नमूना छनौटमा परेका अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा सहभागी महिला विद्यार्थीहरुको शैक्षिक सत्र २०६६ -२०७० को विवरणलाई निम्न तालिकामा देखाइएको छ ।

तालिका ६
सहभागी महिला विद्यार्थीहरु विवरण

| क्र. सं. | विद्यालयको नाम | २०६६ साल | २०६७ साल | २०६८ साल | २०६९ साल | २०७० साल |
|---|---|---|---|---|---|---|
| १ | हनुमन्तेश्वर उ.मा. वि | ३६ | ३० | २२ | १५ | १५ |
| २ | वैतेश्वर उ.मा. वि | २१ | १७ | १५ | १० | ८ |
| ३ | कालिञ्चोक उ.मा. वि | २७ | २० | १७ | १५ | १२ |
| | जम्मा | ८४ | ६७ | ५४ | ४० | ३५ |


स्रोतः स्थलगत अध्ययन, २०७० ।

माथिको तालिकालाई विश्लेषण गर्दा नमूना छनौटमा परेका हरेक विद्यालयमा २०६६ सालमा अनौपचारिक प्रौढ विद्यालय शिक्षा सञ्चालन भएता पनि २०७० सालमा आइपुग्दा ४ वर्षको

अन्तरालमा नै हनुमन्तेश्वर उच्च माध्यमिक विद्यालयमा ३६ बाट घटेर १५ मा आउदा ५८.५५ प्रतिशतले घटेको छ भने वैतेश्वर उच्च माध्यमिक विद्यालयमा २१ बाट घटेर ८ मा आउदा ६१.९ प्रतिशतले घटेको छ त्यसैगरी कालिञ्चोक उच्च माध्यामिक विद्यालयमा २७ बाट १२ मा आउदा ५५.५ प्रतिशतले घटेको छ । समग्रमा हेर्दा जम्मा ८४ बाट ३५ मा आउदा ५८.३ प्रतिशत घटेको छ । जसलाई रेडर चित्रमा देखाइएको छ ।

चित्र ५

सहभागी महिला विद्यार्थीहरुको विवरण




## ४.१.६ अनौपचारिक प्रौढ विद्यालय कक्षा सञ्चालन हुदा विद्यालयमा आउन नसक्ने कारणहरु

अनौपचारिक प्रौढ विद्यालय कक्षा सञ्चालनमा निम्न कारणले गर्दा सहभागि सिकारुहरुमा नियमितता नभएको देखिन्छ ।


तालिका ७

अनौपचारिक प्रौढ विद्यालय कक्षा सञ्चालन हुदा विद्यालयमा आउन नसक्ने कारणहरु

| क्र. सं. | कारणहरु | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | घरायसी काम | ४ | ३३.३४ |
| २ | पढ्न अफठ्यारो भएर | ३ | २५ |
| ३ | समय नमिलेर | ३ | २५ |
| ४ | अन्य | २ | १६.६६ |
| | जम्मा | १२ | १०० |

माथिको तालिकाबाट के देखिन्छ भने अनौपचारिक प्रौढ विद्यालय कक्षामा भर्ना भई बीचैमा कक्षा छाड्ने कारणमा मध्ये घरायसी कामबाट ८ जना, पढ्न अफठ्यारो भएर ७ जना, समयलाई मिलाउन नसकेर ६ जना र अन्य कारणले ३ जनाको विचार रहेको देखिन्छ । जसलाई तलको स्तम्भ चित्रमा लेखाइएको छ ।

चित्र ६
अनौपचारिक प्रौढ विद्यालय कक्षा सञ्चालन हुदा विद्यालयमा आउन नसक्ने कारणहरु




## ४.१.७ अनौपचारिक प्रौढ विद्यालय शिक्षा सञ्चालनमा ल्याएका विद्यालयहरुको भौतिक व्यवस्थापनको विवरण

अनौपाचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमलाई व्यवस्थित र प्रभावकारी ढङ्गले सञ्चालन गर्नका लागि अवश्यक भौतिक सुविधाहरुको व्यवस्थापन गर्नु पर्दछ । भौतिक सुविधाको पर्याप्त व्यवस्थापन गरियो भने मात्र सहभागीहरुले तोकिएको सिकाइ उपलब्धी हासिल गर्न सक्दछन् । कक्षा कोठामा पर्याप्त भौतिक सुविधाले व्यवहारिक तथा जीवनोपयोगी शिक्षामा टेवा पुऱ्याउने काम गर्दछ । कक्षा कोठामा भौतिक सुविधा सुविधा भन्नाले कक्षाकोठा, खेल मैदान, सर्न्दभ सामग्री, शौचालय, फर्निचर, डिस्प्ले वोर्ड, सूचना वोर्ड, कालो पाटी, शैक्षिक सामग्री, खेलकूद सामग्री, प्राथामिक उपचारका सामग्री आदि पर्दछन् । भौतिक सुविधाहरुको व्यवस्था गरी अनौपचारिक प्रढौ विद्यालय शिक्षा कार्यक्रम कार्यन्वयन गर्नु पर्दछ । नमूना छनौटमा परेका विद्यालयहरुको भौतिक सुविधाको विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ८
अनौपचारिक प्रौढ विद्यालय शिक्षा सञ्चालनमा ल्याएका विद्यालयहरुको भौतिक व्यवस्थापनको विवरण

| क्र. सं. | भौतिक सुविधाको व्यवस्था | हनुमन्तेश्वरउ. मा.वि. | | | वैतेश्वर उ. मा.वि. | | | कालिञ्चोकउ.मा.वि. | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | राम्रो | ठीकै | कमजोर | राम्रो | ठीकै | कमजोर | राम्रो | ठीकै | कमजोर | |
| १ | कक्षा कोठा | — | — | √ | √ | — | — | √ | — | — | |
| २ | खेल मैदान | √ | — | — | √ | — | — | — | √ | — | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | फर्निचर | – | – | √ | | – | √ | – | – | √ | |
| ४ | खानेपानी | √ | – | – | √ | – | – | – | – | √ | |
| ५ | शौचालय | √ | – | – | √ | – | – | – | √ | – | |
| ६ | कालोपाटी | – | √ | – | – | √ | – | √ | – | – | |
| ७ | सूचनापाटी | – | √ | – | – | √ | – | √ | – | – | |
| ८ | शैक्षिक सामग्री | – | – | √ | – | √ | – | – | – | √ | |
| ९ | खेलकूद सामग्री | – | – | √ | – | – | √ | – | – | √ | |
| १० | स्वाध्ययन सामग्री | – | – | √ | – | – | √ | – | – | √ | |
| ११ | प्राथमिक उपाचार कक्ष | – | √ | – | – | – | √ | √ | – | | |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

माथिको तालिका विश्लेषण गर्दा हनुमन्तेश्वर उच्च माध्यमिक विद्यालयमा खेल मैदान विद्यालयको अगाडि, खानेपानी, शौचालय विद्यालयको नजिकै व्यवस्थापन धेरै राम्रो रहेको छ भने कालोपाटी, सूचनापाटी, प्राथमिक उपचारको कक्षा ठीकै रहेको छ । त्यसै गरी कक्षा कोठा, फर्निचर, खेलकूद सामग्रीहरु विद्यालय स्तरका विद्यार्थीहरुका लागि मात्र रहेका छन् त्यसले गर्दा उनीहरुको उमेर अनुसार बस्न अप्ठ्यारो भएको देखिन्छ । शैक्षिक सामग्री तथा स्वाध्ययन सामग्रीको भने प्रयोग नभएको देखिन्छ ।

त्यसैगरी वैतेश्वर उच्च माध्यमिक विद्यालयमा खानेपानी नजिकै, पक्कि शौचालयको व्यवस्थापन राम्रो रहेको छ । कक्षा कोठा, खेल मैदान तथा खेलकूद सामग्री राम्रो देखिन्छ भने पुरानो कालोपाटी, पुरानो सूचनापाटी, केही मात्रामा प्राथमिक उपाचारका सामग्रीहरु रहेका देखिन्छन् । त्यसैगरी फर्निचर साना-साना विद्यार्थीहरु बस्ने खालका पाका महिलाहरुलाई बस्न अप्ठ्यारो भएको, प्रौढहरुलाई अध्यापनका लागि आवश्यक शैक्षिक सामग्रीहरु नरहेका तथा प्राथमिक उपाचारका सामग्री नरहेको देखिन्छ ।

त्यस्तै कालिञ्चोक उच्च माध्यमिक विद्यालयमा प्रौढ महिलाहरुको उमेर अनुसारको बसाई व्यवस्थापन धेरै राम्रो रहेको सोही अनुसारका सूचनापाटी तथा कालोपाटीको व्यवस्थापन पनि राम्रो रहेको देखिन्छ भने फर्निचर तथा खेलकूद सामग्री तथा प्राथमिक उपाचारका सामाग्रीहरुको कक्ष पनि राम्रो देखिन्छ । त्यसैगरी खेल मैदानको अभाव, शौचालय पक्ति भएता पनि पानीको मात्रा कम

भएको कारण शौचालय फोहोर रहेको एवं खानेपानीको धारा भएता पनि पर्याप्त मात्राका जहिले पनि पानी नआने देखिन्छ । त्यस्तै प्रौढ महिलाहरुका लागि आवश्यक पर्ने शैक्षिक सामग्रीतथा स्वाध्ययन सामग्रीको अभाव रहेको देखिन्छ ।

### ४.१.८ अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम सञ्चालनमा ल्याएका विद्यालयहरुको समय तालिकाको विवरण

यस कार्यक्रम सञ्चालनमा विद्यालयले आफ्नो समय अनुकुलतालाई आधार मानी निम्न समय तालिका निर्धारण गरेको छ ।

तालिका ९

सञ्चालनमा ल्याएका विद्यालयहरुको समय तालिकाको विवरण

| क्र.सं. | विद्यालयको नाम | समय तालिका |
|---|---|---|
| १ | हनुमन्तेश्वर उ.मा. वि | अपरन्ह ३:३०–५:३० |
| २ | वैतेश्वर उ.मा. वि | बिहान७:३०–९:३० |
| ३ | कालिञ्चोक उ.मा. वि | अपरन्ह ३:३०–५:३० |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम कार्यान्वयन गर्नका लागि प्रत्येक विद्यालयमा व्यवस्थापन समितिले कक्षाका लागि आवश्यक पर्ने व्यवस्थापन गर्ने देखापरेका समस्याहरु तथा त्यसको समाधान बारे छलफल गर्न आपश्यकता अनुसार वैठक सञ्चालन गर्ने, बसाई व्यवस्थाका लागि सामग्रीहरुको व्यवस्थापन गर्ने आदिको व्यवस्था गर्ने गरेको पाइयो । उक्त समितिले शिक्षक तथा अधिकांश सहभागी महिलाहरुलाई पायक पर्ने गरी कक्षा कोठाको व्यवस्थापन गरी उपयुक्त समयको व्यवस्था गरेको पाईयो । जस अनुसार हनुमन्तेश्वर उच्च माध्यमिक विद्यालय र कालिञ्चोक उच्च माध्यमिक विद्यालय मा दिउँसोको ३ : ३० देखि ५ : ३० सम्म, वैतेश्वर उच्च माध्यमिक विद्यालयमा विहानको ७ : ३० देखि ९ : ३० सम्म कक्षा सञ्चालनको लागि प्रत्येक दिन २ घण्टाको समय निर्धारण पाईयो ।

प्रत्येक विद्यालयमा अनौपचारिक प्रौढ शिक्षा कार्यक्रम प्रावधान अनुसार नै कक्षा सञ्चालन भईरहेको पाइयो । जिल्ला शिक्षा कार्यालयको समन्वयमा साझेदार भै समूदाय स्तरमा महिलासँग छलफल गरी कक्षा सञ्चान गरेमा सहभागी महिलाहरुलाई उपस्थित गराउन सकिन्छ ।

### ४.१.९ अनौपचारिक प्रौढ विद्यालय शिक्षा सञ्चालनमा ल्याएका विद्यालयहरुको मसलन्द सामग्रीको विवरण

अनौपचारिक प्रौढ विद्यालय शिक्षा सञ्चालनमा ल्याएका विद्यालयहरुको मसलन्द सामग्रीको विवरण तलको तालिकामा देखाइएको छ ।

तालिका १०

कक्षा सञ्चालनमा ल्याएका विद्यालयहरुका मसलन्द सामग्री

| क्र.सं. | विवरण | प्रति कक्षा | कैफियत |
|---|---|---|---|
| १ | किताव | प्रति वर्ष प्रति सहभागी | |
| २ | चक | आवश्यकता अनुसार | |
| ३ | डस्टर | आवश्यकता अनुसार | |
| ४ | हाजिर कपी | आवश्यकता अनुसार | |
| ५ | शिक्षक निर्देशिका | प्रति वर्ष | |
| ६ | वैठक पुस्तिका | प्रति वर्ष | |
| ७ | वाल्टिन, मख, कुचो | आवश्यकता अनुसार | |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

माथिको तालिकालाई विश्लेषण गर्दा अनौपचारिक प्रौढ शिक्षा कार्यक्रममा माथि उल्लेखित सामग्रीहरुको व्यवस्था देखिएता पनि सहभागी महिलाहरुले आफ्ना सामानहरु कपी तथा शिशाकलम आफैले व्यवस्था गर्नु पर्ने भएता पनि कोही-कोही सहभागीहरुले आफ्ना आवश्यकीय सामग्रीहरु नलिईकन विद्यालयमा उपस्थित भएको समेत देखिन्छ ।

### ४.१.१० अनौपचारिक प्रौढ विद्यालय कक्षा सञ्चालनमा ल्याएका विद्यालयहरुको पढाई हुने कक्षाको वातावरण

नमुना छनौटमा परेमा विद्यालयहरुको कक्षा कोठाको व्यवस्थापन अनौपचारिक प्रौढ कार्यक्रम सञ्चालनमा ल्याएका विद्यालयहरु आफैंले व्यवस्थापन गरेको पाईयो । तीनवटै विद्यालयका कक्षा अपलोकन गर्दा कक्षाकोठा शान्त वातावरणमा रहेका छन् । वाहिरी असर भने परेको छैन । कक्षाको आकारलाई हेर्दा सम्पूर्ण सहभागी महिलाहरुलाई आफ्ना शैक्षिक क्रियाकलापलाई सहजरुपमा गर्न सकिनेखालको देखिन्छ । सहभागी महिलाहरुले आफ्ना चित्र, लेख, रचनाहरुलाई सूचनापाटीमा तथा आफ्नो कक्षाकोठामा सजिएको देखियो । यसले गर्दा सहभागी महिलाहरुलाई सिर्जनात्मक कार्य तर्फ अभिप्ररित हुन मद्दत पुऱ्याएको देखिन्छ तर सहभागी महिलाहरुद्वारा निर्मित त्यती सामग्रीहरुलाई व्यवस्थित रुपले राखिएको भने थिएन ।

कक्षा विभिन्न उमेर समूहका प्रौढ महिलाहरु भएकोले सबै सहभागीहरुको रुचि क्षमता समान नहुदा शिक्षकलाई अध्यापन गर्न कठिन भएको जानकारी पाइयो । किनकी त्यस कक्षामा कोही महिलाहरु कक्षा ८ पास भएका कोही महिलाहरु कक्षा ५ पास भएका भने केही महिलाहरु साक्षर मात्र रहेका थिए । तापनि कक्षालाई सबै सहभागीहरुलाई ध्यानमा राखी कक्षा अध्यापनमा शिक्षकको प्रयास थियो । यस बाट कक्षाकोठा सहभागी केन्द्रितपूर्ण थियो भन्न सकिन्छ ।

अनौपचारिक प्रौढ कार्यक्रमले राखेको उद्देश्य तथा लक्षित समूहलाई मध्य नजर राखेर कक्षाहरु सञ्चालन गर्ने गरेको पाइयो । यी समूहका महिलाहरुलाई  दिउँसो भन्दा विहान तथा वेलुकाको समय प्रभावकारी भएको कार्यक्रम सञ्चालक एवं प्रधानाध्यापक गोपालध्वज श्रेष्ठले बताए ।

दिउँसोको समय महिलाहरुले आफ्नो घरको काम भ्याउनु पर्ने बाध्यताले गर्दा बिहान बेलुकाको समय उनीहरुको लागि उपयुक्त रहेको सहभागीहरुको धारणा रहेको पाइयो । यसले गर्दा हनुमन्तेश्वर उच्च माध्यमिक विद्यालयमा बेलुकाको समयले गर्दा सहभागीहरुको संख्यामा नियमितता रहेको शिक्षिका राधिका खतिवडाले बताइन् ।

समग्रमा कक्षाको आन्तरिक तथा वाह्य वातावरण उपयुक्त नभएता पनि सहभागीहरुलाई सहभागी मूलक हुने  खालको छ । खेल्ने सामग्रीहरुको अभाव रहेको छ किनकी उनीहरुको स्तर अनुसारका खेल्ने सामग्रीहरु नभएको कारण उनीहरुमा खेल्ने उमेर पनि नभएक कुनै आपत्तिको विषय रहेन । तदापी पिउने पानी, शौचालयको ब्यबस्था प्रयाप्त रहेको छ । जिल्ला शिक्षा कार्यालयका कर्मचारीहरु तथा स्थानीय व्यक्तिहरुको भुमिका  महत्वपूर्ण भएता पनि हाल सम्म तेस्रो तह पास हुनेहरुको संख्या कम मात्रमा रहेका देखिन्छन् । तापनि सहभागी महिलाहरुको बारेमा स्थानीय व्यक्तिहरुको यो कार्यक्रम प्रतिको धारणा सकारात्मक नै रहेको पाइयो ।

### ४.१.११ अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम  सञ्चालनको आर्थिक व्यवस्थापनको विवरण

नमूना छनौटमा परेका अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम सञ्चालनका लागि भइरहेको आर्थिक व्यवस्थापनलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ११

विद्यालयहरुले पढाउँनका लागि गरिएको ब्यबस्थाको विवरण

| क्र.सं. | विद्यालयको नाम | शिक्षक संख्या | अनुभव वर्ष | तलव स्केल रु. | तलव दिने निकाय |
|---|---|---|---|---|---|
| १ | हनुमन्तेश्वर उ.मा. वि | १ | ३ | २०००/ | जि.शि.का |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | वैतेश्वर उ.मा. वि | १ | ३ | २०००/ | जि.शि.का |
| ३ | कालिञ्चोक उ.मा. वि | १ | २ | २०००/ | जि.शि.का |

स्रोतः स्थलगत अध्ययन, २०६९ ।

प्रत्येक विद्यालयले एक-एक जनालाई शिक्षकको ब्यबस्था गरी उनीहरुलाई मासिक तलव रु. २०००/२००० जिल्ला शिक्षा कार्यालयबाट खुवाउदै आएको छ । आवश्यक पर्ने भौतिक सुविधाहरु विद्यालयहरु आफैले र मसलन्द खर्च वापत वार्षिक रु. ६००० जिल्ला शिक्षा कार्यालयले दिने ब्यबस्था गरिएको छ । हनुमन्तेश्वर, वैतेश्वर उ.मा.वि. मा ३–३ वर्ष र कालिञ्चोक उ.मा.वि मा ३ वर्ष को शिक्षकले अध्यापन गराईरहेका छन् । उनीहरुको पाठ्यक्रम एवं पाठ्यपुस्तक नेपाल सरकारले निःशुल्क रुपमा वितरण गर्दै आइरहेको छ ।

### ४.१.१२. अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमको मूल्याङ्कन प्रक्रिया

नमूना छनौटमा परेका अनौपचारिक प्रौढ विद्यालय कक्षा सञ्चालनमा विद्यार्थीहरुको मुल्याङ्कन प्रक्रिया निम्न खनुसार रहेको छ ।

तालिका १२
मूल्याङ्कन प्रक्रिया

| क्र. स. | परीक्षा प्रकार | मूल्याङ्कन अवधि | कैफियत |
|---|---|---|---|
| १ | मासिक | एक -एक महिना | प्रश्न पत्र निर्माण शिक्षक आफैले |
| २ | त्रैमासिक | चार-महिना | |
| ३ | द्धितीय त्रैमासिक | चार-महिना | |
| ४ | वार्षिक | वर्षको अन्तिममा | |

स्रोतः स्थलगत अध्ययन, २०७०

माथिको तालिकालाई विश्लेषण गर्दा प्रत्येक विद्यालयहरुले मासिक रुपमापरीक्षा लिदै चार-चार महिनामा प्रथम त्रैमासिक,फेरी चार-चार महिनामा द्धितीय त्रैमासिक र अन्तिम परीक्षा सञ्चालन गरी वार्षिक ४ पटक लिईएर कक्षा उत्रीर्ण गराउने ब्यबस्था गरिएको छ । र सो मूल्याङ्कन प्रक्रियाका लागि प्रश्न पत्र निमार्ण शिक्षक आफैले बनाइ औपचारिक विद्यालयहरुसँगै लिइने प्रक्रिया रहेको छ ।अनौपचारिक प्रौढ विद्यालयलाई ब्यवहारिक एवं प्रभावकारी बनाउनका लागि प्रत्येक तीन-तीन महिना परीक्षा सञ्चालन गरी पहिलो त्रैमासिकमा १० प्रतिशत, दोस्रो त्रैमासिकमा ३० प्रतिशत र अन्तिम परीक्षामा ६० प्रतिशतका प्रश्न पत्र निर्माण गरी तह उत्तीर्ण गराइन्छ । जसको नतिजा निम्न अनुसार रहेको छ । त्यसैगरी प्राथमिक तहका लागि तीन वर्षे निम्न माध्यमिक तहको दुई वर्षे र माध्यमिक तहको लागि एक वर्षे पाठ्यक्रम बनाइ उनीहरुमा एस्. एल. सी. तह सम्म उर्त्तिण गराउने र उनीहरुलाई पनि देशको जनशक्ति तयार पार्ने लक्ष्य राखिएको छ ।

### ४.१.१३ अनौपचारिक प्रौढ विद्यालय कक्षा सञ्चालनमा ल्याएका विद्यालयहरुको अध्ययन हुने विषयहरुको विवरण

नेपाल सरकारको शिक्षा मन्त्रालय अनौपचारिक शिक्षा केन्द्र सानोठिमी, भक्तपुरले बनाएको पाठ्यपुस्तकलाई आधार मानी ५ वटा विषयहरुमा अध्यापन गरिएको छ । जुन निम्न अनुसार रहेका छन् ।

तालिका १३

अध्ययन हुने विषयहरु

| क.सं. | विषय | पाठ्यभार | पूर्णाङ्क | उत्रीर्णाङ्क |
|---|---|---|---|---|
| १ | नेपाली | ४ | १०० | ३२ |
| २ | अंग्रेजी | ४ | १०० | ३२ |
| ३ | गणित | ४ | १०० | ३२ |
| ४ | सामाजिक | ३ | १०० | ३२ |
| ५ | विज्ञान | ३ | १०० | ३२ |
| | जम्मा | १८ | ५०० | १६० |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

हरेक विद्यालयहरुले अनिवार्य रुपमा नेपाली, अंग्रेजी, गणित, सामाजिक र विज्ञान विषयलाई १००-१०० पूर्णाङ्क राखी प्रत्येकलाई ३२-३२ उत्तीर्णाङ्कको आधारमा पठन पाठन गर्दै आएको पाइन्छ तथा नेपाली, अंग्रेजी र गणितलाई हप्तामा ४-४ पिरियड र सामाजिक र विज्ञानलाई हप्तामा ३-३ पिरियड राखी अध्यापन गराईएको छ ।

## ४.२. अनौपचारिक प्रौढ विद्यालय अन्तर्गत महिला शिक्षा कार्यक्रम प्रति समाजसेवीहरुको दृष्टिकोण

औनौपचारिक पौढ विद्यालय शिक्षा कार्यक्रम प्रभावकारी भए नभएको तथा त्यसको सफलता र असफलताका सम्बन्धमा  समाज सेवीको दृष्टिकोण बुझ्न गरिएको छलफल र त्यसबाट प्राप्त प्रतिक्रियालाई निम्न अनुसार औल्याइएको छ ।

### ४.२.१ पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी दृष्टिकोण

अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारी भए नभएको  मध्ये पाठ्क्रमलाई हरेक विद्यालयमा पुऱ्याउन सकिएको छैन । त्यसैले सक्षमले अध्यापन गराउदा पाठ्यपुस्तकलाई मात्र आघार मानि अध्यापन गराइएको पाठ्यक्रमको अभाव रहेको छ । यस कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि पाठ्यक्रमलाई हरेक शिक्षकहरुलाई पाठ्यक्रम उपलब्ध गराउनु पर्ने ।

अनौपचारिक प्रौढ विद्यालय शिक्षाको लागि आवश्यक प्रत्येक विषयका पाठ्यपुस्तकहरु सबै सहभागी महिला विद्यार्थीहरुमा रहेएको छ ।

### ४.२.२ शिक्षक तथा प्रधानाध्यापक सम्बन्धी दृष्टिकोण

अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमकलाई हरेक शिक्षकहरुले आफ्ना सहभागी प्रौढ महिला विद्यार्थीहरुलाई जान्ने र नजान्नेहरुलाई छुट्टयाएर अध्यापन गराउनु पर्ने । हरेक विषयहरुलाई एउटै शिक्षकले भन्दा छुट्टा-छुट्टै शिक्षकले अध्यापन गराउनु पर्ने । सबै विषय एउटै शिक्षकले पढाएको कारण शिक्षकमा पनि अन्योलता भएकोले अध्यापन गराउँदा हरेक विद्यार्थीहरुको व्यक्तिगत खुवीलाई ध्यानमा राखी अध्यापन गराउनु पर्ने देखिएको छ ।

अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमकलाई प्रभावकारी बनाउनका लागि प्रधानाध्यापकको अहं भूमिका रहेको हुन्छ किनकी हरेक व्यवस्थापन देखि अनुगमन सम्मका कार्य प्रधानाध्यापक स्वयं आफैले गर्नु पर्ने हुन्छ । त्यही कार्य हरेक प्रधानाध्यापकले सन्तोषजनक रुपमा अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमका शिक्षाको पठनपाठन शैलि हेर्दा प्रत्येक विषयका लागि अलग अलग शिक्षकको व्यवस्था, कक्षामा जान्ने नजान्नेको छुटै समूह बनाई पठनपाठन क्रियालाई संचालन गर्दा राम्रो हुने हुन्छ । गरेको पाइयो ।

### ४.२.३. विद्यार्थीहरु सम्बन्धी दृष्टिकोण

नमूना छनौटमा परेका समाजसेवीहरुको व्यवहारलाई निम्नानुसार औल्याइएको छ । नियमति विद्यालय आउने, कक्षा कार्य र गृहकार्य गर्ने नियमित रुपमा विद्यालयमा उपस्थित हुने, आफ्नो शिक्षले दिएको कक्षाकार्य गर्ने, गृहकार्य गर्ने, आफ्ना शैक्षिक सामग्री जस्तै किताब, कपी, शिशाकलम जस्ता सामग्रीहरुको व्यवस्थापन गर्‍यो भने मात्र अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमकले राखेका लक्ष्यहरु पुरा हुने हुन्छ ।

सहभागी महिलाहरुले आफ्नो दायित्वलाई बुझी उनीहरुको व्यवहारमा सकारात्मक परिर्वतनहरु आएको । उनीहरुले लेखपढ गर्न सकेका, आफ्नो वयवहारमा आएका साधारण हिसाक किताबहरुलाई गर्न सकेका, आफ्ना घर व्यवहारका आएका समस्याहरुलाई समाधान गर्न सक्ने जस्ता सकारात्मक परिर्वतनहरु देखिन्छन भने हरेक विद्यार्थीहरु नियमित द्यिालयमा उपस्थित हुन नसकेका जस्ता समस्याहरु देखिएका छन् ।

### ४.२.४ समाजसेवीहरुका आधारमा अनौपचारिक शिक्षा कार्यक्रमलाई सुधार गर्नु पर्ने रायहरु

नमूना छनौटमा परेका समाजसेवीहरुले अनौपचारिक विद्यालय शिक्षा कार्यक्रमको लागि निम्न अनुसारको सुधार तथा रायहरुलाई व्यक्त गरेका छन् ।

तालिका १४

समाजासेवीहरुका आधारमा अनौपचारिक शिक्षा कार्यक्रमलाई सुधार गर्नु पर्ने रायहरु


| क्र. सं. | राय-सुझाव | सहभागी संख्या | उत्तरदाता संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | प्रर्याप्त वजेटको व्यवस्थापन गर्नु पर्ने | १५ | ६ | |
| २ | कार्यक्रमलाई नियमित, प्रभावकारी रुपमा अनुगमन गर्नु पर्ने | | ४ | |
| ३ | अभिभावकहरुल आफ्ना परिवारलाई समय दिनु पर्ने | | ३ | |
| ४ | कार्यक्रमका लागि अध्ययनका रुपमा समय थप गर्नु पर्ने | | २ | |
| ५ | पाठ्यक्रम र पाठ्यपुस्तक समयमै सबैलाई उपलब्ध गराउनु पर्ने | | ८ | |
| ६ | विषयगत शिक्षकको व्यवस्था गर्नु पर्ने | | १२ | |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

माथिको तालिकालाई विश्लेषण गर्दा अनौपचारि प्रौढ विद्यालय शिक्षा कार्यक्रमलाई सफल बनाउनका लागि समाजसेवीहरुको दृष्टिकोणमा कार्यक्रमलाई व्याउनका लागि केन्द्र देखि स्थानीय तहबाटनै वजेटको व्यवस्था गर्नु पर्नेमा ६ जना, जिल्ला शिक्षा कार्यालय, स्रोत व्यक्तिहरुले अनुगमन गर्नु पर्नेमा ४ जना, हरेक अभिभावकहरुले आफ्ना परिवारका महिलाहरुलाई समय दिनु पर्नेमा ३ जना त्यसैगरी कार्यक्रमलाई मात्र २ घण्टा समय अपुग भई समय थप्नु पर्नेमा २ जना, पाठ्यक्रम र पाठ्यपुस्तकलाई समयमा नै कार्यक्रम संचालन भएका विद्यालयहरुमा पुऱ्याउनु पर्ने भन्नेमा ८ जना, विषयगत शिक्षाको व्यवस्थापन गर्नु पर्नेमा १२ जना समाजसेवीहरुको राय सुझाव दिएका छन् । जसको स्तम्भ चित्र तल देखाइएको छ ।

चित्र ७

समाजासेवीहरुका आधारमा अनौपचारिक शिक्षा कार्यक्रमलाई सुधार गर्नु पर्ने रायहरु




## ४.३ अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता

अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारिता पत्ता लगाउन अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम सञ्चालन गरेका विद्यालयहरुको मूल्याङ्कन अभिलेखबाट प्राप्त विवरण प्रणाली र अध्ययन कर्ताले तयार पारेको प्रश्नद्वारा लिएको परीक्षा पत्रको मार्फत प्राप्त परिणामलाई आधारमा यसको प्रभावकारीता तल उल्लेख गरिएको छ ।

### ४.३.१ अनौपचारिक प्रौढ विद्यालय शिक्षा सञ्चालनमा सिकाइ उपलब्धीको तुलनात्मक विवरण

अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा सिकाइ उपलब्धीको प्रभावकारीतालाई तलको तालिकामा देखाईको छ ।

तालिका १५
अनौपचारिक प्रौढ विद्यालय कक्षा सञ्चालनमासिकाइ उपलब्धीको तुलनात्मक विवरण

| क.सं | विषय | औसत अंक | | कैफियत |
|---|---|---|---|---|
| | | विद्यालयले सञ्चालन गरेको परीक्षाबाट आएको नतिजा | शोधकर्ताले सञ्चालन गरेको परीक्षाबाट आएको | |
| १. | नेपाली | ५८.६ | ५९.३ | |
| २. | अंग्रेजी | ६१.८ | ६२.१ | |
| ३. | गणित | ५३.२ | ५४.२ | |
| ४. | सामाजिक | ७६.५ | ७८.४ | |
| ५ | विज्ञान | ५६.६ | ५६.२ | |


स्रोतः स्थलगत अध्ययन, २०७०

माथिको तालिकालाई विश्लेषण गर्दा के स्पष्ट हन्छ की २०६६ साल देखि शुरुवात भएको कक्षाहरु २०७० सालको परीक्षामा विद्यालयले लिएको परीक्षामा सबैभन्दा बढी सामाजिकमा ७६.५ र सबैभन्दा कम गणितमा ५३.२ त्यसैगरी शोधकर्ताबाट लिइएको परीक्षा सबैभन्दा बढी

सामाजिकमानै ७८.४ र सबैभन्दा कम गणितमा ५४.२ अंक  रहेको छ । नेपाली, अंग्रेजी, विज्ञान विषयहरुमा अंक बढाउदै आएका  छन् । विद्यार्थीको उपस्थिति संख्यामा कम भएता पनि औसत अंकमा वृद्धि भएको छ । यसबाट अझ विद्यार्थीहरुको सिकाइमा उन्नतीमा प्रगति थपिदै गएको देखिन्छ । जसलाई स्तम्भ चित्रमा तल देखाइएको छ ।

चित्र  ८

सिकाइ उपलब्धीको तुलनात्मक विवरण




## ४.३.२ अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमबाट सहभागी महिलाहरुमा आएको परिर्वतन

अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमबाट सहभागी महिलाहरुमा निम्न अनुसारको परिर्वतनहरु देखिन्छन् ।

तालिका नं. १६

अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमबाट सहभागी महिलाहरुमा परिर्वतनहरु

| क्र.सं. | आएको परिर्वतन | सहभागी संख्या | उत्तरदाता संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | लेख पढ गर्न सकेको | | १२ | |
| २ | चिठी पत्र लेख्न र पढ्न सकेको | | ९ | |
| ३ | हर हिसाव राख्न सकेको | १२ | १० | |
| ४ | वातावरणीय सरसफाई गर्न सकेको | | १२ | |
| ५ | स्व: निर्णय लिन सकेको | | ६ | |
| ६ | समाजमा मिलेर बस्न सकेको | | ७ | |
| ७ | प्रजनन् स्वास्थ्यमा ज्ञान भएको | | ६ | |

स्रोत : स्थलगत अध्ययन २०७०

| क्र. सं. | समस्याका प्रकारहरु | उत्तरदाताहरु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | **स्रोत** | **वि.व्य स.** | **प्र.** | **शिक्षक** | **समाजसेवी** | **अभिभावक** | **विद्यार्थी** | **जम्मा** |
| १ | अपायक विद्यालय | १ | १ | | २ | ४ | ४ | २ | १४ |
| २ | परिवारको स्वीकृत नपाएर | २ | २ | २ | ३ | ३ | २ | ६ | २० |
| ३ | परीक्षा अनुपयोगी | २ | | | १ | ५ | ४ | ४ | १६ |
| ४ | जान्ने र नजान्ने एउटै कक्षा | २ | ३ | ३ | ३ | ६ | ३ | ९ | २९ |
| ५ | अनुपयुक्त कक्षा वातावरण | | | १ | | ३ | २ | २ | ८ |
| ६ | पाठ्यक्रम,पाठ्यपुस्तकको अभाव | २ | ३ | ३ | ३ | ४ | ५ | ६ | २६ |
| ७ | शैक्षिक सामाग्रीको अभाव | २ | २ | २ | १ | २ | ४ | १ | १४ |

माथिको तालिकालाई विश्लेषण गर्दा अनौपचारिक प्रौढ विद्यालय कार्यक्रम संचालन भए पछि हरेक सहभागि महिलाहरुले लेख पढ गर्न सकेको चिठी पत्र, लेख्न र पढ्न सकेको आफ्नो घरमा आइपर्ने साधारण हरहिसावहरु राख्न सकेको त्यसै गरी आफ्नो वरीपरि रहेको वातावरण सफा राख्न सकेको, आफ्नो समाजमा मिलेर बस्न सकेको , आफ्नो परिवारमा स्वः निर्णय लिन सकेको र हरेक महिलाहरुमा प्रजनन् स्वास्थ्यको ज्ञान भएको जस्ता परिर्वतनहरु आएका छन् ।

## ४.४ अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा देखिएका समस्याहरु


अनौपचारिक विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारी रुपमा लिदाँ उनीहरुले व्यक्त गरेका प्रतिक्रिया र अवलोकनमा देखिएका समस्याहरुलाई तलको तालिकामा देखाइको छ । तालिका १७

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | समयको कमी | ३ | ३ | ३ | ३ | ६ | ६ | १० | ३४ |
| ९ | समाजको गलत दृष्टिकोण | २ | १ | २ | ३ | ५ | २ | ३ | १८ |
| १० | विषयगत शिक्षकको अभाव | ३ | २ | १ | ३ | १० | ५ | १२ | ३६ |
| ११ | आर्थिक अभाव | १ | १ | २ | १ | ९ | ३ | ३ | २० |
| उत्तरदाता जम्मा | | ३ | ३ | ३ | ३ | १५ | ६ | १२ | ४५ |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

माथिको तालिकालाई विश्लेषण गर्दा अनौपचारिक विद्यालय शिक्षा कार्यक्रममा विभिन्न समस्याहरु रहेका छन् जसमा आफ्नो घरबाट टाढा विद्यालय भएकोमा (१४) ६ प्रतिशत, हरेक विद्यार्थीहरुलाई आफुलाई पढ्न मन हुदा-हुदै परिवारको स्वीकृत नपाएकामा (२०) ९ प्रतिशत, विद्यालयले सञ्चालन गरेको परीक्षा मर्यादित परीक्षा प्रणाली नभएकोमा (१६) ७ प्रतिशत, हरेक जान्ने र नजान्ने विद्यार्थीहरलाई एउटै कक्षामा राखरे अध्ययन गराएकोमा (२९) १२ प्रतिशत, कक्षा कोठाको वातावरण अनुपयुक्त भएकोमा (८) ३ प्रतिशत, समयमानै पाठ्यक्रम र पाठ्यपुस्तको अभावमा (२६) ११ प्रतिशत, कक्षामा शैक्षिक सामग्रीको अभावमा (१४) ६ प्रतिशत, समयको कमीमा (३४) १४ प्रतिशत तथा समाजले हेर्ने दृष्टिकोण अझै पनि गलतमा (१८) ८ प्रतिशत र आर्थिक अभावमा (२०) ९ प्रतिशत जस्ता समस्याहरु रहेका छन् । जुन समस्याहरुलाई पाई चार्टमा तल देखाइएको छ ।

चित्र ९



## ४.५. अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरु

अनौपचारिक प्रौढ विद्यालय कार्यक्रमको प्रभावकारिता बढाउनको लागि नमुना छनौटमा परेका उत्तरुदाताहरुबाट प्राप्त राय सुझाव तथा उपायहरु निम्ननुसार रहेका छन् ।

तालिका नं १८

अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमको प्रभावकारी बनाउने उपायहरु


| क्र.स | समाधानका उपायहरु | उत्तरदाताहरु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | स्रोत व्यक्ति | वि.व्य स. अध्यक्ष. | प्र. अ. | शिक्षक | समाजसेवी | अभिभावक | विद्यार्थी | जम्मा |
| १ | पायक विद्यालय हुनु पर्ने | १ | १ | | १ | २ | ५ | २ | १२ |
| २ | परिवारले स्वीकृत दिनु पर्ने | १ | ३ | २ | ३ | ३ | २ | ७ | १९ |
| ३ | परीक्षा उपयक्त बनाउनु पर्ने | २ | | | १ | ६ | ४ | ५ | १८ |
| ४ | जान्ने र नजान्नेलाई छुट्टै कक्षा हुनु पर्ने | ३ | ३ | ३ | ३ | ६ | ३ | ९ | ३० |
| ५ | उपयुक्त कक्षा वातावरण | ३ | | १ | १ | ३ | ३ | ३ | १४ |
| ६ | पाठ्यक्रम,पाठ्यपुस्तकको व्यवस्थापन गरिनु पर्ने | | ३ | ३ | ३ | ५ | ६ | ४ | २४ |
| ७ | शैक्षिक सामग्रीको व्यवस्थापन गरिनु पर्ने | ३ | २ | २ | १ | २ | ४ | २ | १६ |
| ८ | समय थप गर्नु पर्ने | २ | ३ | ३ | ३ | ६ | ६ | ११ | ३४ |
| ९ | समाजको गलत दृष्टिकोण हटाउनु पर्ने | ३ | | २ | १ | ५ | २ | ३ | १६ |
| १० | विषयगत शिक्षकको व्यवस्थापन गरिनु पर्ने | ३ | २ | १ | ३ | १२ | ५ | ६ | ३२ |
| ११ | प्रयाप्त वजेटको व्यवस्थापन गरिनु पर्ने | १ | १ | २ | २ | ९ | ३ | ४ | २० |
| उत्तरदाता जम्मा | | ३ | ३ | ३ | ३ | १५ | ६ | १२ | ४५ |

स्रोतः स्थलगत अध्ययन, २०७० ।

माथिको तालिकालाई विश्लेषण गर्दा अनौपचारिक विद्यालय शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि विभिन्न उपायहरु रहेका छन् जसमा आफ्नो घरबाट टाढाँ विद्यालय बनाउनु पर्नेमा १२, हरेक विद्यार्थीहरुलाई आफुलाई पढ्न मन हुदा-हुदै परिवारको स्वीकृत पाउनु पर्नेमा १९, विद्यालयले सञ्चालन गरेको परीक्षा मर्यादित परीक्षा प्रणाली बनाउनु पर्नेमा १८, हरेक जान्ने र नजान्ने विद्यार्थीहरलाई छुट्टाछुट्टै कक्षामा राखेर अध्यापन गराउनु पर्नेमा ३०, कक्षा कोठाको वातावरण उपयुक्त

बनाउनु पर्नेमा १४, समयमानै पाठ्यक्रम र पाठ्यपुस्तको व्यबस्थापन गर्नु पर्नेमा २४, कक्षामा शैक्षिक सामग्रीको निर्माण गर्नु पर्नेमा १६, समयलाई थप गर्नु पर्नेमा ३४, तथा समाजले हेर्ने दृष्टिकोण परिर्वतन गर्नु पर्नेमा १६ वजेटको व्यबस्थापन गर्नु पर्नेमा २० जनाले जस्ता उपायहरुाहरु बताएका छन् । जुन उपायहरुलाई स्तम्भ चित्रमा तल देखाइएको छ ।

चित्र १०
अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने उपायहरु



# परिच्छेद पाँच : प्राप्ती, निष्कर्ष तथा सुझाव

## ५.१ प्राप्ति

नेपालको साक्षरता दरलाई बढाउनका र शिक्षाको विकास गर्न लागि महिलाहरुलाई ससक्तिकरण गर्न आवश्यक छ भनी २०६५ साल श्रावण २१ गते कान्तिपुरमा प्रकाशित **"पाकालाई छुट्टै स्कुल"** को आधारमा प्रकाशन गरिएको थियो । राष्ट्रिय स्तरमा संचालन भएका विभिन्न अध्ययन अनुसन्धानले साक्षर दर बढाउनको लागि हाल नेपालका सरकार अनौपचारिक शिक्षा कार्यक्रम प्रभावकारी छैन । हरेक कार्यक्रमहरु कागज मुखी वजेट मुखी भई व्यवहारमा लागुहुन सकिरहेका छैनन् । शैक्षिक विकासका लागि अनौपचारिक शिक्षा कार्यक्रम मध्ये अनौपचारिक प्रौढ विद्यालय कार्यक्रमकोले हरेक महिलाहरुको शैक्षिक विकासको लागि अहम् भुमिका खेलेको हुन्छ । तसर्थ यो अध्ययन पनि दोलखा जिल्लामा अनौपचारिक प्रौढ विद्यालयको स्थिति र प्रभावकारिता सम्बन्धि अवस्था बुझ्न सो जिल्लाका कुल विद्यालयको १८.७५ प्रतिशत (३ ओटा) सोत केन्द्रलाई अध्ययनमा समावेश गरी सम्बन्धित केन्द्रका स्रोत व्यक्ति, विद्यालयका प्र.अ., शिक्षक,वि.व्य.स.का अध्यक्ष र अनौपचारिक प्रौढ विद्यालय विद्यार्थीहरुलाई आधार मानेर यो सर्भे २०७० साल फाल्गुण २० गतेबाट शुरु गरी चैत्र २० गते सम्म यो सर्वेक्षण सञ्चालित गरिएको थियो । यस अनुसन्धान गर्नुको मुख्य उद्देश्य अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम अन्तर्गत महिलाहरुमा सहभागीताको पत्ता लगाउन, अनौपचारिक प्रौढ विद्यालय कक्षाको वर्तमान स्थितिको पहिचान गर्न , अनौपचारिक प्रौढ विद्यालयको प्रभावकारिता पत्ता लगाउनु राखिएको थियो । यी उद्देश्यका आधारमार वर्णनात्मक अनुसन्धान ढाँचाबाट ३ जना प्र.अ., ३ जना शिक्षक, ३ जना वि.व्य.स.का अध्यक्ष, ३ जना स्रोत शिक्षकहरु, १२ जना अनौपचारिक प्रौढ विद्यालय महिलाहरु तथा उनीहरुका अभिभावकहरु मध्येबाट ६ जना र समाजसेवीहरुबाट १५ जना छनोट गरी उनीहरुबाट गुणात्मक सूचना र तथ्यपूर्ण तथ्याङ्कहरु प्रश्नावली, अन्तरवार्ता र अवलोकनका आधारमा प्राप्त गरिएको छ । विद्यालय छनोट गर्दा विद्यालयको भौगोलिक सन्तुलन सरकारी विद्यालयको स्तरीयताका आधारमा समेत अध्ययन गरी उद्देश्यमूलक नमूना छनोट विधि प्रक्रियालाई अपनाइएको छ ।

यस अध्ययनका मुख्य प्राप्तीहरुको सारा ; निम्नानुसार उल्लेख गरिएको छ ।

दोलखा जिल्लामा वि.सं. २०६८ साल... ४०.२८ प्रतिशत महिलाहरु साक्षरता दर रहेको छ । दोलखा जिल्लामा वि.सं. २०६६ सालमा अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा २६

वटा सञ्चालनमा आएका छन् । दोलखा जिल्लामा अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रकमा २०-५० वर्ष सम्मका महिलाहरुले सहभागी रहेका छन् । अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमको भौतिक सुविधाहरुको व्यवस्थापन विद्यालयले आफैले गरेको छ । अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा अध्यापन गर्ने शिक्षकलाई मासिक रुपमा २००० तलब दिइने व्यवस्था गरिएको छ । अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम अध्यापन अवधि प्रत्येक दिन २ घण्टा निर्धारण गरिएको छ । अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा सहभागी महिलाहरु कोही कक्षा ८ का भने कोही साक्षर भएकाहरु पनि एउटै कक्षामा अध्ययन गरेका छन् । अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा नेपाल सरकारका प्राथमिक विद्यालय तहमा लागु भएका अनिर्वाय विषयहरु नेपाली, अंग्रेजी, गणित, सामाजिक र विज्ञान विषयहरु १००-१०० पूर्णाङ्क राखी ३२ अंकमा पास गरिने प्रावधान राखी विषयहरुलाई हप्तामा १८ पिरियडमा अध्यापन गरिएको छ । अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा विद्यालय शिक्षा कार्यक्रममा विद्यालयको अभिलेखबाट नेपालीमा ५८.६, अंग्रेजीमा ६१.८, गणितमा ५३.२, सामाजिकमा ७६.५ र विज्ञानमा ५६.६ औषत अंक रहेकोमा शोध कर्ताबाट लिएको परीक्षामा नेपाली विषयमा ५९.३, अंग्रेजीमा ६२.१, गणितमा ५४.२, सामाजिकमा ७८.४ र विज्ञान विषमा ५६.२ रहेको छ । अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा सहभागी विद्यार्थीहरुमा हनुमन्तेश्वर उच्च माध्यमिक विद्यालयमा २०६६ सालमा ३६ बाट २०७० सालमा घटेर १५, वैतेश्वर उच्च माध्यमिक विद्यालयमा २०६६ सालमा २१ बाट २०७० सालमा घटेर ८ र कालिञ्चोक उच्च माध्यमिक विद्यालयमा २०६६ सालमा २७ बाट २०७० सालमा घटेर १२ मा समग्रमा ५८.३ प्रतिशत सहभागी महिला विद्यार्थीहरुले विद्यालय छाडेका रहेछन् । अनौपचारिक विद्यालय शिक्षा कार्यक्रममा हरेक विद्यालयमा पाठ्यक्रमहरुको अभाव भएको छ । अनौपचारिक विद्यालय शिक्षा कार्यक्रममा विषयगत शिक्षण नभई वर्ग शिक्षण गरिएको छ । अनौपचारिक प्रौढ शिक्षा कार्यक्रम संचालन भए पछि हरेक सहभागी महिलाहरुले लेख पढ गर्न सकेको, चिठी पत्र, लेख्न र पढ्न सकेको, आफ्नो घरमा आइपर्ने साधारण हरहिसावहरु राख्न सकेको त्यसै गरी आफ्नो वरीपरि रहेको वातावरण सफा राख्न सकेको, आफ्नो समानमा मिलेर बस्न सकको, आफ्नो परिवारमा स्वः निर्णय लिन सकेको र हरेक महिलाहरुमा प्रजनन् स्वास्थ्यको ज्ञान भएको जस्ता परिर्वतनहरु आएका छन् ।

## ५.२ निष्कर्ष

दोलखा जिल्लामा अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमको स्थिति र प्रभावकारितालाई सारांशमा  लिदाा अनुसूचीलाई आधार मानिएको छ । जसमा पाँच खालका प्रश्न बनाएर जस अर्न्तगत दोलखा जिल्लाका सामुदायिक विद्यालय मध्ये ३ वटा विद्यालयमा अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम सञ्चालन भएका सामुदायिक विद्यालयलाई उद्देश्य मुलक नमुना छनौटमा अध्ययनको क्षेत्रको रुपमा लिइएको छ । जसमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, स्रोत व्यक्तिहरु, शिक्षाकरु, समाजसेवी एवं अभिभावक मध्ये बाट ३३ जना र अनौपचारिक प्रौढ विद्यालय कार्यक्रममा सहभागी विद्यार्थीहरु मध्येबाट प्राथमिक तहका विद्यार्थीहरुलाई ४-४ जनालाई उत्तरदाताको रुपमा मानिएको छ। प्रत्येक प्रश्न सम्बन्धित ठाउँमा साधिएको थियो । सोही अनुसुची अनुसार पाँच किसिमका उत्तरहरु प्राप्त भएका छन् ।

दोलखा जिल्लाका अनौपचारिक प्रौढ विद्यालयमा महिला शिक्षा कार्यक्रमको स्थिति र प्रभावकारिता  शोधपत्र तयार पार्ने क्रममा त्यसको समाधानमा शोधकर्ताले केही सिफारिस गर्ने क्रममा पाँच खाले प्रश्न ५ समूहलाई राखेर त्यसका उत्तरहरुलाई केलाउने क्रममा प्रश्न सम्बन्धित क्षेत्रका  उत्तरदातालाई आधार मान्दा हाम्रो जस्तो देशको अनौपचारिक शिक्षा कार्यक्रमले अहिलेसम्म खासै प्रगति हुन सकेको देखिदैन त्यसमा पनि पहाडी दोलखा जिल्लाका मानिसहरु विभिन्न कारणहरुले यस कार्यक्रमलाई प्रभावकारी बनाउन सकेका छैनन् ।

हरेक मानिसहरुका आ-आफ्ना इच्छा, चाहना र आवश्यकताहरु हुन्छन् । त्यसलाई परिपूर्ति गर्नका लागि विशेषः शिक्षानै महत्वपुर्ण पाटोको रुपमा मानिन्छ । त्यसैले हरेक नागरिकहरुले जुनसुकै कुराहरु सिक्नु, जान्नु बुझ्नु जरुरी हुन्छ । तसर्थ त्यी कारणहरुले अनौपचारिक शिक्षा कार्यक्रमबाट सञ्चालनमा आएका छन् । त्यसबाट अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमहरुले प्रत्यक्ष रुपमा फाइदा लिएका छन् ।

नेपाली समाजमा बाल्यबस्थामा नेपाली नागरिकले पढ्न नपाएता पनि हाल आएर देशका साक्षरता दरलाई वृद्धि गर्नका लागि अनौपचारिक शिक्षा कार्यक्रम अर्न्तगत महिला साक्षरता, चेलीबेटी कार्यक्रम, आधारभुत शिक्षा परियोजना, पौढ शिक्षा कार्यक्रम, नारी शिक्षा, अनौपचारिक प्रौढ विद्यालय कार्यक्रमकोले देशको शैक्षिक उन्नति भन्दा महिलाको साक्षरता दरलाई वृद्धि गरेको छ ।

## ५.३ सुझावहरु

प्रधानाध्यापक, विद्यालय व्यवस्थापन, शिक्षक, सहभागी महिलाहरु र अनौपचारिक प्रौढ विद्यालय कार्यक्रमहरु आफुमा जवाफदेहिता हुनु प्रदछ । हरेक अनौपचारिक प्रौढ विद्यालय कार्यक्रमहरु नियमित रुपले विद्यालयको प्रगतिवारे जानकारी गराउनु प्रदछ । तिनीहरुलाई विद्यालयमा भए गरेका क्रियाकलापको बारेमा अनुगमन समेत गराउनु प्रदछ । जसले गर्दा अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमको सम्बन्धमा सुधार आउँछ । जसको फलस्वरुप अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमहरुलाई आफ्नो जीवन अभिवृद्धि भई विभिन्न सहयोग प्राप्तीमा सफल हुन्छ । जुन सुझावहरुलाई निम्न लिखित बुदामा प्रस्तुत गरिन्छ ।

### ५.३.१ कार्यान्वयन तह

कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि समुदाय, अभिभावक, जिल्ला शिक्षा कार्यालय, प्रधानाध्यापक, शिक्षक, सहभागी महिला विद्यार्थीहरुले आफ्नो दायित्वलाई निर्वाह गर्नुपर्ने । हरेक सहभागी विद्यार्थीहरुलाई जान्ने र नजान्ने एवं उमेर समूहमा विभाजन गरी अध्यापन गर्नु पर्ने । अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा सञ्चालित कार्यक्रमलाई विभिन्न माथिल्लो तहका विभिन्न व्यक्तित्वहरुले अनुगमन र सुपरीवेक्षण गरी विद्यार्थी, शिक्षक, प्रधानाध्यापक, अभिभावकहरुलाई पृष्ठपोषण दिनुपर्ने । अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमलाई आवश्यक पर्ने भौतिक सुविधाहरुलाई विद्यालय व्यवस्थापन समितिले व्यवस्थापन गरिदिनु पर्ने । विद्यालय र समूदायको अपनत्व कायम राख्नका लागि  समय-समयमा अभिभावक भेला, सेमिनार, गोष्ठी र चेतना मुलक कार्यक्रमहरु सञ्चालन गरिनु पर्ने । शिक्षकलाई मासिक तलवमा वृद्धि गरी विषयगत शिक्षकको व्यवस्था गरिनु पर्ने । हरेक सहभागी महिलाहरुलाई कक्षामा बस्नको लागि उनीहरुको उमेर अनुसारको व्यवस्था  हुनु पर्ने ।  अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा रहेका हरेक विद्यालयहरुलाई पाठ्यक्रको व्यवस्था गरिनु पर्ने । हरेक प्रौढ महिलाहरुलाई समेट्नका लागि विद्यालयलाई पाएक पर्ने स्थानमा अध्यापन गराउनु पर्ने ।अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा सञ्चालनमा आएका कक्षाहरुलाई रमणीय वातावरण सिंजना गरी आर्कषण बनाउनु पर्ने । अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमको पाठ्यक्रमले तोकिएका शैक्षिक सामग्री अनुसारको व्यवस्थापन गरी सोही अनुसार अध्यापन गराउनु पर्ने । अनौपचारिक प्रौढ विद्यालय कार्यक्रमहरुका सहभागी विद्यार्थीहरुलाई शैक्षिक भ्रमणको व्यवस्था गरिनु पर्ने । अनौपचारिक प्रौढ विद्यालय कार्यक्रममा सञ्चालनमा परीक्षा प्रणालीलाई निर्दिष्ठ बनाउनु पर्ने । अनौपचारिक प्रौढ विद्यालय कार्यक्रमका हरेक महिलाहरु देशका आवश्यक पर्ने जनशक्ति भएकोले सीपमूलक, व्यवहारिक

बनाउनु पर्ने । अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमहरुका विषयहरु ५-५ वटा भएको हुनाले प्रत्येक विषयहरुलाई समय थप गरी अध्यापन गराउनु पर्ने । अनौपचारिक प्रौढ विद्यालय कार्यक्रममा सहभागीहरुलाई आवश्यक पर्ने स्टेशनरी साम्रगीहरुको व्यवस्था विद्यालयले तथा सरकारी तथा गैर सरकारी संघ-संस्थाले व्यवस्थापन गर्नु पर्ने ।

### ५.३.२ नीतिगत तह

अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमकलाई प्रभावकारिता बढाउनका लागि नीति गत तहमा निम्न सुझावहरुको कार्यावयन गर्नु पर्ने देखिन्छ ।

अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमहरुका महिलाहरुको सहभागीता बढाउनका लागि चेतना मूलक कार्यक्रमहरुको सञ्चालन गर्नु पर्ने देखिन्छ । अनौपचारिक शिक्षा कार्यक्रमहरु मध्ये अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा अध्यापन गराउने शिक्षकहरु हरेक प्रौढ महिलालाई पक्षपात रहित वातावरण बनाई सोही अनुसार अध्यापन गराउनु पर्ने देखिन्छ । अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमहरुका सहभागी विद्यार्थीहरुलाई नातावाद, क्रिपावाद नगरी समान रुपमा हेर्नु पर्ने कुराहरु तहबाट नै गर्नु पर्ने देखिन्छ । स्थानीय स्तरमा महिलाहरुको शैक्षिक स्थितिलाई विकास गर्न गाँउ शिक्षा समितिले समय-समयमा विभिन्न किसिमका अन्तरक्रियाको योजना मिलाउनु पर्ने र उनीहरुमा यस कार्यक्रमा सहभागी हुन सजिलो हुने ठाउँमा विद्यालय स्थापना गरिने नीति बनाउनु पर्ने देखिन्छ । अनौपचारिक प्रौढ विद्यार्थीहरुको कक्षा सञ्चालनलाई प्रभावकारी बनाउन भौतिक सुविधाको साथै आर्थिक सुविधा प्रत्येक सहभागी महिलाहरुलाई छात्रावृत्ति दिने नीति बनाउनु पर्ने देखिन्छ । अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमहरुमा अनुगमन तथा सुपरीवेक्षण गर्नका लागि जिल्ला शिक्षा कार्यालय तथा स्रोत केन्द्रहरुले पनि आफ्नै अनुगमन नीति बनाउनु पर्ने देखिन्छ । अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा केन्द्र स्तरमा अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउन केन्द्रीय स्तरमा मात्र नभई स्थानीय स्तरलाई पनि समेट्न सक्ने खालका नीति बनाउनु पर्ने देखिन्छ । अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम सञ्चालन रहेका विद्यालयहरुमा समयमानै पाठ्यक्रम तथा पाठ्यपुस्तक वितरण गर्नु पर्ने दखिन्छ । अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम सञ्चालन रहेका विद्यालय, शिक्षक, विद्यार्थीहरुलाई पुरस्कार तथा दण्डको व्यव्स्था गरिनु पर्ने देखिन्छ । अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम कार्यक्रममा वर्ग शिक्षण भन्दा विषयगत शिक्षण गर्नु पर्ने देखिन्छ ।

### ५.३.३ अभ्यास तह

अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमकलाई प्रभावकारिता बढाउनका लागि अभ्यास तहमा निम्न सुझावहरुको कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा सहभागी महिलाहरुले आफ्नो उत्तरदायित्व बुझि बारम्बार रुपमा अभ्यास गरी हरेक तहले राखेका लक्ष्य तथा उद्देश्य पूरा गर्न सकिन्छ देखिन्छ । विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक, समाजसेवीहरुले आफ्नो भुमिकालाई अरुको भुमिका हो भन्ने कुरा हटाउनु पर्ने देखिन्छ । अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमलाई केन्द्रबाट, जिल्लाबाट, विद्यालयबाट गरेको आर्थिक तथा भौतिक सहयोग सही समय र सही कार्यमा लगाउनु पर्ने देखिन्छ । अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम बारेमा विद्यालय व्यवस्थापन समितिले बेला-बेलामा वैठक बोलाएर सही निणर्यको कार्यान्वयन गर्नु पर्ने देखिन्छ । अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमको बारेमा स्रोत केन्द्रले समय-समयमा सहभागी विद्यार्थीहरुका प्रगति तथा कमी कमजोरीहरुको मूल्यांकन गरी सुधारमा सहभागी महिलाहरुले खेल्नु पर्ने भुमिकाको बारेमा छलफल गरी प्रभावकारी बनाउनु पर्ने देखिन्छ । अभिभावकहरुका परम्परावादी सोंचलाई परिर्वतन गराई हरेक महिलाहरुमा शिक्षा प्रतिको चाँसो अझ बढाउनु पर्ने देखिन्छ । अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा हरेक सहभागी महिलाहरु समाजले हेर्ने दृष्टिकोणमा परिर्वतन गर्नु पर्ने देखिन्छ ।

### ५.३.४ अनुसन्धान तह

हरेक विषयवस्तु अगाडि, पछाडि सफलता, असफलता हुनुका हुनुका विभिन्न किसिमका कारणहरु रहेका हुन्छन् ती के कारणले भएको हो भन्ने कुराको जानकारी लिनु विस्तृत रुपमा अध्ययन अनुसन्धान गर्नुपर्ने हुन्छ । अनौपचारिक प्रौढ विद्यालय कार्यक्रमकोको स्थिति र प्रभावकारिता शीर्षकको शोध तयार गर्ने क्रममा विभिन्न किसिमका विषयवस्तुमा समेत थप अनुसन्धान गर्नुपर्ने देखिन्छ । अनौपचारिक शिक्षा कार्यक्रममा सञ्चालनमा रहेका अनौपचारिक प्रौढ विद्यालय कार्यक्रमकोको स्थितिको परिणाम र प्रभावकारिता नहूदाँ हुने परिणामका बारेमा थप अनुसन्धान गर्नुपर्ने देखिन्छ । हरेक अनौपचारिक प्रौढ विद्यालय महिलाहरुले स्वयम् आफैंले पनि अनुसन्धान गर्नुपर्ने देखिन्छ । सहभागी महिलाहरुमा सिकाई कमी वा वृद्धि भयो, विद्यालयमा कस्ता महिलाहरुले अध्ययन गरिरहेका छन्, शिक्षकले अनौपचारिक प्रौढ विद्यालय महिलाहरु, प्रति पुर्वाग्रह छ, की छैन आदि कुराहरुमा स्रोत व्यक्ति, जि.शि.अ. तथा उच्च निकायबाट पनि समयमै अनुसन्धान गर्नुपर्ने देखिन्छ । अनौपचारिक प्रौढ विद्यालय महिलाको शैक्षिक सिकाइ र प्रभावकारिताको बारेमा

स्रोत व्यक्ति, जि.शि.अ., प्र.अ. एवं हरेक अनुसन्धान कर्ताहरु समेतले अनुसन्धान गर्नुपर्ने देखिएको छ ।

## सन्दर्भ सामग्रीहरु


अनौपचारिक शिक्षा केन्द्र (२०६२- २०६९), *साक्षरता विशेषङ्क,* भक्तपुर : लेखक ।

अनौपचारिक शिक्षा केन्द्र (२०६५), *अनौपचारिक शिक्षा पाठ्यक्रम* , भक्तपुर : लेखक ।

अनौपचारिक शिक्षा केन्द्र (२०६६), *अनौपचारिक प्रौढ निर्देशिका,* भक्तपुर : लेखक ।

अनौपचारिक शिक्षा केन्द्र (२०६८), *वैकल्पिक प्राथामिक शिक्षा पाठयक्रम,* भक्तपुर : लेखक ।

आर्चाय, सुशन र अन्य (२०६८), *अनौपचारिक शिक्षा सिद्दान्त तथा अभ्यास* काठमाण्डौं : सनलाइट पब्लिकेसन ।

कानुन किताब व्यवस्था समिति (२०६८), *शिक्षा ऐन २०२८ तथा नियमावली २०५९ वर्तमान संसोधन सहित,* काठमाडौं : लेखक ।

काफ्ले, वासुदेव (२०५९), *शैक्षिक प्रशासन र सुपरिवेक्षण* , काठमाडौं : *विद्यार्थी पुस्तक भण्डार ।*

खनाल, पेशल (२०६२), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं :*स्टुडेन्ट्स बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स* ।

जिल्ला शिक्षा कार्यालय (२०६७), *विद्यालय स्तरीय शैक्षिक तथ्याङ्क,* दोलखा : लेखक ।

तिमिल्सिना, विनोद खण्ड (२०६७), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौं : क्षितिज प्रकाशन ।

थपलिया, तुलसी (२०६७), *व्यवहारिक गणित तेस्रो तह,* भक्तपुर : अनौपचारिक शिक्षा केन्द्र ।

नेपाल सरकार (२०६८), *वैकल्पिक प्राथमिक शिक्षा पाठ्यक्रम,* भक्तपुर : अनौपचारिक शिक्षा केन्द्र ।

पौडेल, आनन्द (२०६३) *,साक्षरता विशेषङ्क,* भक्तपुर : अनौपचारिक शिक्षा केन्द्र ।

विष्ट, प्रेमसिँह र जोशी, महेन्द्रराज (२०६०), *जनसंख्या अध्ययन, काठमाडौं :* भुँडीपुराण प्रकाशन ।

विष्ट, मिनबहादुर (२०५०)*, शिक्षाको सिद्दान्त* ललितपुर : साझा प्रकाशन,।

रेग्मी, मुना र अन्य (२०६७), *नयाँ किरण, नेपाली भाषा, तेस्रो तह,* भक्तपुर : अनौपचारिक शिक्षा केन्द्र ।

लामिछाने, श्रीरामप्रसाद (२०४७), *विकासको निम्ति शिक्षा* काठमाडौं : सि.इ.आर.आई.डी, ।

वाग्ले, मनप्रसाद, कार्की र उपेन्द्रकुमार (२०६५), *शिक्षाको आधार,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, ।

शर्मा, चिरञ्जीवी र शर्मा, निर्मला (२०५३), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिस्ट्रिब्युटर्स ।

शर्मा, चिरञ्जीवी, शर्मा, निर्मला, (२०६६), *शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा,* काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिस्ट्रिब्युटर्स ।

शर्मा, विकास (२०६९), *नयाँ समाज (सामाजिक शिक्षा), तेस्रो तह,* भक्तपुर : अनौपचारिक शिक्षा केन्द्र ।

शाक्य, आनन्दमान र अन्य (२०६८), *अनौपचारिक शिक्षा सिद्वान्त र अभ्यास,* काठमाडौं : जुपीटर पब्लिकेशन एण्ड ब्लिकेशन एण्ड डिष्ट्रिब्युटर्स ।

श्रेष्ठ, गोपीनाथ (२०४३), *नेपालका शिक्षाको इतिहास (भाग १),* काठमाडौं : मकालु बुक्स एण्ड स्टेसनरी ।

सिन्हा, रामस्वरुप (२०६३), *महिला शिक्षा,* काठमाडौँ : शिक्षा विभाग ।

हाडा, गम्भीरबहादुर (२०६०), *विकासको निम्ति शिक्षा,* काठमाडौँ : शिक्षा विकास तथा अनुसन्धान केन्द्र ।

Gawali, Laxman and Gautam, Gangram , (2011) . Practicl English Book level 3. Bhaktpur : Non formal Education centre.

# अनुसूची १

अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम अन्तर्गत महिला शिक्षा कार्यक्रमको स्थिति र प्रभावकारिता

नमुना छनौटमा परेका अनौपचारिक विद्यालयहरु

| क. स. | विद्यालयको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | श्री हनुमन्तेश्वर उच्च माध्यामिक विद्यालय | काब्रे, दोलखा | |
| २ | श्री वैतेश्वर उच्च माध्यामिक विद्यालय | नाम्दू, दोलखा | |
| ३ | श्री कालिञ्चोक उच्च माध्यामिक विद्यालय | चरिकोट, दोलखा | |

## अनुसूची २

छनौटमा परेका व्यक्तिहरुको नामावली

| क. स. | नाम | पद | विद्यालयको नाम |
|---|---|---|---|
| १ | रत्नप्रसाद दहाल | स्रोत व्यक्ति | श्री हनुमन्तेश्वर उ.मा.वि |
| २ | पुष्करकुमार दहाल | वि.व्य.स. अध्यक्ष | श्री हनुमन्तेश्वर उ.मा.वि |
| ३ | गोपालध्वज श्रेष्ठ | प्र. अ. | श्री हनुमन्तेश्वर उ.मा.वि |
| ४ | राधिका खतिवडा | शिक्षक | श्री हनुमन्तेश्वर उ.मा.वि |
| ५ | सृजना श्रेष्ठ | सहभागी महिला | श्री हनुमन्तेश्वर उ.मा.वि |
| ६ | भीमकुमारी दहाल | सहभागी महिला | श्री हनुमन्तेश्वर उ.मा.वि |
| ७ | रमिला खड्का | सहभागी महिला | श्री हनुमन्तेश्वर उ.मा.वि |
| ८ | माण्डवी घिमिरे | सहभागी महिला | श्री हनुमन्तेश्वर उ.मा.वि |
| ९ | सोमनाथ तिवारी | स्रोत व्यक्ति | श्री वैतेश्वर उ.मा.वि |
| १० | रमेश कार्की | वि.व्य.स. अध्यक्ष | श्री वैतेश्वर उ.मा.वि |
| ११ | रविचन्द्र आचार्य | प्र. अ. | श्री वैतेश्वर उ.मा.वि |
| १२ | कल्पना घिमिरे | शिक्षक | श्री वैतेश्वर उ.मा.वि |
| १३ | सीता तामाङ् | सहभागी महिला | श्री वैतेश्वर उ.मा.वि |
| १४ | मसली पाखिन | सहभागी महिला | श्री वैतेश्वर उ.मा.वि |
| १५ | कल्पना गुरागाँई | सहभागी महिला | श्री वैतेश्वर उ.मा.वि |
| १६ | राधिका खाती | सहभागी महिला | श्री वैतेश्वर उ.मा.वि |
| १७ | रामप्रसाद भण्डारी | स्रोत व्यक्ति | श्री कालिञ्चोक उ.मा.वि |
| १८ | कृष्ण बहादुर गौतम | वि.व्य.स. अध्यक्ष | श्री कालिञ्चोक उ.मा.वि |
| १९ | नवराज न्यौपाने | प्र. अ. | श्री कालिञ्चोक उ.मा.वि |
| २० | मनमाया श्रेष्ठ | शिक्षक | श्री कालिञ्चोक उ.मा.वि |
| २१ | कमला काफ्ले | सहभागी महिला | श्री कालिञ्चोक उ.मा.वि |
| २२ | सीता कार्की | सहभागी महिला | श्री कालिञ्चोक उ.मा.वि |
| २३ | नविना न्यौपाने | सहभागी महिला | श्री कालिञ्चोक उ.मा.वि |
| २४ | सविना वास्तोला | सहभागी महिला | श्री कालिञ्चोक उ.मा.वि |
| २५ | रत्नप्रसाद घिमिरे | अभिभावक | श्री हनुमन्तेश्वर उ.मा.वि |
| २६ | भीमप्रसाद दहाल | समाजसेवी | श्री हनुमन्तेश्वर उ.मा.वि |
| २७ | सिताराम दहाल | अभिभावक | श्री हनुमन्तेश्वर उ.मा.वि |

| | | | |
|---|---|---|---|
| २८ | सिताराम घिमिरे | अभिभावक | श्री हनुमन्तेश्वर उ.मा.वि |
| २९ | अर्जुन दहाल | समाजसेवी | श्री वैतेश्वर उ.मा.वि |
| ३० | कुमार लामा | अभिभावक | श्री वैतेश्वर उ.मा.वि |
| ३१ | पुण्यप्रसाद घिमिरे | अभिभावक | श्री वैतेश्वर उ.मा.वि |
| ३२ | शम्भु गौतम | समाजसेवी | श्री वैतेश्वर उ.मा.वि |
| ३३ | राजन कार्की | अभिभावक | श्री कालिञ्चोक उ.मा.वि |
| ३४ | रमेश खाती | अभिभावक | श्री कालिञ्चोक उ.मा.वि |
| ३५ | सविन वास्तोला | समाजसेवी | श्री कालिञ्चोक उ.मा.वि |
| ३६ | रञ्जिता न्यौपाने | अभिभावक | श्री कालिञ्चोक उ.मा.वि |
| ३७ | कमल दहाल | समाजसेवी | अध्यक्ष नेकपा एमाले, काब्रे |
| ३८ | माधव दहाल | समाजसेवी | अध्यक्ष नेकपा (एमाओवादी), काब्रे |
| ३९ | गिताकृष्ण शर्मा | समाजसेवी | सभापति नेपाली काँग्रेस, काब्रे |
| ४० | धुव्र आचार्य | समाजसेवी | अध्यक्ष नेकपा एमाले, नाम्दु |
| ४१ | सिर्जना रिमाल | समाजसेवी | अध्यक्ष नेकपा (एमाओवादी), नाम्दु |
| ४२ | कमल लामा | समाजसेवी | सभापति नेपाली काँग्रेस, नाम्दु |
| ४३ | हरीवंश चौंलागाईं | समाजसेवी | अध्यक्ष नेकपा एमाले, नगर कमिटी भि.न.पा. |
| ४४ | रवण घिमिरे | समाजसेवी | अध्यक्ष नेकपा (एमाओवादी), नगर कमिटी भि.न.पा. |
| ४५ | कुमार चौंलागाईं | समाजसेवी | सभापति नेपाली काँग्रेस, काब्रे नगर कमिटी भि.न.प |

## अनुसूची क

## अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम अन्तर्गत महिला शिक्षा कार्यक्रमको स्थिति र प्रभावकारिता

### विद्यालय व्यवस्थापन समिति अध्यक्षका लागि अन्तरर्वार्ता / प्रश्नावली

विद्यालयको नाम : नामः

ठेगानाः ठेगानाः

लिङ्गः शैक्षिक योग्यता

उमेर : अनुभवः

१. अनौपचारिक प्रौढ विद्यालय शिक्षा कक्षा कहिले देखि सञ्चालन भएको हो ?

...........................................................................................................

२. तपाई वर्षमा कति पटक अनौपचारिक प्रौढ विद्यालय शिक्षा कक्षा सम्बन्धी वैठकमा सहभागी हुँदै आउनु भएको छ ?

...........................................................................................................

३. हाल यो कक्षा दिनको कति घण्टा पढाउनु हुन्छ ?

...........................................................................................................

४. यस कक्षाले नपढेका सबैलाई समेट्छ की समेट्दैन ?

...........................................................................................................

५. यस कक्षामा कति जना पढ्न आउँछन् ?

...........................................................................................................

६. यस कक्षामा अनौपचारिक प्रौढ विद्यालयहरुलाई सहभागीलाई नियमित हुन नसक्ने समस्याहरु के-के हुन् ?

...........................................................................................................

७. ती समस्याहरु निराकरण गर्ने उपाएहरु के-के हुन् ?

...........................................................................................................

...........................................................................................................

८. यस कार्यक्रमलाई प्रभावकारी बनाउ के-के गर्नु पर्ला ?

...........................................................................................................

# अनुसूची ख

## अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम अन्तर्गत महिला शिक्षा कार्यक्रमको स्थिति र प्रभावकारिता

स्रोत व्यक्तिका लागि अन्तरर्वाता / प्रश्नावली

स्रोत केन्द्रका नाम : नामः

ठेगानाः ठेगानाः उमेरः

लिङ्गः अनुभव : शैक्षिक योग्यता :

१. तपाईको स्रोत केन्द्रमाकति वटा अनौपचारिक प्रौढ विद्यालय कक्षा सञ्चालन भएका छन् ?

...............................

२. त्यी सबै कक्षा सञ्चालनमा छन् ?

क. छन् ख. छैनन्

३. अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम अवलोकनबाट के प्राप्त गर्नु भयो ?

..................................................................................................................

४. बीचमा कक्षा छाड्ने स्थिति कस्तो छ ?

क. ५० प्रतिशत ख.४० प्रतिशत ग. ६० प्रतिशत घ. ..............

५. तपाईको विचारमा अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा सहभागिता बढाउन के-के गर्नु पर्ला ?

क. उपयुक्त विद्यालयमा कक्षा सञ्चालनगर्नु पर्छ ।

ख. उपयुक्त व्यक्तिलाई शिक्षकमा छनौट गरिनुपर्दछ ।

ग. पाठ्यक्र र शैक्षिक सामाग्री स्तर अनुसार हुनु पर्दछ ।

घ. ............................................................

६. कक्षामा भर्ना भएका विद्यार्थीहरुलाई नियमित कक्षामा पढ्न आउने वातावरण बनाउनका लागि कस्तो हुनुपर्छ ?

क. सहभागी विद्यार्थीहरु नियमितता र मिलन सारिताहुनु पर्दछ ।

ख. पाठ्यपुस्तक र शैक्षिक सामाग्री स्तर अनुसार हुनु पर्दछ ।

ग. उपयुक्त ठाउमा विद्यानलयमा सञ्चालनगर्नु पर्छ ।

घ. ..........................................................................................

७. यस कक्षाका विद्यार्थीहरुलाई नियमित ठीक समयमा कक्षालाई बीचैमा कक्षा नछोड्ने स्थिति बनाउन के-के गर्नुपर्ला ?

क. कक्षा व्यवहारिक समस्याको छलफलबाट अगाडि बढाउनु पर्ने ।

ख. कक्षा सवल, सहज र रमाईलो हुने किसिमको वातावरण तयार गर्नु पर्ने ।

ग. कक्षामा प्रयाप्त पाठ्यपुस्तक र शैक्षिक सामग्री र प्रयोग हुनु पर्ने ।

घ. ..............................................................................................................................

८. तपाईको विचारमा अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा सहभागी अनौपचारिक प्रौढ विद्यालयहरुलाई नियमित रुपमा कक्षमा आई पढ्दा के-कस्ता समस्याहरु भोग्दै आएका छन् ?

क. पारिवारिक बाधा अड्चन ख. घरायसी कामले बेफुर्सद

ग. जनचेतनाको अभाव घ. पायक पर्ने विद्यालय स्थान र समयको निर्धारण नहुनु

९. कक्षामा अनियमित हुने विद्यार्थीहरुका समाधान गर्न के-के गर्नुपर्ला ?

क. विद्यार्थीहरुमा सचेतना गोष्ठी संचालन गर्नुपर्ने

ख. पायक पर्ने स्थान र समय निर्धारण हुन पर्ने

ग. छलफल, चित्रप्रदर्शन र समस्या समाधानगर्दै कक्षालाई रोचकबनाउनु पर्ने

घ. ..............................................................................................................

१०. विद्यार्थीहरु सहभागिता बढाई प्रभावकारी ढंगले कक्षा संचालन गर्नमा अरु केही थप समस्याहरु छन् ?

क..........................................................................................................

ख. ......................................................................................................

११. तपाईको विचारमा अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम प्रभावकारी बनाउन के गर्नुपर्ला ?

क.......................................................................................................................

ख.........................................................................................................................

# अनुसूची ग

## अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम अन्तर्गत महिला शिक्षा कार्यक्रमको स्थिति र प्रभावकारिता

प्रधानाध्यापकका लागि अन्तरवार्ता / प्रश्नावली

विद्यालयको नाम : प्रधानाध्यापकको नामः

ठेगानाः ठेगानाः उमेर :

अनुभवः शैक्षिक योग्यता :

१. तपाईको विद्यालयमा अनौपचारिक प्रौढ विद्यालय शिक्षा कक्षा कुन साल देखि पढाउन शुरु गर्नु भयो ? क. २०६५ ख. २०६६ ग. २०६७ घ. २०६८

२. यो अनौपचारिक प्रौढ विद्यालय शिक्षा कक्षा कस्तो कार्यक्रम हो ?

क. औपचारिक ख. अनौपचारिक ग. अनियमित घ. खुल्ला

३. तपाईको विद्यालयमा अनौपचारिक प्रौढ विद्यालय शिक्षामा शुरुमा कति विद्यार्थीहरु हुनुहुन्थ्यो ?

.............................................................................................................

४. तपाईको विद्यालयमा अनौपचारिक प्रौढ विद्यालय शिक्षा मा अहिले कति विद्यार्थीहरु हुनुहुन्थ्यो ?

.............................................................................................................

५. यस कार्यक्रममा विद्यार्थी नियमित रुपमा विद्यालयमा आउन नसक्नुको कारणहरु के-के हुन सक्दछन् ?

क. घरायसी कामले

ख. पढ्न गाह्रो भएकोले

ग.समय नमिलेकोले

घ. अन्य कारणले ...........................................................................................

६. तपाई अनौपचारिक प्रौढ विद्यालय शिक्षकलाई तलब कहाँबाट  दिनुहुन्छ ?

..........................................................................................................

७. यो कार्यक्रम कति तह सम्म हुन्छ ?

क. प्रा.वि. तह

ख. नि.मा.वि तह

ग. मा.वि तह

घ. उ.मा.वि.तह

८. अनौपचारिक प्रौढ विद्यालय शिक्षा संचालनमा आएका मुख्य-मुख्य समस्याहरु के-के हुन् ?

क..........................................................................................................

ख........................................................................................................

ग. ..................................................................................................

घ..................................................................................................

९. यो कार्यक्रम प्रभावकारी बनाउन के-के गर्नु पर्ला ?

क. ..............................................................................................

ख. ........................................................................................

ग. ..............................................................................................

घ.

..........................................................................................................

१०. यो कार्यक्रमका लागि के-के सुझाव दिनुहुन्छ ?

क. ..............................................................................................

ख. ........................................................................................

ग. ..............................................................................................

घ. ..................................................................................................

## अनुसूची घ

### अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम अन्तर्गत महिला शिक्षा कार्यक्रमको स्थिति र प्रभावकारिता

शिक्षकका लागि अन्तरर्वार्ता / प्रश्नावली

शिक्षकको नामः विद्यालयको नाम :

ठेगानाः ठेगानाः

उमेर : अनुभवः

कृपया तल सोधिएका प्रश्नहरुको उत्तर निर्दिष्ट स्थानमा दिनुहोला ।

१. तपाई यो अनौपचारिक प्रौढ विद्यालय शिक्षा कुन साल देखि पढाउन शुरु गर्नु भयो ?

क. २०६५ ख. २०६६ ग. २०६७ घ. २०६८

२. तपाई दिनमा कति घण्टा पढाउनु हुन्छ ?

क. एक घण्टा ख. दुई घण्टा ग. तीन घण्टा घ. चार घण्टा

३. तपाईलाई पढाउनका लागि निर्धारण गरेको यो समय उपयुक्त छ की छैन ?

क. छ ख. छैन

४. यो पढाउने समय कसले निर्धारण गरेको हो ?

क. विद्यालयले ख. प्र. अ.ले ग. जिल्ला शिक्षाले घ.आफैले

५. तपाईको यस कायक्रमको शुरुमा कति विद्यार्थी जम्मा भएका थिए ? ......

६. तपाईले पढाउने विद्यार्थीहरु हाल कति जना हुनुहुन्छ ?

७. तपाईले पढाउने विद्यार्थी कति जना नियमित रुपमा विद्यालयमा आउनुहन्छ ?

८. तपाईले पढाउने विद्यार्थी नियमित रुपमा विद्यालयमा आउन नसक्नुको कारणहरु के-के हुनसक्दछन् ? क. घरायसीकामले ख. पढ्न गाह्रो भएकोले ग.समय नमिलेकोले घ. अन्य कारणले ........................................................

९. तपाईले सिकाए बापत मासिक कति तलब पाउनुभएको छ ?

१०.तपाईले तलब कहाँ लिनुहुन्छ ?

.............................................................................................

११.तपाईले पढाउने विद्यार्थीहरुलाई तहपास परीक्षा कहिले-कहिले लिनुहुन्छ ?

क. मासिक ख. त्रैमासिक ग. अर्ध वार्षिक घ.वार्षिक

१२. तपाई कति विषय पढाउनु हुन्छ ?

क. एक विषय　　ख. दुई विषय　　ग. तीन विषय　　घ.सबै

१३. तपाईले कति तह सम्म पढाउनु भयो ?

क. पहिलो　　ख. दोस्रो　　ग. तेस्रो　　घ. चौथौ

१४. तपाईहरु कति जना शिक्षिकले पढाउनु हुन्छ ?

क. एक जना　　ख. दुई जना　　ग. तीन जना　　घ. चार जना

१५. तपाइले किन एक्लै पढाउनु भएको ?

क. ........................................................................................................

ख. ................................................................................................

ग. ....................................................................................................

घ. ..................................................................................................

१६.तपाईलाई एक जनाले मात्र पढाउदा बोर लाग्छ की  लाग्दैन ?

क. लाग्छ　　ख. लाग्दैन

१७. तपाईको कक्षाकहाँ-कहाँबाट कति पटक निरिक्षण भयो ?

क. जि. शि. का.बाट ............ पटक　　ख. स्रोत व्यक्ति बाट ............ पटक

ग. क्षे. शि. बाट ............ पटक　　घ. अन्य बाट ............ पटक

१८. कक्षा व्यबस्थापनमा व्यबस्थापन समितिले कस्तो-कस्तो व्यवस्थापन गरेको छ ?

क. .................................................................................................

ख. ....................................................................................................

ग. ...........................................................................................

घ. ........................................................................................................

१९. यस कार्यक्रमलाई प्रभावकारी बनाउन के-के गर्नु पर्ला केही सुझावहरु दिनुहोस् ।

क. .............................................................................................

ख. .........................................................................................................

ग. ............................................................................................

घ. ..........................................................................................

# अनुसूची ङ

## अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम अन्तर्गत महिला शिक्षा कार्यक्रमको स्थिति र प्रभावकारिता

### विद्यार्थीहरुका लागि अन्तरर्वार्ता / प्रश्नावली

विद्यार्थीको नामः विद्यालयको नाम :

ठेगानाः ठेगानाः

उमेर : पेशाः

१. तपाई यो अनौपचारिक प्रौढ विद्यालय शिक्षाकक्षाकुन साल देखि पढ्न शुरु गर्नु भयो ?

क. २०६५ ख. २०६६ ग. २०६७ घ.२०६८

२. तपाई दिनमाकति घण्टा पढ्नु हुन्छ ?

क. एक घण्टा ख. दुई घण्टा ग. तीन घण्टा घ. चार घण्टा

३. तपाईलाई पढ्का लागि निर्धारण गरेको यो समय उपयुक्त छ की छैन ?

क. छ ख. छैन

४. यो पढ्न समय कसले निर्धारण गरेको हो ?

क. विद्यालयले ख. शिक्षकले ग.जिल्ला शिक्षाले घ.आफैले

५. तपाई नियमित रुपमा विद्यालयमा आउनुहन्छ ?

क. आउछु ख. आउदिन

६. तपाई नियमित रुपमा विद्यालयमा आउन नसक्नुको कारण के-के हुन ?

क. घरायसीकामले ख. पढ्न गाह्रो भएकोले ग.समयल नमिलेकोले घ. अन्य कारणले

७. कस्तो सुविधा भए तपाई नियमित रुपमा विद्यालय आउनुहुन्छ ?

क. घरायसी काम नभएको भए ख. पढ्न सजिलो भए

ग. समय मिलेको भए घ. अन्य कारणले ..............................................

८. तपाइ कति विषय पढ्नु हुन्छ ?

क. एक विषय ख. दुई विषय ग. तीन विषय घ.चार विषय

९. तपाइको तह पास परीक्षाकहिले-कहिले हुन्छ ?

क. मासिक ख. त्रैमासिक ग. अर्ध वार्षिक घ. वार्षिक

१०.तपाइले कति तह पास गर्नु भयो ?

क. पहिला ख. दोस्रो ग. तेस्रो घ. चौथौ

११. तपाईको यो अनौपचारिक प्रौढ विद्यालय कक्षाको पढाईले दैनिक व्यवहारमा के-के गर्न सहयोग पुऱ्यो ? क. पढलेख गर्न ख. स्वास्थ्य सर-सफाई गर्न ग. हर हिसाब गर्न घ. समाचार-पत्र पढ्न ङ. व्यवहार चलाउन सजिलो

१२. तपाईलाई कतिजना शिक्षिकले पढाउनु हुन्छ ?

क. एक जना ख. दुई जना ग. तीन जना घ.चारजना

१३. यदि तपाईलाई एक जना शिक्षकले मात्र पढाउदा अल्छि लाग्छ कि लाग्दैन ?

क. लाग्छ ख. लाग्दैन

१४. कति जनाले पढाए हुन्थ्यो ?

क. एक जनाले ख.दुई जनाले ग.तीन जनाले घ.चारजनाले

१५.तपाईलाई अनौपचारिक प्रौढ विद्यालय शिक्षामा पढ्ने प्रेरणा कसरी मिल्यो ?

क. व्यवहार चलाउन आश्यक भएकोले ख. श्रीमान्ले पढ्नु पर्छ भनेर ग. साथीहरुले पढ्न भनेकोले घ.अनौपचारिक प्रौढ विद्यालय शिक्षिकाले भनेर

१६.तपाईलाई अनौपचारिक प्रौढ विद्यालय शिक्षा कति सम्म भए हुन्थ्यो ?

क. प्रा.वि ख. नि.मा.वि ग. मा.वि घ. उ.मा.वि.

१७. तपाई पढ्न आएको देखेर अरुले के भन्छन् ?

क. उमेर बढी भएपनि पढ्न आएको देखेर जिस्काउँछन् ख. राम्रो गर्नु भयो भन्छन् ग. जान्ने भई भनेर सेखी गर्दछन् घ. अरुनै केही भन्छन्

१८. तपाईले अनौपचारिक प्रौढ विद्यालय शिक्षा पढेर के गर्ने सोच राख्नु भएको छ ?

...........................................................................................................

१९. तपाईमा अनौपचारिक प्रौढ विद्यालय शिक्षा पढेर कस्ता कस्ता परिर्वतनहरु आएका छन ?

......................................................................................................

१९. तपाईलाई यो कार्यक्रममा सहभागी हुँदा आएका मुख्य-मुख्य समस्या के-के हुन् ?

............................................................................................................

............................................................................................................

२०. यो कार्यक्रमलाई अझ प्रभावकारी बनाउन के गर्नु पर्ला ?

..................................................................................................

# अनुसुची च

## अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रमको स्थिति र प्रभावकारिता

## अभिभावकहरुका लागि अन्तरर्वार्ता / प्रश्नावली

नामः विद्यालयको नाम :

ठेगानाः ठेगानाः

उमेर : पेशाः

टोलः.....................लिङ्गः.............शैक्षिक योग्यता..................पेशा................

१. तपाईको परिवारमा अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रममा सहभागी कति जना हुनुहुन्छ ?

२. नपढेकाहरुलाई विद्यालय पठाउनु भएको छ कि छैन ?

क) छ ख) छैन

३. तपाईले किन आफ्ना परिवारलाई विद्यालय नपठाउनु भएको हो ?

क) आर्थिक अभावले गर्दा ?

ख) घरमा काम गर्ने मानिसको कमीले गर्दा ?

ग) छोरीलाई पढाउने चलन नभएकोले

घ) विद्यालय टाढा भएको कारणले

ङ) अन्य कारण भए भन्नु होस् ?

..........................................................................................................

४. तलका कुराहरुमध्ये कुन कुन भएमा तपाई आफ्ना परिवारीलाई विद्यालय पढ्न पठाउनु हुन्छ ?

क) विद्यालय नजिक भएमा

ख) आर्थिक अवस्था सुध्रिएमा

ग) हाम्रो समाजमा सबैले छोरीलाई पढाउने चलन भएमा

घ) अन्य केही कारण भएमा

..........................................................................................................

५. तपाईका परिवारका अनपढ विद्यालयमा नियमित रुपमा जान्छन् कि जाँदैनन् ?

क) जान्छन् ख) जाँदैनन्

६. यदि जाँदैनन भने किन तपाईले परिवारलाई नियमित विद्यालय नपठाउनु भएको हो ?

.........................................................................................................

७. तपाईका परिवारका कति कक्षासम्म पढाउने विचार गर्नु भएको छ ?

क) प्रा.वि. तहसम्म

ख) नि.मा.वि. तहसम्म

ग) मा.वि. तहसम्म

घ) आर्थिक अवस्थाले भ्याए सम्म

८. सरकारले के गरिदिएको खण्डमा तपाईहरु आफ्ना सम्पूर्ण परिवारलाई विद्यालय पठाउनु हुन्छ वा तपाईहरु सरकारी निकायबाट के आशा गर्नुहुन्छ ?

क) ....................................................................................................

ख) ....................................................................................................

ग) ....................................................................................................

९. आनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम प्रति तपइका कस्तो दृष्टिकोण रहेको छ ?

क) ....................................................................................................

ख) ....................................................................................................

ग) ....................................................................................................

१०. आनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम तपाइले कस्तो समस्या देख्नुभएको छ ?

क) ....................................................................................................

ख) ....................................................................................................

ग) ....................................................................................................

११ तपाईको विचारमा यस कार्यक्रमलाई प्रभावकारी बनाउन के गर्नु पर्ला ?

क) ....................................................................................................

ख) ....................................................................................................

ग) ....................................................................................................

# अनुसुची छ

## अनौपचारिक प्रौढ विद्यालय शिक्षा कार्यक्रम अन्तर्गत महिला शिक्षा कार्यक्रमको स्थिति र प्रभावकारिता

### समाजसेवीहरुका लागि अन्तरर्वार्ता / प्रश्नावली

१) अनौपचारिक प्रौढ विद्यालय शिक्षा सहभागी महिलाहरुलाई पढाईमा रुची जगाउन के गर्नुपर्छ जस्तो लाग्दछ ?

..............................................................................................................

....२) अनौपचारिक प्रौढ विद्यालय आएका महिलाहरुलाई विद्यालयमा टिकाईराख्न के गर्नुपर्दछ जस्तो लाग्दछ ? किन ?

..............................................................................................................

....३) अनौपचारिक प्रौढ विद्यालय शिक्षामा सहभागी महिलाहरुको उपलब्धि बढाउन के गर्नुपर्दछ भन्ने ठान्नुहुन्छ ? किन ?

..............................................................................................................

....४) अनौपचारिक प्रौढ विद्यालय शिक्षा सहभागी महिलाहरुलाईको शैक्षिक पहुँच बढाउन शिक्षक तथा विद्यालयसँग के कस्तो अपेक्षा राख्नुहुन्छ ? किन ?

..............................................................................................................

....५) अनौपचारिक प्रौढ विद्यालय शिक्षा सहभागी महिलाहरुलाई सरकारसँग के कस्तो अपेक्षा राख्नुहुन्छ ? किन ?

..............................................................................................................

...

६) तपाईले अनौपचारिक प्रौढ विद्यालयबाट प्रदान गरिने शिक्षाको कार्यक्रमलाई कसरी हेर्नुभएको छ ?

.........................................................................................................

७) तपाईले अनौपचारिक प्रौढ विद्यालयबाट प्रदान गरिने शिक्षाका समस्या के-के पाउनुभएको छ

.......................................................................................................................

८. तपाईले अनौपचारिक प्रौढ विद्यालय  कार्यक्रमका समस्या समाधान गर्न के गर्नु पर्ला ?

.......................................................................................................................

## अनुसूची ज

## परीक्षाका सोधिएका प्रश्नहरु

**Examination – 2070**

Subject: Social Studies — Full Marks: 100
Time: 3 hrs — Pass Marks: 32

**१. तलको प्रश्नको उत्तर दिनुहोस् ।** **१०x ४= ४०**

क. तपाइको नाम थर , ठेगाना लेख्नुहोस् ।
ख. किसानलाई के-के कुराको आवश्यक पर्दछ ?
ग. तीजमा महिलाहरुले कस्तो पोसक लगाउँछन् ?
घ. कस्ता मानिसहरुलाई असाहय भनिन्छ ?
ङ. बैसाखी कस्तो व्यक्तिलाई चाहिन्छ ?
च. प्राकृतिक सम्पदाहरु के-के हुन ?
छ. महिला अधिकार भनेको के हो ? ति के-के हुन् ?
ज. 'सहिद' कस्ता व्यक्तिलाई भनिन्छ ?
झ. ४ सहिदको नाम लेख्नुहोस् ।
ञ. "सहिद अमर हुन्छन् " यसको अर्थ के हो ?

**२. खाली ठाउँ भर्नुहोस् ।** **५**

क छुवाछुत गर्नु सामाजिक ................. हो । (दायित्व , अपराध)
ख. किसानलाई ............ चाहिन्छ ( हलो , किताव )
ग. धर्मभक्त माथेमा ...........सालमा जन्मिएका हुन् ।१९५०,१९६५)
घ. ..........लाई सिफलमा मारिएको हो । ( शुक्रराज , धर्मभक्त )
ङ. नेपालको राजधानी ................. हो । ( काठमाण्डौं , दिल्ली )

**३. तलका वाक्य ठिक भए ( ✓ ) , वेठिक भए ( X ) लेख्नुहोस् ।** **५**

क. राजेन्द्रलक्ष्मी को ससुरा पृथ्वीनारायण शाह हुन् ।
ख. भारतको क्षेत्रफल ९५७२००० बर्ग किलो मिटर छ ।
ग. चिनको राजधानी वेइजिङ्ग हो ।
घ. सुक्रराज सास्त्री रामेछापमा जन्मिएका हुन् ।
ङ दसरथ चन्दको जन्म वि.सं. १९६० सालमा भएको हो ।

**४. जोडा मिलाउनुहोस् ।** **५**


| | |
|---|---|
| शिक्षक | गाई |
| राष्ट्रिय जनावर | औषधी |
| विरामी | विद्यालयमा पढाउने व्यक्ति |
| नेपाल | सावुन |
| धोवी | देश |


५. बाल अधिकार भनेको के हो ? ति के के हुन् ?लेख्नुहोस् । १५
६. नेपालमा रहेका चौध अञ्चलको नाम लेख्नुहोस् । १५
७. तपाइको एक जना साथीलाई आफ्नो स्कुलको व्याख्या गर्दै पत्र लेख्नुहोस् । १०
८. तपाइलाई मन पर्ने फूलको चित्र बनाई रङग भर्नुहोस् । १०

## Examination – 2070

Subject: Maths. Full Marks:100
Time: 3 hrs Pass Marks: 32

१. त्रिभुज भनेको के हो ? तल दिइएका त्रिभुजको नाम , शिर्षविन्दुहरु , भुजाहरु र कोणहरुको नाम लेख्नुहोस् । १०x ४= ४०

क



ख.



२. चर्तुभुज भनेको के हो ? एउटा चर्तुभुजको चित्र बनाई नामाकरण गर्नुहोस् । ५
३. १ देखि ५० सम्मका देवनागरी अङ्क लेख्नुहोस् । १०
४. तल दिएका अङकलाई अक्षरमा लेख्नुहोस् । १०
- क) ५२५
- ख) ५२५४४
- ग) ८६४३६
- घ) ८२७४७५८
- ङ) ९८६७८७५

५. तल दिइएका अङकलाई हिन्दुअरेविक अङकमा लेख्नुहोस् । ५
क. २०८४६ ख. ८२७५६ ग. ९८९६३
घ. २२३३४५४ ङ. ५८६९७८६

६. तलका सङ्ख्याहरुलाई नजिकको सयमा सुन्यान्तर गर्नुहोस् । ५
क २४३ ख. ९६५ ग. ५९३
घ. ६०५ ङ. २२५१

७. जोड गर्नुहोस् । १०
क. १२५ +१३८ ख. २७४ +१५८ ग. ४३७५ +२६४७
घ ३५६८ +२६४७ ङ ४५३२ +१३२९

८. **घटाउ गर्नुहोस् ।** १०

क. २५७ <u>-१३४</u> ख. ७६२ <u>-२४१</u> ग. ३२७ <u>-१८४</u>

घ. ७४३२ <u>-३४८५</u> ङ ८५४३२१ <u>-३८०५७६</u>

९. **गुणान गर्नुहोस् ।** १०

क. २१५ <u>x ३</u> ख. ३४२ <u>x ५</u> ग. ५३८ <u>x२७</u>

घ ७०७ <u>x१५३</u> ङ ५७४ <u>x३४२</u>

१०. **भाग गर्नुहोस् ।** १०

क. २३÷३ ख ६२÷६ ग १७६ ÷४

घ. ४७५÷५ ङ ४२०÷७

११. **सरल गर्नुहोस् ।** ५

क. १३ + १७ - ५

ख. ४५ - ३० + ९

१२. **हिसाव गर्नुहोस् ।** १०

क ६५ ओटा सुन्तला ५ जनालाई वरावर वाँढ्दा प्रत्येक भागमा कति-कति ओटा पर्छ ?

ख. एक वाकसमा ७५ ओटा स्याउहरु अट्छन् भने त्यस्तै १५ ओटा वाकसमा कतिओटा स्याउहरु अट्लान ?

# समाप्त

**Examination - 2070**

Subject: Nepali — Full Marks: 100
Time: 3 hrs — Pass Marks: 32

१. **तलको निबन्ध पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस ।**

सगरमाथा संसारको सवैभन्दा अग्लो हिमाल हो । यो सोलुखुम्वु जिल्लामा पर्दछ । यो हिमाल ८८४८ मिटर अग्लो छ । सगरमाथा वरिपरि अरु पनि अग्ला हिमालहरु छन् । सगरमाथा हाम्रो देशको गौरव हो । यसलाई विदेसीहरु माउन्ट एभरेष्ट भन्दछन् । विदेशी सगरमाथा आरोहण गर्न र हेर्न आउछन् । सवैभन्दा पहिला सगरमाथा आरोहण गर्ने व्यक्ती तेन्जिङ नोर्गे र एडमण्ड हिलारी हुन । सगरमाथाको तल्लो भागमा बन छ । यस बनलाई संरक्षण गर्न सगरमाथा राष्ट्रिय निकुञ्ज बनाइएको छ । सगरमाथा राष्ट्रिय निकुञ्ज विश्व सम्पदा सुचिमा परेको छ । यस निकुञ्जमा दुर्लभ बनस्पति र प्राणी पाइन्छ । यहाँ गोव्रे सल्लो , धुपी सल्लो , भोजपत्र ,हेमलोक आदि पाइन्छ । यस निकुञ्जमा कस्तुरी मृग , हिमाली भालु , हिमचितुवा , घोरल , थार आदि बन्यजन्तु पाइन्छ । सगरमाथाको तल्लो भागमा गाउँबस्ती पनि छन् । यहाँको प्रमुख बस्ती नाम्चेबजार हो । नाम्चेबजारमा सरकारी अड्डा र होटलहरु छन् ।

अ) **तलका प्रश्नको उत्तर दिनुहोस् ।** १०

क. संसारको सवै भन्दा अग्लो हिमालको नाम के हो ?
ख. सगरमाथा हिमाल कहाँ पर्दछ ?
ग. सगरमाथा हिमाल को उचाई कति छ ?
घ. सगरमाथा राष्ट्रिय निकुञ्जमा के - के बनस्पती पाइन्छ ?
ङ. सगरमाथा राष्ट्रिय निकुञ्जमा के - के प्राणि पाइन्छ ?

आ) **खाली ठाउँ भर्नुहोस् ।** ५

क. सगरमाथा संसारको सवैभन्दा .................... हिमाल हो ।
ख. यो ................ जिल्लामा पर्दछ ।
ग. यसको उचाइ ....................... मिटर छ ।
घ. सगरमाथा हाम्रो देशको ....................... हो ।
ङ. विदेशीले सगरमाथालाई ....................... भन्छन्

इ) **तलका वाक्य ठिक भए ( ✓ ) , वेठिका भए ( X ) लेख्नुहोस् ।** ५

क. सगरमाथा हाम्रो देशको गौरव हो ।
ख. सगरमाथाको तल्लो भागमा गाउँबस्ती छ ।
ग. सगरमाथाको प्रमुख बस्ती नाम्चे बजार हो ।
घ. सगरमाथामा सरकारी अड्डा छैनन् ।
ङ सगरमाथा दोलखा जिल्लामा पर्दछ ।

ई) **जोडा मिलाउनुहोस् ।** ५

| | |
|---|---|
| गौरव | सम्पती |
| सम्पदा | मान |
| पर्व | चढ्नु |
| आरोहण | चाडपर्व |
| दुर्लभ | पाउन कठिन |

प्र.नं. २ **तलका अक्षरबाट शव्द बनाउनुहोस् ।** १०

वा................. नि........................

| | |
|---|---|
| प................. | सु.......................... |
| स.................. | भि.......................... |
| म..................... | ता........................... |
| ला..................... | क............................ |

**प्र.नं. ३ वाकसबाट तलका शव्दको उल्टो अर्थ दिने शब्द राखेर सार्नुहोस् । ५**

बेंसी , तराइ , सम्झे , रात , हराए

दिन ...........................
विर्शे ....................
पाए ..........................
लेक ...........................
पहाड .............................

**प्र.नं. ४ ‘ पछुतो’ कथाले भन्न खोजेको कुरा के हो ? १०**

**प्र.नं. ५ तलका शब्दको वाक्यमा प्रयोग गर्नुहोस् । १०**

आँशुँ , मन , पछुतो , खुसी , हिमाल

**प्र.नं. ६ गाउँमा सवै मिलेर सार्वजानिक वाटो खन्न जानुपरेकोले दुइ दिन कक्षामा आउन नसक्ने कुरा दर्साइ कक्षा शिक्षकलाई निवेदन लेख्नुहोस । १०**

**प्र.नं. ७ तलका प्रश्नको उत्तर दिनुहोस् । १५**

१ एड्स भनेको के हो ?
२ समुन्द्र के लाई भनिन्छ ?
३ सुपुत्र र सुपुत्री भनेको के हो ?
४ मानिसले जीवन्त बन्नका लागि के गर्नु पर्छ ?
५ बुढीले बटुवालाई बास दिन किन गाह्रो मानिन् ?

**प्र.नं. ८ तपाईलाई मन पर्ने एउटा कथा लेख्नुहोस् । १५**

# समाप्त

**Examination – 20670**

Subject: Science — Full Marks:100
Time: 3 hrs — Pass Marks: 32

१. **तलको प्रश्नको उत्तर दिनुहोस् ।** १०x ५= ५०

क. विरुवा र काठमा पाइने ५ ओटा फरकहरु लेख्नुहोस् ।
ख. मौसम भनेको के हो ? यसका प्रकारहरु के-के हुन ? लेख्नुहोस् ।
ग. हावा प्रदुषित हुनाका कुनै ५ ओटा कारणहरु लेख्नुहोस् ।
घ. ५ ओटा सजिब र ५ ओटा निर्जीब बस्तुको नाम लेख्नुहोस् ।
ङ. दुषित पानीका कुनै ५ ओटा असरहरु लेख्नुहोस् ।
च. पदार्थका कति अवस्था हुन्छन् ? ती के-के हुन् ? लेख्नुहोस् ।
छ. सौर्यमण्डल भनेको के हो ?
ज. सुक्लपक्ष र कृष्णपक्ष भनेको के हो ?
झ. धुम्रपान के लाई भनिन्छ ?
ञ. कुकुरले टोक्दा के-के प्रथामिक उपचार गर्नु पर्छ ?

२. **जोडा मिलाउनुहोस् ।** ५

| | |
|---|---|
| ट्रकोमा | सञ्चारको साधन |
| टेलीफोन | आँखाको रोग |
| पृथ्वी | प्राण वायु |
| मौसम | बाटुलो हुन्छ |
| अक्सिजन | परिवर्तन हुन्छ |

३. **खालि ठाउँ भर्नुहोस् ।** ५

क. मौसम ठाउँ अनुसार ................ हुन्छ ।
ख. प्रकास नछिर्ने बस्तुलाई ................. वस्तु भनिन्छ ।
ग. ............ ठूलो , वाटुलो र तातो हुन्छ ।
घ. दादुरा खोप बच्चाको उमेर ............. सम्म लिइसक्नु पर्छ ।
ङ. सूर्यले.......... र ........... दिन्छ ।

४. **तलका वाक्य ठिक भए ( ✓ ) , वेठिका भए ( X ) लेख्नुहोस् ।** ५

क. दुषित हावा स्वास्थ्यका लागि फाइदाजनक हुन्छ ।
ख. खोला पोखरीमा ढल मिसाउनु हुदैन ।
ग. पृथ्वीको उत्पति आजभन्दा ४५० बर्ष अगाडी भएको हो ।
घ. विरामीलाई सहयोग गर्नु हुदैन ।
ङ विरामीको उपचारका लागि धामी झाक्री कहाँ देखाउन लग्नु पर्छ ।

५. **प्रथामिक उपचार भनेको के हो ? प्रथामिक उपचारको कुनै ५ महत्व लेख्नुहोस् ।** १०

६. **वनजङगल भनेको के हो ? वनजङगल विनासका कुनै ५ कारणहरु र ५ ओटा असरहरु लेख्नुहोस् ।** १०

७. **सौर्यमण्डलको नामङ्ककित चित्र बनाउनुहोस् ।** १५

## Examination – 2070

Subject: Social Studies | Full Marks: 100
Time: 3 hrs | Pass Marks: 32

१. **तलको प्रश्नको उत्तर दिनुहोस् ।** १०X ४= ४०

क. तपाइको नाम थर , ठेगाना लेख्नुहोस् ।
ख. किसानलाई के-के कुराको आवश्यक पर्दछ ?
ग. तीजमा महिलाहरुले कस्तो पोसक लगाउँछन् ?
घ. कस्ता मानिसहरुलाई असाहय भनिन्छ ?
ङ. बैसाखी कस्तो व्यक्तिलाई चाहिन्छ ?
च. प्राकृतिक सम्पदाहरु के-के हुन ?
छ. महिला अधिकार भनेको के हो ? ति के-के हुन् ?
ज. 'सहिद' कस्ता व्यक्तिलाई भनिन्छ ?
झ. ४ सहिदको नाम लेख्नुहोस् ।
ञ. "सहिद अमर हुन्छन् " यसको अर्थ के हो ?

२. **खाली ठाउँ भर्नुहोस् :** ५

क छुवाछुत गर्नु सामाजिक ................. हो । (दायित्व , अपराध)
ख. किसानलाई ............ चाहिन्छ ( हलो , किताव )
ग. धर्मभक्त माथेमा ............... सालमा जन्मिएका हुन् । (१९५०,१९६५)
घ. ............... लाई सिफलमा मारिएको हो । ( शुक्रराज , धर्मभक्त )
ङ. नेपालको राजधानी ................ हो । ( काठमाण्डौं , दिल्ली )

३. **तलका वाक्य ठिक भए ( ✓ ) , वेठिक भए ( X ) लेख्नुहोस् ।** ५

क. राजेन्द्रलक्ष्मी को ससुरा पृथ्वीनारायण शाह हुन् ।
ख. भारतको क्षेत्रफल ९५७२००० बर्ग किलो मिटर छ ।
ग. चिनको राजधानी वेइजिङ्ग हो ।
घ. सुक्रराज सास्त्री रामेछापमा जन्मिएका हुन् ।
ङ दसरथ चन्दको जन्म वि.सं. १९६० सालमा भएको हो ।

४. **जोडा मिलाउनुहोस् ।** ५

| | |
|---|---|
| शिक्षक | गाई |
| राष्ट्रिय जनावर | औषधी |
| विरामी | विद्यालयमा पढाउने व्यक्ति |
| नेपाल | सावुन |
| धोवी | देश |

५. **बाल अधिकार भनेको के हो ? ति के के हुन् ? लेख्नुहोस् ।** १५
६. **नेपालमा रहेका चौध अञ्चलको नाम लेख्नुहोस् ।** १५
७. **तपाइको एक जना साथीलाई आफ्नो स्कुलको व्याख्या गर्दै पत्र लेख्नुहोस्** १०
८. **तपाइलाई मन पर्ने फूलको चित्र बनाई रङग भर्नुहोस् ।** १०

**समाप्त**